सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

३ भदौ २०८३, बुधबार (19 Aug 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## महाधिवेशनमा होमियो कांग्रेस



देउवा समूहले महाधिवेशन प्रक्रिया रोक्नुपर्ने माग गरिरहेका वेला परिमार्जन भयो कार्यतालिका, सभापति थापाको संयोजकत्वमा महाधिवेशन समिति गठन

● सभापति गगन थापाले भने- **केही नेताहरू असन्तुष्ट हुनुहुन्छ, सहमतिका लागि निरन्तर संवादमा छु**

(विस्तृत पृष्ठ ३)

## राष्ट्रिय सेनाप्रतिको दृष्टिकोण



अग्रलेख

● नारायण अधिकारी

सेनालाई संवैधानिक दायरामा उभ्याउनुपर्छ, कमजोर भए बलियो बनाउनुपर्छ, पेसेवर नभए पेसेवर बनाउनुपर्छ, तर राजनीतिक स्वार्थको घेराबन्दीबाट मुक्त राख्नुपर्छ

(पृष्ठ ४)

## घट्यो सिमेन्ट निर्यात




**०८२/८३ मा २ अर्ब ४ करोड ७९ लाखको सिमेन्ट निर्यात**

भारतीय गुणस्तर चिह्न प्राप्ति तथा नवीकरणमा ढिलाइ हुँदा आव ०८२/८३ मा सिमेन्टको निर्यात १८ करोडले घट्यो

(विस्तृत पृष्ठ ६)

## कर्नर किक

● रवि मिश्र




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

### सवा २६ अर्ब ऋण काढेर बनाइएका पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

# विमानस्थलकै आम्दानीबाट ऋण तिर्ने सम्झौता, उडानै नभएपछि केन्द्रीय कोषबाट तिर्दै प्राधिकरण

### चिनियाँ बैंकलाई पोखरा विमानस्थलको झन्डै १६ अर्ब र एडिबीलाई गौतमबुद्धको सवा चार अर्ब ऋण तिर्न बाँकी



● **ज्ञानेन्द्र भुल,** सूचना अधिकारी, नागरिक उड्डयन प्राधिकरण

ऋण सम्झौताअनुसार सम्बन्धित परियोजनाले नै कमाएर किस्ता तिर्नुपर्ने हो, तर त्यो सम्भव भएन । अहिले प्राधिकरणको केन्द्रीय कोषबाटै सक्नेजति रकम भुक्तानी भइरहेको छ । यो पनि नियमित गर्न गाह्रो भएको छ । अन्तर्राष्ट्रिय उडान हुन नसकेको अवस्थामा ऋण तिर्न अब वैकल्पिक उपाय निकाल्नुपर्छ ।

**■ भैरहवामा आएका अन्तर्राष्ट्रिय कम्पनी यात्रु नपाएर फर्किए, पोखरामा चार्टर उडान मात्रै**

## ■ किन चलेनन् विमानस्थल, के हुन सक्छ समाधान ?





**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

भैरहवाको गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि सवा २६ अर्ब ऋण लिँदा नै सम्झौतामा उल्लेख थियो, 'विमानस्थलहरूले नै कमाएर ऋण तिर्ने ।' तर, उद्घाटन भएको चार वर्ष भइसक्दा पनि नियमित उडान नभएपछि आम्दानी गर्न नसकेका दुवै विमानस्थलको ऋणको किस्ता नागरिक उड्डयन प्राधिकरणले आफ्नो कोषबाटै तिरिरहेको छ ।

जबकि प्राधिकरणको कोष पनि विभिन्न विमानस्थलबाट हुने आम्दानीले मात्रै होइन, सरकारबाट पाउने बजेट र सरकारसँग ऋण लिएर चलेको छ । ०८१/८२ मा मात्रै सरकारसँग एक अर्ब ६० करोड ऋण लिएको प्राधिकरणले सोही वर्षसम्म सरकारसँग लिएको कुल ऋण ३६ अर्ब ४१ करोड ७० लाख रुपैयाँ पुगेको छ । सरकारले बाह्य खाता (अन्तर्राष्ट्रिय ऋण तथा अनुदान)बाट ३५ अर्ब ४८ करोड १० लाख र आन्तरिक खाताबाट ९३ करोड ६० लाख ऋण दिएको हो । प्राधिकरणले भाका नाघिसकेको मात्रै साावाँ र ब्याज गरी १६ अर्ब ९६

» पृष्ठ २ मा क्रमशः

### कारण १ | सहज रुटको अभाव

नेपालमा उत्तरतर्फ संखुवासभामाथिबाट अन्तर्राष्ट्रिय उडान आगमन र प्रस्थान गर्न सक्छन् । दक्षिणतर्फ भारतले झापा, सिमरा, महेन्द्रनगरलगायत ठाउँबाट हवाईमार्ग सञ्चालन गर्न दिएको छ । यसमा पनि ८० प्रतिशत उडान सिमरामाथिबाट हुन्छ । त्रिभुवन विमानस्थलका लागि सिमरा उपयुक्त भए पनि पोखरा र भैरहवाका लागि भने छैन । पोखरा र भैरहवाका लागि सिमरामाथिबाट आउजाउ गर्दा औसत २० मिनेट बढी समय लाग्छ । यसले लागत बढाउँछ । भैरहवामाथिबाटै उडानको व्यवस्था मिलाउन सके धेरै सहज हुन्थ्यो, तर भारतसँग कूटनीतिक पहल गर्न सकेको छैन । जानकारहरूका अनुसार विमानस्थल निर्माण गर्नुअघि नै हवाई रुटका विषयमा छिमेकी मुलुकसँग कूटनीतिक पहल गर्नुपर्थ्यो ।

प्राधिकरणका पूर्वमहानिर्देशक राजकुमार क्षेत्री पोखरा र भैरहवा विमानस्थल नचल्नुको एक कारण सहज रुटको अभाव रहेको बताउँछन् । 'गोरखपुर हुँदै भैरहवामाथिबाट एयर रुट पाउन सकियो भने तीन मिनेटमै भैरहवा र १०-१५ मिनेटमा पोखरामा ल्यान्ड गर्न सकिन्छ । तर, सिमराबाट मात्रै नेपाल प्रवेश गर्नुपर्ने बाध्यता छ, जहाँबाट भैरहवा र पोखरा पुग्न २० मिनेट लाग्छ । अन्तर्राष्ट्रिय उडानमा २० मिनेट भनेको धेरै समय हो, यसले लागत बढाउँछ,' उनले भने, 'सरकारले भारतसँग उच्चस्तरीय पहल गरेर एयर रुट थप गर्नुपर्छ । दुवै विमानस्थल चिनियाँ कम्पनीले निर्माण गरेकाले पनि नयाँ रुट दिन भारतले आनाकानी गरेको हुन सक्छ ।'

### कारण २ | 'इको सिस्टम'मा छैनन् विमानस्थल

भैरहवा र पोखराका दुवै विमानस्थलमा अन्तर्राष्ट्रिय स्तरको 'इको सिस्टम' छैन । अन्तर्राष्ट्रिय विमानस्थलमा हुनुपर्ने भन्सार, अध्यागमन र क्वारेन्टिनको पूर्ण सुविधा दुवैमा विकास भइसकेको छैन । विमानस्थलआसपासमा बाहिरिने र भित्रिने यात्रुलाई भिसा, श्रम स्वीकृति, पासपोर्टलगायत सुविधा हुनुपर्छ, जुन छैन । 'यात्रुका लागि चाहिने सबै सेवा-सुविधाजति काठमाडौंमा मात्रै छ, अनि उडान गर्न पोखरा र भैरहवा किन जान्छ ?' प्राधिकरणका एक अधिकारीले भने ।

### कारण ३ | वैदेशिक रोजगारी र अध्ययनमा जानेलाई पनि छैनन् सुविधा

अन्तर्राष्ट्रिय उडानमा सबैभन्दा धेरै यात्रु वैदेशिक रोजगारी र अध्ययनमा जानेहरू नै हुन्छन् । तर, नेपाली कामदार तथा विद्यार्थीलाई आवश्यक पर्ने पासपोर्ट, भिसा, म्यानपावर, श्रम स्वीकृति, स्वास्थ्य परीक्षण, एनओसीलगायत सुविधा काठमाडौंकेन्द्रित छन् । भैरहवा र पोखरामा यी सुविधा नहुँदा यहाँ अन्तर्राष्ट्रिय उडानको माग बढ्न नसकेको प्राधिकरणका पूर्वमहानिर्देशक क्षेत्री बताउँछन् ।

'हाम्रो हकमा अन्तर्राष्ट्रिय उडानका लागि ठुलो मार्केट वैदेशिक रोजगारी र अध्ययनका लागि जाने नै हो । तर,

» पृष्ठ २ मा क्रमशः

# रेडक्रसको गोदामका लागि जग्गा खरिदमा एक करोड ठगी

## पूर्वअध्यक्ष सञ्जीव थापासहित पाँच पक्राउ

● सिआइबीको हालसम्मको अनुसन्धानअनुसार रेडक्रस सोसाइटीले भक्तपुर क्षेत्रमा गोदाम घर बनाउन ५ रोपनी १३ आना ३ पैसा जग्गा खरिदका लागि २२ भदौ ०७३ मा टेन्डर आह्वान गरेको थियो । जसअनुसार भक्तपुरका राजेश देशमरूले चाँगुनारायणमा रहेको सोही परिमाणको जग्गा पाँच करोड ५६ लाख ३१ हजार २ सयमा उपलब्ध गराउने प्रस्ताव पेस गरे । अध्यक्ष सञ्जीव थापाले राजेशकै प्रस्ताव स्वीकृत गरेका थिए ।

● जग्गा खरिदबापत राजेशको कमलविनायकस्थित नेपाल बैंकको खातामा ६ करोड ३२ लाख ८१ हजार २२५ रुपैयाँ जम्मा गरिएको थियो । पछि फेरि जग्गा पासखर्च भनेर त्यही खातामा थप २८ लाख ४७ हजार ६२५ रुपैयाँ जम्मा गरिदिएको भेटिएको छ । तर, खासमा राजेश जग्गाधनी नभएर दलाल थिए ।

**■ खरिद गरिएको जग्गा पनि प्रस्तावभन्दा झन्डै सात आना कम रहेको पनि अनुसन्धानबाट खुलेको छ**

**टेकराज थामी**/नयाँ पत्रिका

रेडक्रस सोसाइटीको भक्तपुरस्थित गोदाम भवनका लागि जग्गा खरिद गर्दा ठगी गरेको आरोपमा नेपाल प्रहरीले पूर्वअध्यक्ष सञ्जीव थापासहित पाँचजनालाई पक्राउ गरेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनीहरूलाई मंगलबार काठमाडौं र भक्तपुरका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।



सञ्जीव थापा

सिआइबीका अनुसार पक्राउ पर्नेमा पूर्वअध्यक्ष थापासहित भक्तपुरको मध्यपुरथिमी नगरपालिका-३, निकोसेराका ५२ वर्षीय राजेश देशमरू, नुवाकोटको समुद्रटारका ५७ वर्षीय उमेशप्रसाद ढकाल, भक्तपुरको चाँगुनारायण नगरपालिका- ५ का ५८ वर्षीय मदनकृष्ण फोजू र बालाजुका ६७ वर्षीय इन्द्रबहादुर केसी छन् ।

» पृष्ठ २ मा क्रमशः

# नेपाली दूतावासका छैनन् भवन, वार्षिक एक अर्ब ३९ करोड भाडामै खर्च

विभिन्न देशमा नेपाली दूतावास र महावाणिज्य दूतावास गरी ४४ कूटनीतिक नियोग, **तीमध्ये ३३ को भवन तथा कर्मचारी आवास भाडामा, परराष्ट्र मन्त्रालयको कुल बजेटको करिब १७% भाडा तिर्नमै खर्च**

### खाडी मुलुकका दूतावास तथा महावाणिज्य दूतावास सबै भाडामा

**पश्चिम जर्मनीको बोनस्थित नेपाली दूतावासका दुई घर र जमिन अलपत्र । भवन, पहरा, विद्युत् र पानीमा वार्षिक आठ हजार युरोभन्दा बढी खर्च**

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

विदेशस्थित नेपाली दूतावास तथा राजदूतसहित कर्मचारीका आवासका लागि आफ्नै भवन नहुँदा परराष्ट्र मन्त्रालयको बजेटको ठुलो हिस्सा घरभाडामै खर्च हुने गरेको छ । सरकारले गत आर्थिक वर्षमा दूतावास तथा कर्मचारी आवास भाडाबापत एक अर्ब ३९ करोड ३६ लाख रुपैयाँ खर्च गरेको छ । यो परराष्ट्र मन्त्रालयका लागि विनियोजित कुल बजेटको करिब १७

» पृष्ठ २ मा क्रमशः



**■ भाडामा रहेका दूतावास :** अस्ट्रेलिया, इजरायल, जापान, दक्षिण कोरिया, क्यानडा, म्यानमार, रुस, युएई, साउदी अरब, बहराइन, ओमान, इजिप्ट, कुवेत, कतार, जेनेभा, श्रीलंका, स्पेन, पाकिस्तान, पोर्चुगल, दक्षिण अफ्रिका, डेनमार्क, ब्राजिल, अस्ट्रिया, बेल्जियम र मलेसिया

**■ भाडामा रहेका वाणिज्य दूतावास :** अमेरिकाका न्युयोर्क, डालस, सान फ्रान्सिस्को, चीनका हङकङ, छेन्दु, ग्वान्जाओ, साउदी अरबको जेद्दा र युएईको दुबई

**■ ६ देशमा जग्गा खरिद, तीनमा भवन बनाइँदै :** पाकिस्तानको इस्लामाबाद, साउदी अरबको रियाद, श्रीलंकाको कोलम्बो, मलेसियाको क्वालालम्पुर, ओमानको मस्कट, अस्ट्रेलियाको क्यानबेरामा नेपाली नियोग र राजदूत निवासका लागि जग्गा खरिद गरिएको छ । तीमध्ये अस्ट्रेलिया, साउदी अरब र थाइल्यान्डमा चान्सरी (कार्यालय) तथा आवासीय भवन निर्माणका लागि प्रक्रिया अघि बढाइएको परराष्ट्रमन्त्री शिशिर खनालले बताए ।

**■ आफ्नै भवनमा रहेका दूतावास :** भारत, चीन, अमेरिका, बंगलादेश, जर्मनी, फ्रान्स, बेलायत, थाइल्यान्ड र न्युयोर्कस्थित राष्ट्रसंघीय स्थायी नियोग कार्यालय, भारतको कोलकाताको नेपाली महावाणिज्य दूतावास आफ्नै भवनमा छ । ल्हासास्थित महावाणिज्य दूतावास भने चीनले सौजन्यमा दिएको हो ।

**■ यो वर्षदेखि बन्द हुने नियोगहरू :** दक्षिण अफ्रिका, डेनमार्क र ब्राजिलका दूतावास तथा अमेरिकाको सान फ्रान्सिस्को र चीनको छेन्दुस्थित महावाणिज्य दूतावास



JOIN
THE EV REVOLUTION !

EXCITING CAREER OPPORTUNITIES AT DIRECT SOLUTION PVT. LTD.

Direct Solution Pvt. Ltd. Growing up in the exciting world of Electric Vehicles (EVs) is looking for passionate, energetic and ambitious individuals to join our sales team.

SALES MANAGER - EV CARS & SCOOTERS

**1 Position :** Are you an experienced sales professional with strong leadership and customer-handling skills? Lead our EV sales team and drive our growth!
We are looking for:

- Fluency in English and chinese language is preferable
- 3+ years of relevant sales experience preferred
- Strong leadership and team-management skills
- Excellent communication and negotiation abilities
- Target-driven and result-oriented personality
- Experience in automobile/EV sales will be an advantage

SALES EXECUTIVES / SALESMEN – EV CARS & SCOOTERS

**5 Positions | 2 Position Reserved for Female Candidate**
**We want enthusiastic people who can:**

- Connect with customers and understand their needs
- Promote and sell our EV cars and scooters
- Achieve sales targets and earn attractive incentives
- Build strong and lasting customer relationships
- Interest/knowledge in electric vehicles is an advantage
- **Minimum Qualification:** +2 or equivalent
- **Experience:** Freshers with strong communication skills are also encouraged to apply.

- WHAT WE OFFER
- Attractive Salary
- Performance-Based Incentives
- Career Growth Opportunities
- Opportunity to Work in the Fast-Growing EV Industry
- Friendly & Professional Work Environment

READY TO DRIVE YOUR CAREER FORWARD

Interested candidates are requested to forward their updated CV to
***directsolutionnp@gmail.com*** **Call/WhatsApp: 9801040767**
Application Deadline: 31st August 2026

**Direct Solution Pvt. Ltd**
Hattisar, Kathmandu

## विमानस्थलकै...

पृष्ठ १ बाट क्रमशः

करोड ८० लाख सरकारलाई तिर्नु छ। सरकार आफैँ ठुलो अन्तर्राष्ट्रिय ऋणमा चल्न बाध्य छ। यसरी ऋण लिएर ऋण तिर्नुपर्ने अवस्था गौतमबुद्ध र पोखरा विमानस्थलको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न चीनको एक्सपोर्ट-इम्पोर्ट बैंकबाट २० अर्ब ७५ करोड ३० लाख ऋण लिइएको थियो। प्राधिकरणले अहिलेसम्म तीन अर्ब ७८ करोड ५४ लाख सावाँ र एक अर्ब तीन करोड ५९ लाख ब्याज भुक्तानी गरेको छ। अब १६ अर्ब ९६ करोड ७६ लाख ऋण तिर्न बाँकी छ। त्यस्तै, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बनाउन एसियाली विकास बैंक (एडिबी)सँग दुई चरणमा पाँच प्रतिशत ब्याजदरमा पाँच अर्ब ६१ करोड २३ लाख ऋण लिइएको थियो। प्राधिकरणले अहिलेसम्म केन्द्रीय कोषबाट एक अर्ब ३० करोड नौ लाख र ब्याज ८७ करोड ५२ लाख भुक्तानी गरेको छ। अब एडिबीलाई चार अर्ब ३१ करोड १४ लाख ऋण तिर्न बाँकी छ।

दुवै परियोजनामा सञ्चालन आम्दानीबाटै ऋण तिर्ने सम्झौता भए पनि अपेक्षाकृत आम्दानी नभएपछि प्राधिकरणकै केन्द्रीय कोषबाट किस्ता तिरिरहेको नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। तर, केन्द्रीय कोषबाट पनि नियमित किस्ता तिर्न नसकिएको उनको भनाइ छ। 'ऋण सम्झौताअनुसार सम्बन्धित परियोजनाले नै कमाएर किस्ता तिर्नुपर्ने हो, तर त्यो सम्भव भएन,' भुलले भने, 'अहिले प्राधिकरणको केन्द्रीय कोषबाटै सक्ने जति रकम भुक्तानी भइरहेको छ। यो पनि नियमित गर्न गाह्रो भएको छ। अन्तर्राष्ट्रिय उडान हुन नसकेको अवस्थामा ऋण तिर्न अब वैकल्पिक उपाय निकाल्नुपर्छ।'

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २ जेठ ०७९ र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल १७ पुस ०७९ मा उद्घाटन गरिएका थिए। तर, हालसम्म यी विमानस्थलमा अन्तर्राष्ट्रिय उडान निराशाजनक छ। केही एयरलाइन्सले केही सीमित उडान गरे पनि अहिले दुवै विमानस्थलमा अन्तर्राष्ट्रिय उडान ठप्प छ। यतिसम्म कि आकर्षक छुट प्याकेज दिँदा पनि अन्तर्राष्ट्रिय एयर कम्पनीहरूले उडानमा चासो नै देखाएका छैनन्। अन्तर्राष्ट्रिय विमान कम्पनीहरूले उडानमा अनिच्छा देखाएपछि नै सरकारले दुवै विमानस्थलमा ०८५ भदौसम्म पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्कमा पूर्ण छुट दिने निर्णय गरेको थियो। त्यस्तै, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा पनि ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ।

यी यावत् कारणले दुवै विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनलतर्फ कुनै आम्दानी छैन। विमानस्थलको वार्षिक खर्च र आम्दानी हेर्दा, खर्चभन्दा आम्दानी नै केही बढी देखिन्छ, तर त्यो राष्ट्रिय उडानअन्तर्गतको हो। दुवै विमानस्थलबाट राष्ट्रिय उडान पनि हुन्छ। ०७८/७९ देखि ०८२/८३ सम्म पोखरा विमानस्थलमा ६१ करोड २० लाख खर्च भएकोमा एक अर्ब ४४ करोड १९ लाख आम्दानी भएको तथ्यांक छ भने सोही अवधिमा गौतमबुद्ध विमानस्थलमा ७४ करोड ११ लाख खर्च भएकोमा एक अर्ब नौ करोड ६२ लाख आम्दानी भएको छ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता कुमार सुजाखू हाल भइरहेको आम्दानीको स्रोत राष्ट्रिय उडान नै भएको बताउँछन्। 'विमानस्थलमा जति आम्दानी भएको छ, सबै राष्ट्रिय उडानबाटै हो। अन्तर्राष्ट्रियतर्फबाट कुनै कमाइ छैन। अन्तर्राष्ट्रिय उडान भए पनि विभिन्न छुट दिइएकाले आम्दानी हुँदैन,' उनले भने।

०७२/७३ मा निर्माण थालिएको भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा जग्गा प्राप्तिसहित ३५ अर्ब खर्च भएको छ भने ०३९ देखि जग्गा अधिग्रहण सुरु गरेर ०७४/७५ देखि निर्माण अघि बढाइएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनाउँदा २५ अर्ब ३४ करोड सकिएको छ। दुवैलाई राष्ट्रिय गौरवको योजनामा राखेर बनाइएको थियो।

गौतमबुद्ध विमानस्थलका लागि एडिबीसँग दुई चरणमा गरेर पाँच प्रतिशत ब्याजदरमा ऋण लिइएको थियो। ११ जेठ ०६७ मा ५४ लाख १० हजार डलर र ८२ लाख ३४ हजार एसडिआर ऋण सम्झौता गरिएको थियो। आठ वर्ष ग्रेस अवधिसहित ३२ वर्षमा यो ऋण चुक्ता गर्नुपर्छ। त्यस्तै, ५ जेठ ०७१ मा थप एक करोड ९४ लाख ८७ हजार एसडिआर ऋण सम्झौता भएको थियो। आठ वर्ष ग्रेस अवधिसहित यसको पनि ऋण भुक्तानी अवधि ३२ वर्ष छ। समग्रमा विभिन्न मितिमा यसअन्तर्गत पाँच अर्ब ६१ करोड २३ लाख ४३ हजार रुपैयाँ ऋण लिइएको थियो। त्यसमा हालसम्म एक अर्ब ३० करोड नौ लााख नौ हजार सावाँ र ८७ करोड ५२ लाख ८० हजार ब्याज भुक्तानी भएको छ। अब चार अर्ब ३१ करोड १४ लाख ३३ हजार ऋण तिर्न बाँकी छ।

त्यस्तै, पोखरा विमानस्थलका लागि चीनको एक्सपोर्ट-इम्पोर्ट बैंकसँग ८ चैत ०७२ मा एक अर्ब ३७ करोड ८७ लाख ४० हजार आरएमबी (चिनियाँ युयान) सम्झौता भएको थियो। पाँच प्रतिशत नै ब्याजदर तोकिएको यो ऋण भुक्तानी अवधि सात वर्ष ग्रेस अवधिसहित २० वर्ष छ। विभिन्न मितिमा गरी २० अर्ब ७५ करोड ३० लाख ६१ हजार रुपैयाँ ऋण लिइएकोमा हालसम्म प्राधिकरणले तीन अर्ब ७८ करोड ५४ लाख १६ हजार रुपैयाँ सावाँ र एक अर्ब तीन करोड ५९ लाख ८३ हजार रुपैयाँ ब्याज भुक्तानी गरेको छ। अब १६ अर्ब ९६ करोड ७६ लाख ४४ हजार रुपैयाँ तिर्न बाँकी छ।

चिनियाँ ऋणलाई अनुदानमा रूपान्तरण गर्न अर्थ मन्त्रालयमा प्रस्ताव गरे पनि पूर्णता नपाएको प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। 'विमानस्थलमा विभिन्न छुट दिइएको छ। तर, ऋण पनि तिर्न परेको छ। यो अलि मिलेको छैन,' उनले भने, 'तसर्थ, यसलाई अनुदानमा रूपान्तरण गर्न चीनलाई प्रस्ताव गर्न अर्थ मन्त्रालयमा अनुरोध गरेका छौँ,' उनले भने।

### भैरहवामा आएका अन्तर्राष्ट्रिय कम्पनी यात्रु नपाएर फर्किए, पोखरामा चार्टर उडान मात्रै

गौतमबुद्ध विमानस्थल उद्घाटन हुनासाथ जजिरा एयरवेजले ०७९ भदौदेखि दैनिक रूपमा उडान थाल्यो। तर, यात्रु नपाएपछि असोजदेखि नै सातामा तीन उडान सीमित गर्‍यो। सोही वर्ष पुसमा पुग्दा उडान नै रोक्यो। तर, फागुनदेखि फेरि सुरु गरेको उडान ०८० वैशाखमै बन्द गर्‍यो। जजिराले ०८१ कात्तिकमा गौतमबुद्ध विमानस्थलमा पुनः उडान थालेकोमा चार महिनापछि ०८१ चैतदेखि रोक्यो। त्यसपछि अहिलेसम्म उडान गरेको छैन।

त्यस्तै, थाई एयर एसियाले पनि ०८१ कात्तिकदेखि सातामा दुई दिन बैंकक उडान गर्न थाल्यो। तर, पाँच महिनामै अर्थात् चैतमा रोकियो। ०८२ कात्तिकबाट पुनः उडान थालेको थाईले ०८२ चैतसम्म सेवा दियो, त्यसपछि भने फर्किएको छैन।

फ्लाई दुबईले पनि ०८१ कात्तिकदेखि दुबई-भैरहवा-काठमाडौं-दुबई गरेर दैनिक उडान थाल्यो। तर, सोही वर्ष चैतदेखि सेवा दिन छाड्यो। कतार एयरवेजले पनि ०८१ कात्तिकदेखि नै दोहा-भैरहवा-काठमाडौं-दोहा दैनिक उडान थाल्यो, तर मंसिरमै रोकियो।

राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सले ०८० जेठदेखि भैरहवाबाट मलेसिया उडान थालेको थियो भने नेपालकै हिमालयन एयरलाइन्सले पनि ०७९ कात्तिकदेखि मलेसिया उडान थालेको थियो, तर दुवैले निरन्तरता दिएनन्।

यो विमानस्थलमा आगमन र प्रस्थान गरी सन् २०२२ मा २८२, ०२३ मा ६९, ०२४ मा २९५, ०२५ मा २४७ र ०२६ मेसम्म ६३ उडान भएका छन्। उडान थालेका कुनै पनि वायुसेवा कम्पनीले निरन्तरता नदिएपछि ठुलो खर्चमा निर्माण गरिएको विमानस्थल संकटमा छ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका कार्यवाहक महाप्रबन्धक श्यामकिशोर शाह यात्रुको अभावकै कारण अन्तर्राष्ट्रिय विमान कम्पनीले नियमित उडान गर्न नसकेको बताए। 'विगतमा केही अन्तर्राष्ट्रिय उडान गरे, तर यात्रु कम भएको उनीहरूको गुनासो थियो, अहिले अन्तर्राष्ट्रिय उडान ठप्प छ,' उनले भने, 'जजिरा एयरवेजले त आफैँ पनि मार्केटिङ गरेर सेवा विस्तारमा जोड दिएको थियो, तर निरन्तरता दिन सकेन। यहाँका स्थानीय ट्राभल एजेन्सीले पनि प्रचारप्रसार बढाउन सकेनन्।'

शाहले विमानस्थलको क्षेत्राधिकार यात्रुको सेवा-सुविधामा मात्रै सीमित भएको गुनासो पनि गरे। 'हाम्रो क्षेत्राधिकार नै सीमित छ। हाम्रो मुख्य काम यात्रुको सेवा-सुविधा तथा सुरक्षामा केन्द्रित छ। यसमा तयार नै छौँ,' उनले भने, 'उडान थप्ने, प्रवर्द्धन गर्ने काम केन्द्रीय कार्यालयबाटै हुन्छ। अन्तर्राष्ट्रिय उडानका लागि केन्द्रीय कार्यालयबाटै प्रयासहरू भइरहेको होला कि !'

पोखरा विमानस्थलमा पनि नियमित उडान छैनन्, चार्टर उडान मात्रै भएका छन्। ६ असार ०८० मा चीनको सिचुवान एयरलाइन्सले छेन्दु-पोखरा चार्टर उडान गरेको थियो। सोही वर्ष २३ भदौमा घुटानको डुक एयरले पनि चार्टर उडान गरेको थियो, यो नै पोखराबाट भएको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान थियो। सोही वर्ष २२ कात्तिकमा चिनियाँ सेनाका दुई कार्गो विमान आएका थिए भने ७ मंसिरमा हिमालयन एयरलाइन्सले कुनमिङ-पोखरा चार्टर उडान गर्‍यो।

२२ कात्तिक ०८१ मा सिचुवान एयरले कुमनिङ-पोखरा चार्टर उडान गरेको थियो भने सोही वर्ष १३ मंसिरमा भारतबाट निजी जेट आएको थियो। भारतबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भएको त्यो नै पहिलो उडान थियो। त्यस्तै, ११ पुसमा पूर्ण क्षमतामा १२९ यात्रु बोकेर आएको सिचुवान एयरले सोही वर्ष चैतमा व्यावसायिक चार्टर उडान पनि गरेको थियो। ०८१ चैतदेखि नै हिमालयन एयरलाइन्सले ल्हासा-पोखरा सातामा एक उडान सुरु गर्‍यो, तर निरन्तरता पाउन सकेन। ७ असाउ ०८२ मा सिचुवान एयरकै र सोही वर्ष २ मंसिरमा भुटान एयरलाइन्सको चार्टर उडान भए। त्यसयता पोखरामा कुनै पनि अन्तर्राष्ट्रिय उडान भएको छैन।

आगामी ७ असोजदेखि भने पोखरामा फ्लाई दुबईले नियमित उडान गर्ने तयारी गरेको छ। दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति लिइसकेको कम्पनीले टिकट बुकिङ पनि खुला गरिसकेको छ।

## रेडक्रसको...

पृष्ठ १ बाट क्रमशः

रेडक्रस सोसाइटीको गोदाम भवनका लागि जग्गा खरिदमा ठगी भएको देखिएपछि उनीहरूलाई पक्राउ गरिएको सिआइबीका प्रवक्ता एसएसपी अनुपमशमशेर जबराले बताए। 'भक्तपुरमा रहेको रेडक्रस सोसाइटीको गोदाम भवनका लागि आवश्यक जग्गा खरिद गर्ने क्रममा ठगी गरेको भेटिएपछि पूर्वअध्यक्ष थापासहित पाँचजनालाई पक्राउ गरिएको छ। घटनाबारे अनुसन्धान भइरहेको छ,' उनले भने।

हालसम्मको अनुसन्धानअनुसार सोसाइटीले भक्तपुर क्षेत्रमा गोदाम घर बनाउन ५ रोपनी १३ आना ३ पैसा जग्गा खरिदका लागि २२ भदौ ०७३ मा टेन्डर आह्वान गरेको थियो। जसअनुसार भक्तपुरका राजेश देशमरूले चाँगुनारायणमा रहेको सोही परिमाणको जग्गा पाँच करोड ५६ लाख ३१ हजार २ सयमा उपलब्ध गराउने प्रस्ताव पेस गरे। जुन वेला रेडक्रसका अध्यक्ष थापा थिए। थापाले उनकै प्रस्ताव स्वीकृत गरेका थिए।

प्रस्ताव स्वीकृतअनुसार जग्गा खरिदका लागि राजेशको कमलविनायकस्थित नेपाल बैंकको खातामा ६ करोड ३२ लाख ८१ हजार २२५ रुपैयाँ जम्मा गरिएको थियो। पछि फेरि जग्गा पास खर्च भनेर त्यही खातामा थप २८ लाख ४७ हजार ६ सय २५ रुपैयाँ जम्मा गरिदिएको भेटिएको छ। तर, खासमा राजेश जग्गाधनी नभएर दलाल थिए।

मालपोत कार्यालय भक्तपुरको रेकर्डअनुसार रेडक्रसले उक्त जग्गा राम दुवाल, हरिराम सकुपायो र जगमाया दुवालको नामबाट नामसारी गरेको देखिन्छ। रेडक्रसका अध्यक्ष थापाकै मिलेमतोमा कबुल गरेकोभन्दा एक करोड ४ लाख ९७ हजार ६५० रुपैयाँ बढी बिचौलिया राजेशको खातामा जम्मा गरिएको थियो। सोही रकम ठगी भएको सिआइबी अनुसन्धानमा पाइएको छ।

त्यस्तै, खरिद गरिएको जग्गा प्रस्तावभन्दा झन्डै सात आना कम रहेको पनि अनुसन्धानबाट खुलेको छ। प्रस्तावमा राजेशले ५ रोपनी १३ आना ३ पैसा जग्गा उपलब्ध गराउने भनेको भए पनि खरिद गरिएको जग्गा पुनः नापी गर्दा ५ रोपनी ६ आना २ पैसा १ दाम मात्रै रहेको खुलेको छ।

जग्गा खरिदमा मात्रै होइन, चिनियाँ रेडक्रस सोसाइटीको ११ करोड सहयोगमा चाँगुनारायणमा गोदामघर निर्माण गर्दा पनि रेडक्रसका पदाधिकारीले तीन करोडको 'डिल' गरेको भेटिएको छ। मिलेमतोमा रुचाइएको ठेकेदार कम्पनीलाई निर्माणको जिम्मा दिन सार्वजनिक खरिद ऐन नै कुल्चिएको छ। 'लामा कन्स्ट्रक्सनलाई ठेक्का नपर्ने भएपछि टेन्डर नै रद्द गरेर दोस्रोपटक आह्वान गरियो। यसपटक भने लामालाई नै ठेक्का दिइयो। यो ठेक्कामा रेडक्रसका पदाधिकारी र ठेकेदारबिच करिब तीन करोडको लेनदेन भएको बुझिन्छ,' छानबिन प्रतिवेदनमा छ।

### पटकपटकका छानबिनमा भेटिएको छ बदमासी

जग्गा खरिदमा अनियमितता भएको विषय सतहमा आएपछि समाज कल्याण परिषद्ले राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य मीनबहादुर शाहीको संयोजकत्वमा छानबिन भएको थियो। छानबिनमा भवन र जग्गा खरिदमा तलमाथि भएको देखाइएको थियो। यसबाहेक दातृ निकायबाट प्राप्त १५ अर्ब ८७ करोड ९० लाख ४१ हजार सात सय २४ रुपैयाँ सहयोगसमेत नेपाल सरकारको स्वीकृतिविना खर्च गरेको छानबिनमा औँल्याएको थियो।

'सोसाइटीले प्राप्त वैदेशिक सहयोग १५ अर्ब ९५ करोड ६ लाख २६ हजार चार सय २६ रुपैयाँमध्ये १५ अर्ब ६१ करोड १८ लाख सात हजार तीन सय ७४ रुपैयाँ खर्च भएको, त्यसमध्ये समाज कल्याण परिषद्बाट सात करोड १५ लाख ८४ हजार सात सय दुई रुपैयाँको मात्रै स्वीकृति लिएको देखिन्छ,' छानबिन प्रतिवेदनमा छ। यो समाज कल्याण ऐन, ०४९ र नियमावली, ०४९ विपरीत छ। ऐन र नियमावलीअनुसार जुनसुकै गैरसरकारी संस्थाले सहयोग लिनुपूर्व परिषद्को स्वीकृति लिनुपर्ने हुन्छ।

गोदामघर निर्माणका लागि जग्गा खरिदमा भएको अनियमितताबारे जिल्ला प्रशासन कार्यालय काठमाडौंले पनि छानबिन गरेको थियो। जसमा पनि अनियमितताको विषय उठाइएको छ।

त्यस अघि डा. होमनाथ चालिसेको संयोजकत्वमा बनेको छानबिन समितिले भूकम्पपछिको पुनर्निर्माणमा रेडक्रसलाई प्राप्त आठ अर्ब रुपैयाँको सहयोगमा समेत भ्रष्टाचार भएको औँल्याएको थियो। समितिले रेडक्रसका तत्कालीन पदाधिकारीले कानुनविपरीत प्रत्येक महिना तलब बुझ्ने गरेको भन्दै कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको थियो।

रेडक्रसभित्रको भ्रष्टाचारलाई लिएर त्यसअघि संसद्को तत्कालीन राज्यव्यवस्था समितिमा पनि बृहत् छलफल भयो। समितिले दोषीलाई कारबाही गर्न सरकारको नाममा निर्देशन दिएको थियो।

यस्तै, ०७१ मा समाज कल्याण परिषद्का तत्कालीन सहायक निर्देशक उमा पौडेल नेतृत्वमा, ०७५ मा परिषद्का तत्कालीन बोर्ड सदस्य लक्ष्मीकुमार पौडेल नेतृत्वमा, ०७६ मा सामुदायिक विकासविद् धनञ्जय पौडेल संयोजकत्वमा र ०७७ मा परिषद्कै कानुनविज्ञ निशा बानियाँको संयोजकत्वमा रेडक्रसमा भएको आर्थिक अनियमितता सम्बन्धमा छानबिन भएका थिए। सबै समितिले अनियमितता औँल्याएका थिए। रेडक्रसकै अन्तर्राष्ट्रिय समितिको 'स्कुपिङ मिसन'ले समेत नेपाल रेडक्रसमा भएको आर्थिक अनियमिततामा प्रश्न उठाएको थियो।

## रेडक्रसमा अनियमितताका फेहरिस्त

### सस्तो प्रस्ताव छाडेर दुई करोड महँगो प्रस्ताव सदर गर्दै भवन निर्माणको ठेक्का

प्रदर्शनीमार्गस्थित ब्लड बैंक रहेको भवन १२ वैशाख ०७२ को भूकम्पले भत्काएपछि थाइल्यान्ड सरकारले सोही स्थानमा नयाँ भवन बनाइदिने सहयोग प्रस्ताव गर्‍यो। त्यसलगत्तै रेडक्रसले १५ करोड रुपैयाँमा भवन निर्माणका लागि टेन्डर आह्वान गर्‍यो। सबैभन्दा कम मूल्य पप्पु कन्स्ट्रक्सनको परेपछि बोलपत्र नै रद्द गरियो। भ्याटसहित १८ करोड मूल्यमा भवन निर्माण गर्ने भन्दै रेडक्रसले दोस्रोपटक टेन्डर आह्वान गर्‍यो। एएनके कन्स्ट्रक्सनले २२ करोड चार लाख, लामा कन्स्ट्रक्सनले १९ करोड २४ लाख र रसुवा कन्स्ट्रक्सनले १७ करोड ४१ लाखमा भवन निर्माण गर्ने प्रस्ताव पेस गरे। तर, रेडक्रसले सार्वजनिक खरिद ऐनविपरीत कम मूल्य प्रस्ताव गरेको रसुवालाई नभएर झन्डै दुई करोड महँगो प्रस्ताव गरेको लामा कन्स्ट्रक्सनलाई ठेक्का दियो। यसमा अनियमितता भएको छानबिन समितिको ठहर छ।

### ७८ लाखको ठेक्कामा एक करोड ७० लाख भुक्तानी

रेडक्रसले अध्यक्ष सञ्जीव थापाको जन्मथलो उदयपुरको कटारीमा गोदामघर निर्माण गर्ने निर्णय गर्‍यो। जिल्ला अध्यक्ष उनकै सहोदर भाइ राजीव थापा थिए। उनले मिलेमतोमा आफन्तकै निर्माण कम्पनीलाई ७८ लाखमा भवन निर्माणको ठेक्का दिलाए। सन् २०१८ मा भवन निर्माण पूरा भयो। तर, नियमविपरीत भेरिएसन बढाएर ठेकेदार कम्पनीलाई एक करोड ७० लाख भुक्तानी गरियो। यसमा अनियमितता भएको छानबिन समितिको ठहर छ।

### सरकारले निःशुल्क दिएको जग्गा कौडीको भाउमा बेचियो

हेलेन शाह अध्यक्ष रहेका वेला सरकारले रेडक्रसलाई सुनसरीको इटहरीमा एक बिघा ११ कट्ठा जमिन निःशुल्क दियो। तर, अध्यक्ष सञ्जीव थापासहितका पदाधिकारीको मिलेमतोमा उक्त जग्गा २७ साउन ०६५ मा कौडीको भाउमा बेचियो। इटहरीको महत्त्वपूर्ण ठाउँमै रहेको जग्गा ६६ लाखमा बेचिएको थियो। खरिद गर्ने व्यक्ति अध्यक्ष थापाले खोजेका थिए। केही समयमै उक्त जग्गा प्लटिङ गरेर दुई करोड ५० लाखमा बिक्री गरिएको रेडक्रसकै पदाधिकारी बताउँछन्।

### डकर्मी उत्पादन गर्ने नाममा पनि ६ करोड भ्रष्टाचार

भूकम्पमा ध्वस्त संरचना पुनर्निर्माणका लागि एक सय ५० डकर्मीलाई तालिम दिने भन्दै रेडक्रसले ट्र्यास नेपालसँग सम्झौता गर्‍यो। सम्झौतामा प्रतिव्यक्ति सात लाख खर्च गरिने उल्लेख थियो। तर, प्रतिव्यक्ति तीन लाख मात्रै खर्च गरियो। कागजमा प्रतिव्यक्ति सात लाख नै देखाएर बाँकी करिब ६ करोड रकम अध्यक्ष सञ्जीव थापा र ट्र्यास नेपालले मिलेमतोमा हिनामिना गरेको छानबिन प्रतिवेदनमा छ।

### मापदण्ड नपुगेको ठेकेदार कम्पनीलाई सात विद्यालय भवन बनाउने ठेक्का

भूकम्पमा ध्वस्त सातवटा विद्यालय भवन निर्माण गरिदिने भन्दै रेडक्रसले शिक्षा मन्त्रालयसँग सम्झौता गर्‍यो। सम्झौताअनुसार आठ कोठाका दुईतले भवन सातवटा बनाउनुपर्ने थियो। रेडक्रसले निर्माण कम्पनी छान्न टेन्डर आह्वान गर्‍यो। तर, सातवटै भवन निर्माणको ठेक्का भने मापदण्ड नै नपुगेको ठेकेदार कम्पनी अंगेश्वर निर्माणलाई दिइयो। प्रतिभवन ५७ लाख ५६ हजारमा बनाउने कबुल गरेपछि गुणस्तरको बेवास्ता गर्दै कामको अनुभव नै नभएको कम्पनीलाई रेडक्रस पदाधिकारीले मिलेमतोमा ठेक्का दिएको छानबिन प्रतिवेदनमा छ।

### ५० लाखमा बन्ने प्रिफ्याबको स्वास्थ्य चौकी निर्माणमा ६५ लाख खर्च

५७ लाख ५६ हजार रुपैयाँमा आठ कोठाको दुईतले पक्की विद्यालय भवन बनाएको रेडक्रसले प्रिफ्याबका एकतले स्वास्थ्य चौकी बनाउँदा भने ६५ लाख खर्च गर्‍यो। भूकम्पमा ध्वस्त संरचना बनाउन भन्दै रेडक्रसले अन्तर्राष्ट्रिय दातृ निकायहरूसँग झन्डै आठ अर्ब रुपैयाँ सहयोग लियो। त्यही रकममध्येको १४ करोड ९५ लाखमा २३ वटा अस्थायी स्वास्थ्य चौकी निर्माण गर्न स्वास्थ्य मन्त्रालयसँग सम्झौता गर्‍यो। ५० लाखमा निर्माण हुने प्रिफ्याबका प्रत्येक संरचनामा ६५ लाख खर्च गरिएको छानबिन प्रतिवेदनमा उल्लेख छ। यसमा पनि ठुलो अनियमितता भएको आशंका छानबिन समितिको छ।

दाताले बनाइदिएको भवन निजी अस्पताललाई भाडामा, डेढ करोड कर तिर्न बाँकी जापान रेडक्रस सोसाइटीको सहयोगमा प्रदर्शनीमार्गस्थित ब्लड बैंकका लागि अत्याधुनिक भवन बनाइयो। तर, रेडक्रसले उक्त भवन ब्लड बैंकका लागि प्रयोग गरेन। बरु, २५ वर्षका लागि प्रतिमहिना चार लाख ५० हजार भाडा उठाउने गरी मोडल अस्पताललाई जिम्मा लगायो। तर, सरकारलाई घरबहाल कर तिरिएको छैन। रेडक्रसले घरबहाल करबापत एक करोड ३१ लाख लिनुपर्ने छानबिन प्रतिवेदनमा छ।

### होटेल सञ्चालनदेखि देशभरका भवनको भाडाबाट करोडौँ आम्दानी, तर कर तिर्दैन

रेडक्रसले बनेपाको बुडोलमा आवासीय होटेल सञ्चालन गरेको छ। काठमाडौंका प्रदर्शनीमार्ग र बागबजार, चितवन, वीरगन्ज, विराटनगर, बुटवल, नेपालगन्ज, कञ्चनपुर, पोखरा, भैरहवालगायत स्थानमा बनेका भवनलाई व्यापारिक प्रयोजनमा लगाइएको छ। यसबाट रेडक्रसले प्रतिवर्ष करोडौँ रुपैयाँ आम्दानी गर्छ। तर, सरकारलाई अहिलेसम्म एक रुपैयाँ पनि कर नतिरेको छानबिन प्रतिवेदनमा उल्लेख छ।

## किन...

पृष्ठ १ बाट क्रमशः

कामदार र विद्यार्थीका लागि आवश्यक पर्ने पासपोर्ट, भिसा, म्यानपावर, श्रम स्वीकृति, स्वास्थ्य परीक्षण, एनओसीलगायत सुविधा काठमाडौंकेन्द्रित छन्। काठमाडौंमा सबै सुविधा छिटो र छरितो हुने, तर बाहिर नहुने भएपछि जहाज चढ्न किन पोखरा र भैरहवा जान्छन् ?' उनले भने।

### कारण ४ | प्रचारप्रसारको अभाव

सरकारले विमानस्थलमा हवाईजहाजलाई विभिन्न शीर्षकमा छुट दिएको छ। तर, विमानस्थलको प्रवर्द्धनमा भूमिका कमजोर छ। विदेशी कम्पनीलाई आकर्षण गर्न सकेको छैन। त्यस्तै, विदेशी विमानका नेपालस्थित एजेन्ट, ट्राभल एजेन्सीले पनि पोखरा र भैरहवा विमानस्थलबारे प्रवर्द्धन बढाउन सकेका छैनन्। काठमाडौंमा भन्दा पोखरा र भैरहवामा हवाई इन्धन सस्तो छ, यसको पनि प्रचार भएको छैन। एक किलोलिटर हवाई इन्धनलाई काठमाडौंमा १६ सय ९७ डलर पर्छ भने पोखरामा १२ सय ३६ र भैरहवामा १२ सय २२ डलरमै पाइन्छ। यसबाट विमान कम्पनीहरू र यात्रुलाई लागत कम पर्नेबारे पनि प्रचारप्रसार हुन नसकेको एक कर्मचारी बताउँछन्।

### कारण ५ | एजेन्टको असहयोग

नेपालमा सेवा दिने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले नेपालमा एक जनरल सेल्स एजेन्ट (जिएसए) राखेको हुन्छ। ती एजेन्टले नै नेपालको मार्केटबारे कम्पनीलाई राम्रोसँग सूचना प्रवाह नगरेको आरोप छ। 'ती एजेन्टलाई काठमाडौंमै बस्न आनन्द छ। भैरहवा र पोखरामा बजार छ भनेर आफ्नो कम्पनीलाई भन्दैनन्,' प्राधिकरणका एक कर्मचारीले भने।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुल दुवै विमानस्थललाई अन्तर्राष्ट्रिय 'इको सिस्टम'अनुसारको बनाउनेदेखि कामदार र विद्यार्थीका लागि आवश्यक पर्ने पासपोर्ट, भिसा, म्यानपावर, श्रम स्वीकृति, स्वास्थ्य परीक्षण, कन्सल्टेन्सी, एनओसीलगायत सुविधा पोखरा र भैरहवामा विस्तार गर्नुपर्ने बताउँछन्। त्यस्तै भन्सारका सबै सुविधादेखि अन्तर्राष्ट्रिय विमानस्थलमा हुनुपर्ने ग्राउन्ड ह्यान्डलिङलगायत सुविधा हुनुपर्ने उनको भनाइ छ। यस्ता आन्तरिकबाहेक बाह्य छिमेकी तथा मित्रराष्ट्रहरूसँग समन्वय गर्नुपर्ने उनको भनाइ छ। 'यी काम प्राधिकरणको एक्लो प्रयासले हुँदैन, राज्यले नै सहयोग गर्नुपर्छ,' भुलले भने।

पोखरामा भारतीय पर्यटकलाई लक्षित गरेर पनि सेवा सञ्चलान गर्न सकिने पोखरा विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले बताए। 'पोखरामा भारतीय पर्यटकको आकर्षण छ। उनीहरू गाडीबाटै पोखरा घुम्न आउँछन्। त्यो अवस्थामा भारतको दिल्ली, कोलकाता तथा मुम्बईबाट उडान गराउन सकियो भने राम्रो हुने थियो। भारतमा उडान गराउन सकियो भने भारतीय उच्च वर्गका पर्यटक आउन सक्छन्,' उनले भने।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.

**VACANCY ANNOUNCEMENT**

**Positions:**

System and Network Administrator - 1
System Support Associate - 1

**To Apply:**
www.merojob/ndpc

**मोटरसाइकल हरायो**

मिति २०८३/४/१३ गते अ. ४:०० बजे ललितपुर महानगरपालिका-१६, नकबहलबाट पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रंगको 200NS मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : गोकर्ण जोशी**
मो.सा.नं.: प्र-३-०२ ०१२ प २६१४
चेसिस नं.: MD2931FY2KCE 92461
इन्जिन नं.: SLYCHE49221
सम्पर्क न.: 9704553239

**पाबसा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**काठमाडौं-४, चण्डोल**
☎ ०१-४५४१५१६, ०१-४५४३६००

**१९औं वार्षिक साधारण-सभा सम्बन्धी सूचना**

(प्रकाशित मिति: २०८३/०५/०३)

यस संस्थाको मिति २०८३/०४/२९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा तपसिलमा उल्लेखित विषयहरूमा छलफल गरी निर्णय गर्नका लागि १९औं वार्षिक साधारण-सभा बस्ने भएकोले सम्पूर्ण सदस्यहरूलाई यस संस्थाबाट वितरित परिचयपत्र लिई स्वयं उपस्थितिका लागि अनुरोध गरिन्छ।

**छलफलका विषयहरू:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखा सुपरीवेक्षण समितिको आ.व. २०८२/०८३ को प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. सामाजिक सेवा उप-समितिको आ.व. २०८२/०८३ को प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
४. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने सम्बन्धमा।
५. आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित लाभांश पारित गर्ने सम्बन्धमा।
६. आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गर्ने सम्बन्धमा।
७. आर्थिक वर्ष २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा।
८. सञ्चालक समितिको निर्णय अनुसार संस्थाको विभिन्न आन्तरिक कार्यविधिहरू माथी छलफल र स्वीकृत सम्बन्धमा।
९. विनियम संशोधन सम्बन्धमा।
१०. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरूको तर्फबाट १० जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
११. विविध।

**साधारण-सभा बस्ने मिति, समय र स्थान:**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३ असोज ३ गते शनिबार | बिहान ८:०० बजे | धुम्रबराह भेन्यु, धुम्बाराही |

प्रवीणराज शर्मा चालिसे
व्यवस्थापक

**पुनश्च:** शैक्षिक सम्मान लगायत कार्यक्रममा सहभागिताको लागि आवश्यक कागजातसहित सम्बन्धित सदस्यहरूले २०८३ भदौ २० गतेसम्म संस्थामा सम्पर्क गर्नु होला।

## नेपाली दूतावासका...

पृष्ठ १ बाट क्रमशः

प्रतिशत हो। हरेक वर्ष घरभाडा र अन्य खर्च बढ्दै जाँदा यस्तो दायित्वसमेत बढिरहेको छ।

हाल विभिन्न देशमा नेपाली दूतावास र महावाणिज्य दूतावास गरी ४४ वटा कूटनीतिक नियोग छन्। तीमध्ये नौ दूतावास र दुई महावाणिज्य दूतावासको मात्र आफ्नै भवन छ। बाँकी ३३ नियोगका कार्यालय तथा कर्मचारीका आवास भाडामा छन्। नियोगहरूले दूतावास तथा महावाणिज्य दूतावासको कार्यालयसँगै राजदूत र कर्मचारीका लागि समेत छुट्टाछुट्टै घर भाडामा लिने गरेका छन्।

हाल भारत, चीन, अमेरिका, बंगलादेश, जर्मनी, फ्रान्स, बेलायत, थाइल्यान्ड र न्युयोर्कस्थित राष्ट्रसंघीय स्थायी नियोग कार्यालय भवन तथा फ्ल्याट सरकारको स्वामित्वमा छन्। अस्ट्रेलिया, इजरायल, जापान, दक्षिण कोरिया, क्यानडा, म्यानमार, रुस, युएई, साउदी अरब, बहराइन, ओमान, इजिप्ट, कुवेत, कतार, जेनेभा, श्रीलंका, स्पेन, पाकिस्तान, पोर्चुगल, बेल्जियम, अस्ट्रिया र मलेसियास्थित नेपाली राजदूतावास, राजदूत तथा कर्मचारी निवास भाडामा छ।

सरकारले यो वर्षदेखि दक्षिण अफ्रिका, डेनमार्क र ब्राजिलमा रहेका नेपाली दूतावास तथा अमेरिकास्थित सान फ्रान्सिस्को र चीनको छेन्दुस्थित महावाणिज्य दूतावास बन्द गर्दै छ। 'उनीहरूले गर्दै आएको सेवा प्रवाहको भरपर्दो वैकल्पिक व्यवस्था कसरी गर्ने भन्ने विभिन्न विकल्पहरूको अध्ययन भइरहेको छ,' परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने। भारतको नेपाली दूतावासको विशाखापटनमस्थित शाखा कार्यालय खुल्दै नखुली बन्द भएको छ। त्यहाँ दरबन्दी रहेका भनिएका दुईजना कर्मचारी दिल्लीस्थित दूतावासमा समायोजन गरिएको छ।

चीनको तिब्बतस्थित ल्हासामा रहेको महावाणिज्य दूतावास तथा कर्मचारी आवास भवन नेपाल सरकारले सौजन्यमा पाएको हो। भारतको कोलकातामा नेपाली महावाणिज्य दूतावास आफ्नै भवनमा छ। बाँकी रहेका नेपाली वाणिज्य दूतावासहरूमध्ये अमेरिकामा रहेका न्युयोर्क, डालस, सान फ्रान्सिस्को, चीनमा रहेका हङकङ, छेन्दु, ग्वान्जाओ, साउदी अरबको जेद्दा र युएईको दुबई भाडामा सञ्चालनमा छन्।

परराष्ट्रमन्त्री शिशिर खनालका अनुसार सरकारले विदेशस्थित नेपाली नियोगका आफ्नै जग्गामा दूतावास तथा आवासीय भवन निर्माण गरी घरभाडामा हुने खर्च घटाउने योजना बनाएको छ। खनालले सोमबार संसद्मा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा आफ्नै जग्गा भएका नियोगका भवन क्रमिक रूपमा निर्माण गर्दै जाने सरकारी योजना सुनाएका हुन्। यो वर्ष तीन देशमा राजदूतावास तथा राजदूत निवास भवन निर्माणको प्रक्रिया सुरु हुने उनको भनाइ छ।

### तीन देशमा दूतावासको भवन निर्माण सुरु हुने

पाकिस्तानको इस्लामाबाद, साउदी अरेबियाको रियाद, श्रीलंकाको कोलम्बो, मलेसियाको क्वालालम्पुर, ओमानको मस्कट, अस्ट्रेलियाको क्यानबेरामा नेपाली नियोग र राजदूत निवासका लागि जग्गा खरिद गरिएको छ। तीमध्ये परराष्ट्रमन्त्री खनालका अनुसार अस्ट्रेलिया, साउदी अरब र थाइल्यान्डमा चान्सरी (कार्यालय) तथा आवासीय भवन निर्माणका लागि प्रक्रिया अघि बढाइएको छ। सरकारले चालू आर्थिक वर्षमा क्यानबेरास्थित दूतावास भवन निर्माणका लागि ४९ करोड ९९ लाख ९९ हजार रुपैयाँ, रियादस्थित दूतावास निर्माणका लागि १९ करोड २३ लाख रुपैयाँ र बैंककस्थित दूतावास भवन निर्माणका लागि आठ करोड ३८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

क्यानबेरास्थित नेपाली राजदूतावास भवन निर्माणका लागि वास्तुकला तथा इन्जिनियरिङसम्बन्धी काम र लागत अनुमान तयार गर्न परामर्शदाता नियुक्त भइसकेको छ। त्यहाँको नेसनल क्यापिटल अथोरिटी (एनसिए)बाट 'वर्क अप्रुभल' प्राप्त भइसकेको र एसिटी सर्टिफायरबाट 'बिल्डिङ अप्रुभल' लिने प्रक्रिया सुरु भएको परराष्ट्रमन्त्री खनालले बताए। अस्ट्रेलियाको क्यानबेरामा ६,१९८ वर्गमिटर जग्गा ९९ वर्षका लागि लिजमा लिइएको छ।

क्यानबेरास्थित दूतावास भवन निर्माण यही आर्थिक वर्षबाट सुरु हुनेछ, रियादस्थित नेपाली राजदूतावास तथा आवासीय भवन निर्माणका लागि वास्तुकला, डिजाइन तथा इन्जिनियरिङसम्बन्धी कामका लागि परामर्शदाता छनोट भइसकेको तथा प्रारम्भिक ड्रइङ तथा डिजाइनसमेत तयार भएको छ। बैंककस्थित नेपाली राजदूतावास तथा आवासीय भवन निर्माणका लागि वास्तुकला, डिजाइन तथा इन्जिनियरिङसम्बन्धी काम र लागत अनुमान तयार गर्न परामर्शदाता छनोट गर्ने कार्यका लागि आवश्यक कार्यक्षेत्रगत सर्त (टिओआर) तयार गर्ने काम भइरहेको छ। 'बिल्डिङ अप्रुभल प्राप्त भएपछि निर्माण व्यवसायी छनोटका लागि बोलपत्र कागजात तयार गर्न र निर्माण व्यवसायी छनोट गर्न विदेशस्थित नियोगहरूको भवन निर्माण कार्यविधि तयार भएसँगै थप सहजता हुनेछ,' मन्त्री खनालले भने।

सार्वजनिक खरिद ऐन, २०६३ मा पछिल्लोपटक भएको संशोधनले विदेशस्थित नेपाली नियोगका भवन निर्माणका लागि स्पष्ट कानुनी आधार तयार गरेको मन्त्री खनालले बताए। ऐनको दफा ६७(ङ) मा गरिएको संशोधनअनुसार विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा विदेशमा कार्यालय भएका अन्य सार्वजनिक निकायले आवश्यक कार्यविधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई स्वीकृत गराएर लागू गर्न सक्ने व्यवस्था छ।

### कहाँ कस्तो छ अवस्था ?

दक्षिण एसियास्थित विभिन्न देशमा रहेका अधिकांश नेपाली राजदूतावास आफ्नै भवनमा छन्। आफ्ना भवन नभएका नियोगहरूका नाममा ती देशमा जग्गा खरिद भएको छ। भारतको नयाँदिल्ली, बंगलादेशको ढाकामा आफ्नै भवनमा राजदूतावास तथा राजदूत निवास छन्। श्रीलंकाको कोलम्बो र पाकिस्तानको इस्लामाबादमा नेपाल सरकारले जग्गा खरिद गरेको छ। तर, भवन बनिनसकेकाले राजदूतावास भाडामा छन्। नयाँदिल्लीमा राजदूतसहित कूटनीतिक कर्मचारी र स्थानीय कर्मचारीको आवास दूतावासपरिसरमा छ। सैनिक सहचारी, प्रहरी र अनुसन्धान विभागका अधिकृत एवं अन्य मन्त्रालयका कर्मचारीहरूका लागि भाडामा आवासको व्यवस्था छ। कोलकातास्थित नेपाली महावाणिज्य दूतावास पनि आफ्नै भवनमा छ।

बेइजिङस्थित नेपाली दूतावास र राजदूतको निवास आफ्नै घरमा छ। बाँकी कर्मचारी भाडामा बस्दै आएका छन्। ल्हासास्थित महावाणिज्य दूतावास भने चिनियाँ सरकारले सौजन्यमा दिएको हो।

परराष्ट्र मन्त्रालयका अनुसार अमेरिकामा नेपाली राजदूतको निवास र राजदूतावास भवन आफ्नै स्वामित्वमा छ। न्युयोर्कस्थित नेपाली स्थायी नियोग भवन, राजदूत निवास र दुईजना कर्मचारीको अपार्टमेन्ट आफ्नै स्वामित्वमा छ, बाँकी कर्मचारी भाडामा बस्दै आएका छन्।

मलेसियाको क्वालालम्पुर, श्रीलंकाको कोलम्बो, पाकिस्तानको इस्लामाबाद, ओमानको मस्कटमा नेपाल सरकारले जग्गा खरिद गरेको छ, तर भवन बनेको छैन। दूतावास र राजदूत निवाससहित कर्मचारीको निवास भाडामा छ।

बंगलादेशको ढाकामा आफ्नै भवन छ। लन्डनमा लिजमा लिएको आफ्नै भवन छ। फ्रान्सको पेरिसमा राजदूत निवास र राजदूतावास आफ्नै स्वामित्वमा छ। बैंककमा राजदूतावास आफ्नो स्वामित्वमा छ।

जापान, कोरिया, क्यानडा, म्यानमार, रुसमा नेपाली दूतावास भाडामा छन्। खाडी मुलुकहरूमध्ये साउदी अरबको रियादमा जग्गा छ। खाडी मुलुकका राजदूतावास तथा महावाणिज्य दूतावास सबै भाडामा छन्।

# महाधिवेशनमा होमियो कांग्रेस

## देउवा समूहले महाधिवेशन प्रक्रिया रोक्नुपर्ने माग गरिरहेका वेला परिमार्जन भयो कार्यतालिका, सभापति थापाको संयोजकत्वमा महाधिवेशन समिति गठन



### ■ यस्तो छ कांग्रेस महाधिवेशन तालिका

| | |
|---|---|
| निर्वाचन प्रतिनिधिलाई केन्द्रीय निर्वाचन समितिले अभिमुखीकरण तालिम | २-१० भदौ, काठमाडौं उपत्यका र उपत्यकाबाहिर |
| निर्वाचन अधिकृतलाई जिल्लामा खटाउने | ११ भदौ |
| वडामा निर्वाचन प्रतिनिधि खटाउने | १५ भदौ |
| वडामा अभिमुखीकरण तालिम | १६-२० भदौ |
| सम्पन्न हुन बाँकी नेपाली जनसम्पर्क समितिको अधिवेशन | भदौ मसान्तभित्र |
| गाउँ/नगर/वडा अधिवेशन | २४ भदौ, ६७४३ वटै वडामा अधिवेशन, क्षेत्रीय प्रतिनिधि चयन |
| गाउँ/नगरपालिका अधिवेशन | २७ भदौ |
| प्रदेश सभा क्षेत्रीय अधिवेशन | ३१ भदौ |
| प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, एक मात्र क्षेत्र भएका जिल्लाको अधिवेशन | ३ असोज (महाधिवेशन प्रतिनिधि चयन, कार्यसमिति निर्वाचन) |
| जिल्ला अधिवेशन | ७ असोज |
| प्रदेश अधिवेशन | १० असोज |
| केन्द्रीय महाधिवेशन | १६, १७, १८ र १९ असोज |

**प्रेम गौतम**/नयाँ पत्रिका

देउवा समूहको विरोधबिच कांग्रेस १५औँ महाधिवेशनमा होमिएको छ। २४ साउनदेखि १ भदौसम्म ललितपुरमा बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले तोकिएको १६ देखि १९ असोजमै महाधिवेशन गर्नु वैधानिक र राजनीतिक दायित्व भएको निष्कर्ष निकाल्दै सभापति गगन थापाको संयोजकत्वमा समितिसमेत गठन गरेको छ। प्रवक्ता देवराज चालिसेका अनुसार मूल समितिले आवास, खाद्य व्यवस्था, मञ्च व्यवस्थापन, अतिथि सत्कार, स्वास्थ्यलगायत विभिन्न उपसमिति बनाउनेछ। महाधिवेशनमा मुख्य राजनीतिक प्रस्ताव सभापति थापाले पेस गर्नेछन्। जसमा 'आगामी दशक, लोकतन्त्र र कांग्रेस' विषयलाई विशेष महत्त्व दिइने उनले बताए। १५औँ महाधिवेशन प्रचारप्रसार समिति प्रवक्ता चालिसेको संयोजकत्वमा गठन गरिएको छ।

कांग्रेसले महाधिवेशनको कार्यतालिका पनि ३५ बाट २२ दिनमा छोट्याएको छ। केन्द्रीय निर्वाचन समितिले मंगलबारबाट  निर्वाचन प्रतिनिधिलाई अभिमुखीकरण तालिम सुरु गरिसकेको छ। ११ भदौमा निर्वाचन अधिकृतलाई जिल्ला खटाउने, १५ भदौमा वडामा निर्वाचन प्रतिनिधि पठाउने र १६-२० भदौसम्म वडामा अभिमुखीकरण तालिम दिइने कार्यतालिका मंगलबार सार्वजनिक भएको छ। त्यस्तै, विदेशस्थित जनसम्पर्क समितिको महाधिवेशन भदौभित्र सक्ने भनिएको छ भने  २४ भदौमा गाउँ-नगर वडा अधिवेशन, २७ भदौमा गाउँ-नगरपालिका अधिवेशनको तालिका छ। यसैगरी, ३१ भदौमा प्रदेश निर्वाचन क्षेत्र, ३ असोजमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र एउटा भएका जिल्लाका अधिवेशन, ७ असोजमा जिल्ला अधिवेशन र  १० असोजमा प्रदेश अधिवेशनको तालिका छ। केन्द्रीय महाधिवेशनको कार्यतालिका भने पूर्ववर्ती १६-१९ असोज नै छ। महाधिवेशनमा 'राजनीतिक संस्कृतिमा क्षयको प्रवृत्ति र युगानुकूल रूपान्तरणको अभिभारा' विषयमा पार्टी उपसभापति विश्वप्रकाश शर्माले प्रस्ताव पेस गर्ने तय गरिएको छ। त्यस्तै, उपसभापति पुष्पा भुसालले प्रदेश निर्वाचनसम्बन्धी विशेष प्रस्ताव र महामन्त्री गुरुराज घिमिरेले संगठनसम्बन्धी प्रस्ताव पेस गर्नेछन्।

महामन्त्री प्रदीप पौडेलको संयोजकत्वमा विधान संशोधन समिति गठन गर्ने निर्णय भएको छ। यो समितिले पार्टीका विभिन्न तह, निकाय तथा सदस्यबाट सुझाव लिएर विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिसमक्ष पेस गर्नेछ।

### ■ सदस्यता अद्यावधिकका लागि पुनः समय

क्रियाशील सदस्यताको डिजिटल अभिलेखमा अद्यावधिकमा छुटेका सदस्यलाई निश्चित समय तोकी पुनः अद्यावधिकको अवसर प्रदान गर्ने निर्णय बैठकले गरेको छ। सदस्यता व्यवस्थापन सम्बन्धमा सदस्यता व्यवस्थापन समितिले गरेका निर्णय अनुमोदन गर्दै बैठकले पुनः म्याद थप्ने निर्णय गरेको हो। यसका साथै डिजिटल प्रणालीका प्राविधिक तथा व्यवस्थापकीय समस्या समाधान गरी कार्य अघि बढाउन व्यवस्थापन समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय पनि बैठकले गरेको छ।

### ■ सभापति गगन थापाले भने- केही नेताहरू असन्तुष्ट हुनुहुन्छ, सहमतिका लागि निरन्तर संवादमा छु

कांग्रेस सभापति गगन थापाले भने अब महाधिवेशनका लागि समय अत्यन्त कम रहेको भन्दै प्रक्रिया अघि बढिसकेको बताए। मंगलबार निर्वाचन अधिकृतहरूलाई प्रशिक्षण दिँदै थापाले असन्तुष्ट नेतासँग निरन्तर संवाद भइरहेको र निर्धारित कार्यतालिकाअनुसार महाधिवेशन सम्पन्न गर्ने बताए। प्रक्रियामा कुनै पनि प्रकारको अनियमितता, त्रुटि वा पूर्वाग्रह नराख्न उनले सचेत गराए। 'अदालतले असोज १६ गतेलाई महाधिवेशनको अन्तिम आधार मानेको छ। त्यसैले हामीसँग अब समयको सुविधा छैन। हामीले अत्यन्तै छोटो अवधिभित्र सबै प्रक्रिया टुंग्याउनुपर्ने चुनौती छ। अधिवेशनको प्रक्रिया टुंगिँदै गर्दा कुनै पनि प्रश्न नउठ्ने गरी निष्पक्ष र पारदर्शी ढंगले काम सम्पन्न गर्नुपर्नेछ,' थापाले भने।

थापाले असन्तुष्ट नेताहरूसँग निरन्तर संवादमा रहेको पनि बताएका छन्। पार्टीभित्र देखिएको असन्तुष्टि र असमझदारी समाधानका लागि आफू लागिपरेको उनको दाबी छ। 'केही नेताहरू असन्तुष्ट हुनुहुन्छ। उहाँहरूसँग सहमतिका लागि निरन्तर संवादमा छु,' उनले भने। महाधिवेशनअन्तर्गत विभिन्न जिल्लामा निर्वाचन सम्पन्न गर्न तोकिएका निर्वाचन अधिकृतलाई प्रशिक्षण दिइएको निर्वाचन संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले बताए। अब निर्वाचन अधिकृतहरूले जिम्मेवारी पाएको जिल्लामा गएर स्थानीय तहदेखि नै महाधिवेशनको चुनावी प्रक्रिया थाल्ने खड्काले बताए।

### ■ के भन्छ देउवा पक्ष ?

कांग्रेस सभापति गगन थापा पक्षको निर्णय र प्रक्रिया रोक्नुपर्ने संस्थापन इतर तथा पूर्वसभापति शेरबहादुर देउवा पक्षको अडान छ। देउवा पक्षले पार्टीको आधिकारिकता र महाधिवेशन प्रक्रियासम्बन्धी विषय अदालतमा विचाराधीन रहेको भन्दै महाधिवेशनको सम्पूर्ण प्रक्रिया रोक्नुपर्ने माग गर्दै आएको छ। देउवा पक्षले समेत राष्ट्रिय भेला गर्दै देउवाकै नेतृत्वमा १५औँ महाधिवेशन गर्नुपर्ने धारणा अघि सारेको छ। आधिकारिकताको विषय अदालतमा विचाराधिन रहेको भन्दै १५औँ महाधिवेशनको सम्पूर्ण प्रक्रिया रोक्न माग यो पक्षको छ।

### ■ सरकारलाई कांग्रेसका प्रश्नैप्रश्न

## सर्वसत्तावादी प्रवृत्ति लोकतान्त्रिक शासनका लागि स्वीकार्य हुन सक्दैन

प्रमुख प्रतिपक्षी कांग्रेसले सरकारमाथि संसद्प्रति अनुत्तरदायी बनेको देखि नागरिकका दैनिक जीवनसँग जोडिएका समस्या समाधान गर्न नसकेकोसम्म आरोप लगाएको छ। कांग्रेस केन्द्रीय समिति बैठकले प्रतिनिधिसभामा सार्वभौमसत्ता र विदेश नीतिका विषयमा सांसदले प्रधानमन्त्रीसँग पटक-पटक जवाफ मागे पनि सरकार अनुत्तरदायी ढंगले प्रस्तुत भएको निष्कर्ष निकालेको छ। संविधान र कानुनको सीमाभित्र रहेर शासन सञ्चालन गर्न तथा नागरिक र जनप्रतिनिधिप्रति जवाफदेही र पारदर्शी हुन कांग्रेसले सरकारसँग माग गरेको छ।

'कार्यपालिकाको शासकीय अराजकता, व्यवस्थापिकाप्रति अनुत्तरदायी व्यवहार, संवैधानिक निकाय वा न्यायपालिका क्षेत्रमा अनावश्यक हस्तक्षेप गर्ने, शक्ति पृथकीकरणको सीमालाई उल्लंघन गर्ने तथा राज्यका निकायलाई नियन्त्रणमा राख्ने सर्वसत्तावादी प्रवृत्ति लोकतान्त्रिक शासनका लागि स्वीकार्य हुन सक्दैन,' चालिसेले भने। सरकारका राम्रा काममा आवश्यक सहकार्य गर्ने र गलत काममा प्रश्न तथा सचेत गराउने प्रमुख प्रतिपक्षको भूमिकालाई कांग्रेसले जिम्मेवार लोकतान्त्रिक दायित्वका रूपमा निरन्तर निर्वाह गर्ने उनले बताए।

कांग्रेसले संसद् तथा संसदीय समितिमा देखिएका अमर्यादित गतिविधिप्रति पनि असहमति जनाएको छ। जनप्रतिनिधिले तथ्य, शिष्टता र संसदीय मर्यादा कायम गर्नुपर्ने उसको भनाइ छ। बैठकले प्रतिनिधिसभामा सदस्यहरूले नेपालको सार्वभौमसत्ता र विदेश नीतिका विषयमा बारम्बार प्रधानमन्त्रीसँग जवाफ माग गरे पनि अनुत्तरदायी ढंगमा सदन सञ्चालन हुँदै आएको निष्कर्षसमेत निकालेको छ। 'सरकारलाई संविधान र कानुनको सीमाभित्र रही शासन सञ्चालन गर्न, संवैधानिक निकायको स्वतन्त्रता कायम गर्न तथा नागरिक एवं जनप्रतिनिधिप्रति पूर्ण जवाफदेही, पारदर्शी र परिणाममुखी शासन सुनिश्चित गर्न नेपाली कांग्रेस जोड़दार माग गर्दछ,' बैठकको निर्णयमा भनिएको छ। त्यसैगरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न माग गर्दै कांग्रेसले स्थापित कानुनी प्रक्रिया पन्छाएर पत्रकार पक्राउ गर्ने, सञ्चारगृहमा अनावश्यक हस्तक्षेप गर्ने वा त्रासको वातावरण सिर्जना गर्ने काम स्वीकार्य नहुने बताएको छ। कांग्रेसले ग्यास संकट तत्काल समाधान गर्न तथा नेपाल आयल निगमको आयात, भण्डारण र वितरण व्यवस्थापनमा देखिएका कमजोरी सुधार गर्न सरकारको ध्यानाकर्षण गराएको छ। खेतीको समयमा मल र बिउ उपलब्ध गराउने प्रतिबद्धता पूरा नभएको भन्दै किसानलाई आश्वासनमा मात्र नराख्न पनि माग गरेको छ।

दाल, चामल, चिनी र खानेतेललगायत दैनिक उपभोग्य वस्तुको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन, आपूर्ति व्यवस्थापन तथा कृत्रिम अभाव र कालोबजारी नियन्त्रणको स्पष्ट कार्ययोजना ल्याउन कांग्रेसले माग गरेको छ। कांग्रेसले वास्तविक भूमिहीनको पहिचान गरी सार्वजनिक सम्पत्तिको संरक्षण र भूमिहीन नागरिकको अधिकार सुनिश्चित गर्न स्थायी समाधान खोज्नुपर्ने पनि जनाएको छ।

त्यस्तै, विपत् आएपछि मात्र उद्धार र राहतमा केन्द्रित नभई जोखिम न्यूनीकरण र पूर्वतयारीलाई नियमित शासन प्रणालीकै अंग बनाउन सरकारलाई आग्रह गरेको छ। जोखिमयुक्त बस्ती, सडक, नदी तथा डुबान-पहिरो क्षेत्रको नक्सांकन, पूर्वसूचना प्रणाली र उद्धार सामग्रीको पूर्वतयारी गर्नुपर्ने कांग्रेसको माग छ। तराई-मधेशका विभिन्न स्थानमा भएका घटनाको निष्पक्ष छानबिनका लागि सर्वस्वीकार्य न्यायिक आयोग गठन गर्न तथा पीडित, घाइते र क्षति व्यहोरेका नागरिकलाई उचित क्षतिपूर्ति दिन पनि कांग्रेसले माग गरेको छ। चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, राहत शिक्षक, यातायात व्यवसायी तथा किसानलगायतसँग सरकारले गरेका सहमति कार्यान्वयन गर्न पनि बैठकले जोड दिएको छ।

संक्षेप

## भारतीय सेनाध्यक्षले भेटे प्रधानमन्त्री शाह



**काठमाडौं**/ भारतीय नवनियुक्त सेनाध्यक्ष धीरज सेठले प्रधानमन्त्री बालेन शाहसँग मंगलबार शिष्टाचार भेट गरेका छन्। प्रधानमन्त्री कार्यालयमा भएको भेटमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव पनि सहभागी थिए। सेठलाई राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न लगाइदिएका थिए। सेठले मंगलबार नै शिवपुरीस्थित नेपाली सेनाको कमान्ड एन्ड स्टाफ कलेजमा सैनिक शिक्षार्थीलाई नेपाल-भारत सैन्य सम्बन्धबारे सम्बोधन गरेका छन्। उनी बुधवार पोखरा जाने कार्यक्रम छ। उनले पोखरामा बहालवाला तथा भूतपूर्व भारतीय गोर्खा सैनिकका परिवारजनसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ। उनी बुधबार नै दिल्ली फर्किने कार्यक्रम रहेको सेनाले जनाएको छ।

## बागमतीको मुख्यमन्त्रीमा थापालाई अघि सार्ने एमाले निर्णय

**मकवानपुर**/ एमालेले बागमती प्रदेश मुख्यमन्त्रीमा नेता किरण थापालाई अघि सार्ने निर्णय गरेको छ। एमाले बागमती प्रदेश संसदीय दलको मंगलबार हेटौँडामा बसेको बैठकले थापालाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने र दलका नेता जगन्नाथ थपलियालाई सोही पदमा यथावत् राख्ने निर्णय गरेको हो।



उनी एमाले अध्यक्ष ओली र सचिव महेश बस्नेतका विश्वासपात्र हुन्। यसअघि नेता थपलियाविरुद्ध थापा समूहले अविश्वासको प्रस्तावसमेत दर्ता गराएको थियो। बागमतीका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सोमबार पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख दीपक देवकाटोले सोही दिन नै नयाँ सरकार गठनको आह्वान गरिसकेका छन्। प्रदेश प्रमुखले दिएको समयसीमा बिहीबार अपराह्न सकिँदै छ। थापाले सरकार गठनको प्रक्रिया छिट्टै अघि बढ्ने बताए। 'हामी राप्रपा, नेपाल मजदुर किसान पार्टी, हाम्रो नेपाली पार्टीलगायत सबै दलसँग संवाद गरेर सकेसम्म छिटो सरकार गठन गर्छौं,' उनले भने। संसदीय दलका नेता थपलियाले पार्टीको निर्देशनअनुसार आफूले थापालाई मुख्यमन्त्री बनाउन समर्थन गरेको बताए।

## संविधान कार्यान्वयनको नौ वर्षपछि कोशीमा दलित अधिकार विधेयक दर्ता

**विराटनगर**/ संविधान कार्यान्वयनको नौ वर्षपछि कोशी प्रदेशमा दलित समुदायका अधिकार सुनिश्चित गर्न दलित अधिकार व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता भएको छ। संघीयता कार्यान्वयनपछि कोशी प्रदेश सभाले ८५ वटा कानुन निर्माण गरिसकेपछि दोस्रो कार्यकालको साढे तीन वर्षमा बल्ल दलित अधिकारसम्बन्धी विधेयक दर्ता भएको हो। दलित अधिकार ऐन ल्याउन प्रदेश सभाका सांसद, संघसंस्था र अधिकारकर्मीले लामो समयदेखि सरकारलाई दबाब दिँदै आएका थिए। सामाजिक विकास मन्त्रालयले मस्यौदा निर्माण सुरु गरेको करिब आठ वर्षपछि गत २० साउनमा विधेयक प्रदेश सभामा दर्ता गरेको हो। प्रदेश सभा सचिव सुदर्शन खड्काका अनुसार दर्ता भएको विधेयक बुधबारदेखि सुरु हुने नवौँ अधिवेशनको २३औँ बैठकमा टेबुल गरी सैद्धान्तिक छलफल अघि बढाइनेछ।

## ■ किताब बोकेर पढ्ने कि सिलिन्डर बोकेर लाइन बस्ने ?




खाना पकाउने ग्यास आपूर्ति सहज बनाउन माग गर्दै मंगलबार काठमाडौंको त्रिचन्द्र कलेजपरिसरमा नेविसंघले गरेको प्रदर्शन। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

## सुदूरपश्चिमका प्रदेश सांसद देउवा पदमुक्त

**जेन-जी आन्दोलनलगत्तै परिवारसहित अमेरिका उडेका पूर्वमन्त्री प्रकाश देउवा अझै फर्किएका छैनन्, लगातार २८ वटा बैठकमा अनुपस्थित भएपछि गुमाए सांसद पद**

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिमका सभामुख भीमबहादुर भण्डारीले कांग्रेस सांसद प्रकाशबहादुर देउवालाई मंगलबार पदमुक्त गरिदिएका छन्। गत वर्ष भदौमा भएको जेन-जी आन्दोलनपछि अमेरिका पुगेका देउवा प्रदेश सभाका २८ बैठकमा अनुपस्थित भएपछि सभामुखले कारबाही गरेका हुन्।



लगातार १० वटा बैठकमा विनाजानकारी अनुपस्थित भएमा सभामुखले पदमुक्त गर्न सक्ने व्यवस्था छ। संविधानको धारा १८० को खण्ड (घ) र प्रदेश सभा नियमावलीमा भएको सोही व्यवस्थाअनुसार सभामुखले देउवालाई सदस्यबाट पदमुक्त गरेको प्रदेश सभा सचिवालय सचिव देवबहादुर बोगटीले बताए। सभामुख भण्डारीले उक्त निर्णयको जानकारी बुधबार बस्ने प्रदेश सभा बैठकलाई गराउनेछन्।गत वर्षको १५ साउनमा बसेको प्रदेश सभा बैठकमा सहभागी भएका देउवा प्रदेश सभाका त्यसपछिका २८ वटा बैठकमा अनुपस्थित छन्। लगातार सातवटा बैठकमा अनुपस्थित भएपछि देउवाले गत २३ चैतमा सभामुखलाई पत्र पठाउँदै आफू व्यक्तिगत कामले अमेरिका आएको र यहाँ रहँदा स्वास्थ्यमा समस्या देखिएका कारण बैठकमा उपस्थित हुन नसकेको जानकारी गराएका थिए। उनले पत्रमा २४ चैतको बैठकमा पनि उपस्थित हुन नसक्ने उल्लेख गरेका थिए।

२४ चैतपछिका २२ वटा बैठकमा पनि देउवा अनुपस्थित रहे। २४ चैतपछिका बैठकमा अनुपस्थित हुनुको कारणबारे जानकारी नगराएकाले उनलाई पदमुक्त गरिएको सचिव बोगटीले बताए।

### ■ कप्तानगन्ज र गोलबजार घटना

# अनावश्यक बल प्रयोग भएको निष्कर्ष, सिडिओसम्मलाई कारबाही सिफारिस

**टेकराज थामी**/नयाँ पत्रिका

गत साउनमा सुनसरी र सिराहामा भएका घटनामा सुरक्षाकर्मीले आवेगमा आएर अनावश्यक बल प्रयोग गरेको निष्कर्ष छानबिन समितिले निकालेका छन्। सुनसरीको कप्तानगन्ज र सिराहाको गोलबजारमा भएका घटना छानबिन गर्न सरकारले छुट्टाछुट्टै समिति बनाएको थियो। दुवै समितिले गोली चलाउने फिल्डका प्रहरी अधिकारीदेखि जिल्ला सुरक्षा समितिका पदाधिकारी (प्रमुख जिल्ला अधिकारी) लाई समेत कारबाही सिफारिस गरेको छ।

देवानगन्ज गाउँपालिका- ३, कप्तानगन्जमा गत १० साउनमा २० राउन्ड गोली चलेको निष्कर्ष सहसचिव भूपेन्द्र थापा नेतृत्वको समितिले निकालेको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैले गोली चलाएका थिए। 'झडप हुन लागेपछि बल प्रयोगको सिद्धान्त प्रयोग गरिएको देखिएन,' छानबिन समितिका एक अधिकारी भन्छन्, 'एक्कासि घातक हतियारबाट समेत गोली प्रहार गर्दा धेरै क्षति भयो।' सुरक्षा निकायको गोली लागेका तीनजनाको मृत्यु भएको थियो। यो घटनामा स्थानीय युवा ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्रकुमार मेहताको उपचारका क्रममा मत्यु भएको थियो।

लाठी, अश्रुग्यास, रबर बुटेलजस्ता बल प्रयोगका प्रारम्भिक चरण पूरा नगरी गोली प्रहार गर्नु गलत भएको छानबिन समितिको निष्कर्ष छ। साथै, घटनामा राम्रो समन्वय नगरेको भन्दै सुनसरीका सिडिओ, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका डिएसपी र स्थानीय इन्स्पेक्टरमाथि कारबाही सिफारिस भएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीका एसपी भने घटनाको दिन बिदामा भएकाले उनीहरूलाई कारबाही सिफारिस भएको छैन।



त्यस्तै, सिराहाको गोलबजारमा भने डिएसपी रमेश पाल र सुमन नेपाली गोली प्रहारमा संलग्न थिए। डिएसपी काललाई ढुंगा लागेपछि उनले गोली चलाउन आदेश दिएका थिए। आवेगमा आएर उनले गोली चलाउन आदेश दिएको सहसचिव पुष्पराज शाही नेतृत्वको छानबिन समितिको निष्कर्ष छ। समितिले सिडिओ सुरेन्द्र पौडेल तथा एसपी वासुदेव पाठकलाई पनि सचेत गराउन सिफारिस गरेको छ। प्रहरीबाटै गोली चल्दा पनि कसले गोली चलाएको जानकारी नभएको भनेर सिडिओ पौडेल गैरजिम्मेवार रूपमा प्रस्तुत भएका थिए। १४ साउनमा प्रहरीको गोली लागेर गणेश यादवको मृत्यु भएको थियो।

त्यस्तै, समितिले द्वन्द्व बढाउने भूमिका खेल्ने दुवै समुदायका केही अगुवामाथि पनि कारबाही गर्न भनेको छ। साथै, आगलागी र तोडफोडमा संलग्नमाथि फौजदारी मुद्दामै कारबाहीको सिफारिस भएको प्रहरी स्रोत बताउँछ। कप्तानगन्जमा झडपको समयमा बत्ती गएको घटना योजनाबद्ध नभएको समितिको निष्कर्ष छ। ट्रिपिङकै कारण बत्ती गएको प्राविधिक छानबिनबाट पुष्टि भएको छ। साथै, घटना योजनाबद्ध नभई आकस्मिक रूपमै भएको पनि निचोड छ।

सहसचिव थापा नेतृत्वको समितिले २५ बुँदे सुझाव दिएको छ। जसमा भिड नियन्त्रणको शैली सुधार गर्नेदेखि सामाजिक सद्भावका लागि सक्रियता बढाउनुपर्ने विषय उल्लेख छ। सहसचिव शाही नेतृत्वको समितिले करिब ५० बुँदे सुझाव दिएको छ। स्रोतका अनुसार सो समितिले केन्द्रदेखि प्रदेश सरकार र स्थानीय तहले धार्मिक सद्भाव कायम राख्न रणनीति नै बनाएर त्यसलाई कार्यान्वयन गर्न भनेको छ। समितिले भिड नियन्त्रणमा गैरघातक हतियार प्रयोग नगर्न र गोली चलाउने व्यक्तिको शरीरमा अनिवार्य रूपमा 'बडी वर्न' क्यामेरा राख्नसमेत सिफारिस गरेको छ।

दुवै समितिले मंगलबार गृहमन्त्री सुधन गुरुङलाई प्रतिवेदन बुझाएका छन्। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले सुनसरी र सिराहाका घटना छानबिन गर्न गठित समितिका प्रतिवेदन मन्त्रालयका प्राप्त भएको बताए। 'घटनालाई म्यानुअल्ली मात्र नभई प्राविधिक ढंगले पनि अध्ययन गर्न गृहमन्त्रीज्यूको निर्देशन थियो। मेटल डिटेक्टर प्रयोग गरी घटनाको वस्तुनिष्ठ अध्ययन गर्न भनिएको थियो। सोहीअनुसार अध्ययन गरी प्रतिवेदन पेस भएको मैले बुझेको छु। प्रतिवेदन पेस गर्दा म पनि सहभागी थिएँ। समितिका संयोजकज्यूहरूले पनि सोही विषय प्रस्ट्याएका छन्,' उनले भने।

# राष्ट्रिय सेनाप्रतिको दृष्टिकोण

## सेनालाई संवैधानिक दायरामा उभ्याउनुपर्छ, कमजोर भए बलियो बनाउनुपर्छ, पेसेवर नभए पेसेवर बनाउनुपर्छ, तर राजनीतिक स्वार्थको घेराबन्दीबाट मुक्त राख्नुपर्छ



● नारायण अधिकारी

अग्रलेख

रक्षा तथा कूटनीतिक अध्ययन क्षेत्रमा एउटा चर्चित भनाइ प्रायः उद्धृत गरिने गरिन्छ, 'नागरिकले अनुभूति गर्ने शान्ति र सुरक्षा सैनिक तथा सुरक्षाकर्मीको त्याग, सतर्कता र शक्ति निहित हुन्छ।' यस भनाइले पनि नागरिक जीवन र सुरक्षा निकायबिचको सम्बन्धलाई स्पष्ट पार्छ। नागरिकको सुरक्षा र निश्चिन्त जीवन संयोगले जुर्ने कुरा होइन, यो त सीमादेखि, सडकसम्म र संवेदनशील क्षेत्रमा खटिएका सुरक्षाकर्मीको निरन्तर मिहिनेत, समर्पण र बलिदानको प्रतिफल हो।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र नागरिक स्वतन्त्रताको संरक्षणमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा गुप्तचर निकायको विशिष्ट भूमिका र जिम्मेवारी निभाउँदै आएको छ।

समकालीन विश्वमा सुरक्षाको विषय अत्यन्त जटिल र बहुआयामिक बन्दै गएको छ। तीव्र प्राविधिक विकाससँगै कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोगले सैन्य क्षेत्रलाई थप प्रविधिमैत्री बन्न बाध्य त बनाएको छ, साथमा भौतिक, साइबर तथा सूचना सुरक्षामा नयाँ चुनौती थपेको छ। आज सुरक्षा चुनौती परम्परागत सैन्य आक्रमणबाट मात्र होइन, 'हाइब्रिड तथा परस्पर सम्बन्धित खतराबाट समेत बढिरहेका छन्।

सन् २००० पछि जन्मिएका पुस्ता 'जेन-जी' र 'जेन-अल्फा' परम्परागत सैन्य विषयभन्दा प्रविधि, डिजिटल सञ्चार र विश्वव्यापी सूचनासँग परिचित हुँदै हुर्कियो। अन्यत्रझैँ नेपाली युवापुस्ता पनि यही प्रवृत्ति लागू हुन्छ। त्यसैले, राष्ट्रिय सुरक्षा, सार्वभौमिकता, सीमा सुरक्षा, साइबर सुरक्षा र सुरक्षा निकायको भूमिकाबारे नयाँ पुस्तालाई तथ्यमा आधारित चेतना विकास गर्नु आवश्यक देखिन्छ। यी कुरा राष्ट्रिय सुरक्षा रणनीतिमा समेटिनु टड्कारो आवश्यकता रहेको देखिन्छ।

तर, सेना कानुन, संविधान तथा संस्थागत निर्देशनअनुसार सञ्चालन हुने व्यावसायिक राष्ट्रिय संस्था हो। तर, यस निकायलाई विभिन्न स्वार्थप्रेरित शक्ति वा समूहले अविश्वासको दृष्टिले हेर्ने प्रवृत्ति नयाँ होइन। वि.सं. २०६३/०६४ सालको राजनीतिक परिवर्तनपछि नेपाली सेनालाई कमजोर बनाउने प्रयास भएको थियो। विश्वले नै अनुकरणीय मानेको शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन नेपाली सेनाले खेलेको महत्त्वपूर्ण भूमिकालाई अवमूल्यन हुने गरी नेतृत्व परिवर्तनको प्रयाससमेत भयो।

त्यसपछि पनि समय-समयमा विनातथ्य र कुनै बलियो आधारविना नै सेना कटौती गर्नुपर्ने कुरा उठ्छ। केही व्यक्तिले विभिन्न कारण देखाएर सेनाको संख्या सम्बन्धमा बहस उठान गर्ने प्रयास गरेको पनि पाइन्छ। राष्ट्रिय सुरक्षाका विविध आयाम विश्लेषण गरी बदलिँदो सुरक्षा वातावरण र यसले पार्ने प्रभावका आधारमा सेनाको संख्या निर्धारण हुने गर्छ। देशको अर्थतन्त्रलाई देखाएर नेपाली सेनाको संख्या कटौती गर्नुपर्छ भन्नु कमजोर तर्क हो। यसका पछाडि अन्य उद्देश्य हुन सक्छ।

गत भदौ २३ र २४ गतेको घटना र सोपश्चात् सेनाले खेलेको भूमिका विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ। तत्कालीन अवस्थामा आमजनमानसलगायत अधिकांश विशिष्ट व्यक्तित्वको सुरक्षा र संरक्षण गर्नुका साथै आन्तरिक द्वन्द्व लम्बिन सक्ने खतरालाई तत्काल रोकी प्रजातान्त्रिक व्यवस्थाको निरन्तरतामा समेत नेपाली सेनाले व्यावसायिक भूमिका निर्वाह गरेको तथ्य कसैबाट लुकेको छैन।

तर, विडम्बना परिस्थिति सहज भएपछि कैयौँले आफैँलाई सुरक्षित राखेको सेनाविरुद्ध आक्रमण सुरु गरेका छन्। त्यस विषम परिस्थितिमा सेनाले मानवीय क्षतिविना आफ्नो संवैधानिक जिम्मेवारी सफलतापूर्वक सम्पन्न गऱ्यो। तर, बदलामा सेनालाई विभिन्न कोणबाट विवादित बनाउने जुन दुष्प्रयास भयो त्यो कुनै दूषित उद्देश्यले प्रेरित भएको हो कि भनेर प्रश्न गर्ने अवस्था छ।

गत फागुण २१ गते सम्पन्न निर्वाचनबाट गठन भएको वर्तमान सरकार र यससँग सेनाको सम्बन्धलाई लिएर समेत विभिन्न टीकाटिप्पणी हुने गरेका छन्। वि.सं. ०४८ पश्चात्का प्रत्येक निर्वाचनमा सेनाले तेस्रो घेरामा परिचालित भई सुरक्षा प्रदान गर्दै आएको छ। यसले नेपालमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हुँदै आएको यथार्थ कसैबाट लुकेको छैन। यही आमअभ्यासअनुरूप पछिल्लो निर्वाचनमा सेनाले निभाएको सुरक्षात्मक भूमिकालाई जोडेर आधारहीन र भ्रमपूर्ण सन्देश प्रवाह गर्ने प्रयास भइरहेको देखिन्छ।

राज्य स्थापनासँगै जोडिएर आउने राष्ट्रिय शक्तिका साधनमा कूटनीति, सूचना, प्रतिरक्षा र अर्थतन्त्र पर्छन्। राजनीतिक, आर्थिक, कूटनीतिक र सैन्य शक्ति बलियो भयो भने मात्र समृद्ध राष्ट्र निर्माणमा सहयोग पुग्छ।

हालका दिनमा सेनालाई आफ्ना स्वार्थअनुकूल चलाउने र भ्रम सिर्जना गर्न खोज्ने प्रवृत्ति पनि देखिएको छ। केही वर्षअघि देशै टुक्र्याउने एजेन्डा लिएर हिँडेका व्यक्तिसमेत सेना खारेज गर्नुपर्नेजस्तो संगीन बोली बोलिरहेका छन्। तर, कुनै पनि राष्ट्रवादी समूहले उक्त अभिव्यक्तिको खण्डन गर्ने जमर्कोसमेत गरेका छैनन्। सेना निर्दृष्ट नियम र संस्थागत निर्देशनअनुसार मात्र चल्छ।




सेना कुनै समूह, व्यक्ति वा सरकार विशेषको पक्षधर संस्था होइन। यो संविधानप्रति प्रतिबद्ध, गैरराजनीतिक र व्यावसायिक राष्ट्रिय संस्था हो, जसको मूल दायित्व राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय अखण्डता तथा नेपाली जनताको सुरक्षा र हितको संरक्षण गर्नु हो। त्यसैले, सेनालाई क्षणिक राजनीतिक लाभ, हानि वा दलगत स्वार्थको दृष्टिकोणबाट व्याख्या गर्नु कदापि न्यायोचित हुँदैन।

सेना देशको अन्तिम प्रतिरक्षा निकाय हो र यसैको आड र विश्वासमा कुनै पनि देशको अस्तित्व कायम रहन्छ भन्ने कुरा विरोध गर्नेलाई थाहा नभएको होला र ? वा, यिनीहरू आफ्नो अभीष्ट पूरा गर्न प्रायोजित बोली बोलिरहेका छन् ? संकटको समयमा राज्यलाई आवश्यक पर्ने संस्थालाई संकट नभएको समयमा अनावश्यक रूपमा कमजोर बनाउने तरिका कत्तिको जायज हुन्छ ?

> सेना कुनै समूह, व्यक्ति वा सरकारविशेषको पक्षधर संस्था होइन। यो संविधानप्रति प्रतिबद्ध, गैरराजनीतिक र व्यावसायिक राष्ट्रिय संस्था हो, सेनालाई क्षणिक राजनीतिक लाभ, हानि वा दलगत स्वार्थको दृष्टिकोणबाट व्याख्या गर्नु कदापि न्यायोचित हुँदैन।

राजनीतिक शक्तिले सेनालाई आफ्नो राजनीतिक अभीष्ट पूरा गर्ने औजार सम्भिनु हुँदैन। सेनालाई राज्यको संवैधानिक निरन्तरता, नागरिक सुरक्षा र राष्ट्रिय स्थायित्वको अन्तिम कवचका रूपमा बुझ्नुपर्छ। कुनै दलको राजनीतिक घोषणापत्र, कुनै व्यक्तिको व्यक्तिगत धारणा वा सामाजिक सञ्जालको नारालाई आधार मानेर यसको संरचना निर्धारण हुँदैन। राष्ट्रको सुरक्षा संरचना कमजोर बनाएर लोकतन्त्र बलियो हुँदैन। तसर्थ, यस्तो संवेदनशील मुद्दालाई कसैले पनि राजनीतिक लोकप्रियताको माध्यम बनाउनु हुँदैन।

अर्को महत्त्वपूर्ण विषय, नेपालको संविधान जारी भएको एक दशकभन्दा बढी समय बितिसक्दा पनि सेनाको परिचालन, सञ्चालन तथा व्यवस्थापनलाई समयानुकूल र स्पष्ट रूपमा सम्बोधन गर्ने नयाँ सैनिक ऐन निर्माण हुन सकेको छैन। परिणामस्वरूप, वर्तमान संवैधानिक व्यवस्थासँग पूर्ण रूपमा सामञ्जस्य नराख्ने पुरानो कानुनी संरचनाकै आधारमा सेनाको सञ्चालन हुँदै आएको छ।

यस्तो कानुनी रिक्तता वा असमञ्जस्यता सेनाको संस्थागत सुदृढीकरण, व्यावसायिकता र दीर्घकालीन सुरक्षा व्यवस्थापनमा प्रश्न उठाउने अवस्था सिर्जना गर्छ। विद्यमान कानुनी व्यवस्थामा परिवर्तन आवश्यक ठानिएमा त्यसलाई विधि र प्रक्रियामार्फत संशोधन वा कानुन निर्माण गर्न सकिन्छ। आवश्यक कानुनी सुधारमा हुने ढिलाइ र निरन्तरको बहसले कानुनी अनिश्चितता कायम राख्ने जोखिम बढाउँछ। विशेषगरी, राष्ट्रिय सुरक्षाजस्तो संवेदनशील विषयमा स्पष्ट, स्थिर र समयानुकूल कानुनी आधार अपरिहार्य हुन्छ। हामीले के ध्यान दिनुपर्छ भने सेना कमजोर हुँदा राष्ट्रको सुरक्षा संयन्त्र पनि कमजोर हुन्छ। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्न सक्षम, अनुशासित, व्यावसायिक तथा संविधानप्रति प्रतिबद्ध राष्ट्रिय सेनाको विकल्प छैन। तर, पछिल्ला घटनाक्रमले सुरक्षा संरचना वा वैकल्पिक सैन्य शक्तिको अवधारणासमेत बहसमा ल्याउने प्रयास गरे।

तर, नेपालको संवैधानिक तथा राष्ट्रिय सुरक्षाको मूल आधार भनेको राष्ट्रिय सेना नै हो। नेपाली सेना नेपालको आधुनिक राजनीतिक संरचना निर्माण हुनुभन्दा अघिदेखि नै अस्तित्वमा रहेको ऐतिहासिक राष्ट्रिय संस्था भएकाले यसको संस्थागत निरन्तरता, एकता र व्यावसायिक चरित्रलाई कमजोर पार्ने कुनै पनि प्रयासले दीर्घकालीन सुरक्षा जोखिम निम्त्याउन सक्छ।

वि.सं. ०६३/६४ को परिवर्तन र त्यसअघिको सशस्त्र विद्रोह, त्यसैगरी २०८२ भदौ २३/२४ को जेन-जी आन्दोलनलगायत हालै तराईका जिल्लामा भएका दाङका क्रममा पनि नेपाली सेनाले खेलेको भूमिका आधारमा यसले आफूलाई देशको अन्तिम शक्तिका रूपमा स्थापित गऱ्यो। सेनाको भूमिकाविना देशको परिस्थिति बिल्कुल भिन्न हुने थियो। अतः राष्ट्रिय सुरक्षाको दीर्घकालीन हितका लागि नेपाली सेनालाई राजनीतिक प्रभावबाट मुक्त राख्दै यसको एकता, व्यावसायिकता, संवैधानिक निष्ठा र संस्थागत सुदृढीकरणलाई प्राथमिकता दिनु अपरिहार्य देखिन्छ।

निष्कर्षमा, सेना राष्ट्रिय एकताको आधार हो, जसले आफ्नो पेसागत अनुशासन र देशभक्तिलाई शिरमा राखेर अनवरत रूपमा आफ्नो जिम्मेवारी पूरा गर्दै आइरहेको छ। यसको मर्यादा भंग गर्ने, भूमिकालाई कमजोर बनाउने, र अप्ठ्यारो पर्दा तुरुन्त खटिएर परिस्थितिलाई नियन्त्रणमा लिने संस्थाको मनोबल घटाउने काम गर्नुहुँदैन। हामीले विगतका तितो अनुभवबाट सिक्नु आवश्यक छ। सेनालाई संवैधानिक दायरामा उभ्याउनुपर्छ, सेना कमजोर भए बलियो बनाउनुपर्छ, पेसेवर नभए पेसेवर बनाउनुपर्छ तर राजनीतिक स्वार्थको घेराबन्दीबाट पूर्ण रूपमा मुक्त राख्नुपर्छ। यसको सञ्चालनको कानुनी व्यवस्था ठिक नभए प्रक्रियाबद्ध रूपमा कानुन परिवर्तन गर्नुपर्छ।

सेनाको संख्या घटाउने विषय गम्भीर राष्ट्रिय सुरक्षाको मुद्दा हो। यो कुनै पनि राजनीतिक दल वा व्यक्तिले मनपरी बहस चलाएर सतही गफबाट प्रभावित हुने कुरा होइन। रणनीतिक तथा प्रतिरक्षा प्रणालीको बृहत् समीक्षापश्चात् मात्र यस्तो निर्णय गर्न सकिन्छ।

सेना राष्ट्रिय सुरक्षाको बलियो स्तम्भ हो। यस निकायलाई बदलिँदो अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा आन्तरिक सुरक्षा चुनौतीका आधारमा संविधान प्रदत्त भूमिका निर्वाह गर्न सक्ने क्षमता विकास गर्न लाग्नुपर्छ। यसबारे अनर्गल हल्ला फैलाएर संगठनलाई विवादमा ल्याउने कार्य उपयुक्त होइन। सैनिक संस्थालाई राजनीतिक दाउपेचको घेराबन्दीबाट मुक्त गराउनु आजको प्रमुख आवश्यकता हो। राजनीतिक स्वार्थका लागि सेना वा कुनै पनि सुरक्षा निकायको अपमान गर्ने तथा हुर्मत लिने प्रवृत्तिलाई सरकार वा प्रतिपक्ष कसैलाई पनि छुट छैन। जिम्मेवार पदमा रहेकाहरूले पदसँगै राष्ट्रप्रतिको दायित्व बिर्सनुहुँदैन।

---

## ३ प्रश्न

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सहप्रवक्ता **डा. समीरकुमार अधिकारी**सँग तीन प्रश्न



**विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार नेपालमा बर्सेनि ५६ हजारभन्दा बढी जलनको घटना हुनेरहेछ, जसमध्ये करिब २१ सयको मृत्यु हुनेरहेछ। जलन यति ठुलो जनस्वास्थ्य समस्या कसरी भयो ?**

नेपालमा धेरै कारणले जलनका घटना भइरहेका छन्। तराईमा जाडोमा न्यानोका लागि बालेको आगोले घरको खरदेखि ओछ्यान जलेर जलन हुने गरेको छ। पहाडमा डढेलो फेलिँदै आएर घर र परिवारलाई प्रभावित बनाउने गरेको छ। घरभित्र बिजुली सर्ट भएर, ग्यास पड्केर वा तातो पानी, तेल शरीरमा पोखिएरदेखि गाडी दुर्घटनापछि हुने आगजनीले पनि शरीर जल्ने गरेका छन्। त्यसमाथि पछिल्लो समय आत्महत्याका लागि शरीरमा आगो लगाउने प्रचलन एक्कासि बढेको देखिन्छ। असुरक्षाका माध्यम धेरै भएकाले जलन यति धेरै भएको हो।

**यति ठुलो जलनको घटना हुनेरहेछ, जल्नै नदिनका लागि सरकारले जनचेतनाको प्रयास के-कसो गरेको छ ?**

सरकारले जलन कम गर्ने सम्बन्धमा विभिन्न जनचेतनाका कार्यक्रम गरिरहेको छ। सञ्चारमाध्यमदेखि आत्महत्या रोक्ने सम्बन्धमा मानसिक सहयोगसम्बन्धी कार्यक्रम पनि अघि सारेको छ। तथापि, यससम्बन्धी जनचेतनका लागि सरकार मात्र नलागी सञ्चारमाध्यमदेखि गैरसरकारी संस्थाको पनि सहयोग आवश्यक हुन्छ।

**जलन उपचार सम्बन्धमा पूर्वाधारजति प्रायः काठमाडौँमै केन्द्रित छन्। सरकारले बनाएका कार्यविधि र बजेटअनुरूप पनि उपत्यकाबाहिर पूर्वाधार बन्न सकेको देखिँदैन नि ?**

होइन, यसमा समय लाग्छ। वर्न उपचार आफैँमा जटिल प्रक्रिया हो। यसको उपचारमा 'मल्टिस्पेसियालिटी' आवश्यक पर्छ। राजधानीबाहिर पूर्वाधार नै नभएको पनि होइन, तर कीर्तिपुर वा वीरमै जस्तो हुनलाई ती त्यहाँ अन्य रोगका विशेषज्ञहरू चाहिन्छ। वर्नको उपचारमा शरीरका सबै प्रणालीसँग जोडिएका विशेषज्ञ भए भने उपचार बढी प्रभावकारी हुन्छ। आवश्यक पर्छ। उपत्यकाबाहिर त्यस्तै अस्पताल खोजेर वर्न उपचार दिलाउने प्रयास हुँदै छ। यसमा प्रदेश र संघले काम गरिरहेको छ।

---

प्रेरक प्रसंग

## संगतको प्रभाव

एकपटक एक राजा आफ्ना सहयोगीहरूका साथ जंगलमा सिकार खेल्न गए। सिकार नभेटिएकाले खोज्दै जाँदा उनीहरू जंगलको निकै भित्री भागसम्म पुगे। एक ठाउँमा राजा रोकिएका के थिए, नजिकै रुखमा बसेको एउटा सुगाले राजालाई देख्नासाथ अचानक चिच्यायो- साथीहरू राजा आइरहेको छ। योसँग धेरै धन छ। यसलाई उम्किन नदेओ। आओ, लुट।




सुगाको आवाज सुनेपछि विभिन्न दिशाबाट डाकुहरू हातमा हतियार बोकेर राजा भएतिर अगाडि बढे। राजाले आफ्नो सानो सेना समूहले डाकुहरूको ठुलो समूहसँग लड्न सम्भव नभएको ठाने। त्यसैले, उनी जसोतसो त्यहाँबाट भागे र आफ्नो ज्यान जोगाउन सफल भए।

डाकुहरूको समूहबाट निकै टाढा पुगेपछि थकित राजा एउटा रुखको फेदमा एकैछिन सुस्ताए। उनी रुखको शीतल छायामा बस्नासाथ रुखमा बसेको एक सुगाले बडो मधुर स्वरमा भन्यो- आउनुहोस् महाराज ! हाम्रा साधु महाराजको कुटीमा हजुरलाई स्वागत छ। भित्र आउनुहोस्, चिसो पानी पिउनुहोस् र विश्राम गर्नुहोस्। दोस्रो सुगाको बोली सुनेर छक्क परेका राजा साधुको कुटीमा गए र साधुलाई प्रणाम गरेर आफूमाथि घटेका सबै घटना सुनाए।

उनले साधुसित प्रश्न गरे- हे साधु महाराज ! यी दुवै सुगाको व्यवहार र बोलीमा किन यति ठुलो अन्तर ? साधुले शान्त हुँदै भने- महाराज यो सबै संगतको प्रभाव हो।

पहिलो सुगा डाकुहरूको संगतमा हुर्किएको हुनाले उसले डाकुहरूकै भाषा बोल्यो। दोस्रो सुगाले आश्रममा आउने साधु, महात्मा र ऋषिहरूको संगत पायो। त्यसैले उसले उनीहरूकै भाषा बोल्यो। हे महाराज ! हरेक प्राणीको जीवनमा संगतको निकै ठुलो प्रभाव परेको हुन्छ। त्यसैले, हामी सबैले खराब संगतबाट टाढै बस्नुपर्छ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## सांसदहरूमा संयमता आवश्यक

केही दिनअघि काठमाडौं क्षेत्र नम्बर ३ का सांसद राजुनाथ पाण्डेले राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको सेनाको निगरानीमा बनाइएको गोकर्णको पर्खाललाई जबर्जस्ती डोजर लगाएर भत्काउन दबाब दिए। सेनाका क्याप्टेनले पर्खन अनुरोध गर्दा पनि उनले नमानेको भिडियो सामाजिक सञ्जालमा भाइरल भयो। अहिले पर्खाल भत्काइएको ठाउँमा पानी परेर पूरै हिलो भएकाले सर्वसाधारणलाई हिँड्डुल गर्न गाऱ्हो भएको छ। पर्खालले रोकिएका केही वन्यजन्तु बाहिर निक्लन थालेका छन्।

बाटो बनाउनुपर्नेमा कसैको विरोध छैन। तर, त्यसको नीतिनियम कानुन हुन्छ। नगरपालिकाले त्यो बाटो खोल्नका लागि २५ लाख रकम छुट्याएको नगरप्रमुखले बताउँदै आएका छन्। ढिलोचाँडो खुल्ने बाटोलाई खुलाएको जस लिन हतारमा पूर्वाधारविना पर्खाल भत्काइँदा अहिले समस्या आएको छ। केही दिनअघि हामी त्यहीँका स्थानीयले उनै सांसद पाण्डेलाई आफ्ना समस्या राख्दा रास्वपाका नगर सभापतिले त्यो सांसदले गर्ने काम नभई मेयरको क्षेत्राधिकारको काम भनेर पन्छिए। अर्का रास्वपा सांसद खगेन्द्र सुनारले संसदीय समितिमा प्रहरीलाई घिसारेर ल्याउने अभिव्यक्तिको चौतर्फी आलोचना भयो। यी दुई प्रतिनिधि घटना हुन्, जसमा रास्वपा सांसदहरूको अहंकार देखियो। कोही खुट्टा भाँच्ने, हात भाँच्नेजस्ता शब्द बोलिरहेका सुनिन्छन्। शक्ति र सत्ता आउँदा थप संयमित हुनुपर्नेमा घमन्ड गर्नु राम्रो होइन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं

## कहिले हुन्छ वाचा कार्यान्वयन ?

सरकार गठन भएको चार महिना बितिसक्दा पनि जनताले अनुभूत गर्ने खालका एउटा पनि काम हुन सकेको छैन। जनतामा बढेको निराशा वितृष्णा र आक्रोशको मनोविज्ञानलाई यो शक्तिशाली सरकारले पनि सल्ट्याउन नसक्ने हो त ? उपभोक्ताले ग्यास र मलजस्ता आवश्यक सामानसमेत पाउन सकेका छैनन्। जनताको दैनिक जीविकासँग सरोकार राख्ने र भविष्यसँग गाँसिएका सवालमा कहिले संवेदनशील नहुने प्रवृत्ति दुर्भाग्यबाहेक अरू के हुन सक्छ ? रास्वपा सभापति रवि लामिछानेले चुनावी प्रचारका क्रममा एक सम्बोधनमा 'आमा बालेनले देश बनाउँछ' भनेका थिए। तर, त्यो वाचा कहिले व्यवहारमा महसुस हुन्छ ?

● **गम्भीरजंग आचार्य**, सुनकोशी- ५, सिन्धुली

## प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री

अल्पमतमा परेपछि बागमतीका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सोमबार पदबाट राजीनामा दिएसँगै नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको छ। प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बानियाँको राजीनामा स्वीकृत गर्दै नयाँ सरकार गठनका लागि आह्वान गरेका छन्। प्रदेशहरूमा सरकार गठनका लागि एमाले-नेकपाले सहमति गरेका भए पनि सो गठबन्धनलाई सरकार बनाउन थप दुई सिट आवश्यक पर्छ। प्रदेशमा छिटो-छिटो सरकार बदलिरहेको यो अर्को उदारण हो। प्रदेशको साख जोगाउन पनि प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री चाहिन्छ। प्रदेशमा संघमा जस्तो प्रत्यक्ष निर्वाचित सरकार प्रमुख त्यति विवादित पनि छैन।

● **मुकेश महर्जन**, चारधारा, कीर्तिपुर

## राज्यको विफलता

यस वर्षको मनसुनमा पनि विपत्जन्य दुर्घटनामा कमी आएको देखिएन। धेरै स्थानमा अधिक वर्षाका कारण बाढीपहिरोजस्ता घटना भइरहेका छन्। ठुलो धनजनको क्षतिका अतिरिक्त धेरैले ज्यान पनि गुमाइरहेका छन्। मनसुन नियमित प्रक्रिया हो र यस समयमा हुने बाढीपहिरोबारे सबै अवगत नै छन्। त्यही पनि पूर्वतयारीदेखि प्रकोप आउन नै नदिनेजस्ता काममा सरकारी र गैरसरकारी पक्ष किन कहिल्यै गम्भीर हुँदैन ? यो खासमा राज्य तथा नागरिक समाजको विफलता हो। सरकारले दीर्घकालीन योजनाअन्तर्गत नियमत काम गरेर मनसुनको समयमा हुने जीवनको क्षति एकदम कम वा शून्यमा झार्नमा लाग्नुपर्छ।

● **विपिन आचार्य**, परवानीपुर, बारा

लेख, रचना तथा पाठक टिप्पणीका लागि नयाँ इमेल ठेगाना
nayapatrikaopinion@gmail.com

---

# इजरायलमा धार्मिक दक्षिणपन्थी शक्तिको चुनौती

## धार्मिक शक्तिले यहुदी-इजरायली समाजभित्र सार्वजनिक जीवनका आयामलाई पनि पुनर्परिभाषित गरिरहेको छ



देश/विदेश

● एहाब जाबारिन
(जाबारिन इजरायलभित्रका प्यालेस्टिनी राजनीतिक विश्लेषक तथा अनुसन्धानकर्ता हुन्)

पछिल्लो समयमा इजरायलमा अतिरुढीवादी र धार्मिक-राष्ट्रवादी शक्तिले राजनीतिक प्रभाव जमाइरहेका छन्। यी विषयमा लैंगिक पृथकीकरण, धार्मिक शिक्षा, यहुदीका धार्मिक कानुनका अधिकार, धार्मिक तथा नागरिक कानुनबिचको सम्बन्ध र बस्ती बसाउने तथा भूभागमाथि नियन्त्रण कायम गर्ने कार्य समावेश छन्। उनीहरूको यो बढ्दो प्रभावले धार्मिक कट्टरपन्थ र राज्यसत्ताका सम्बन्धमा एउटा पेचिलो प्रश्न खडा गर्छ- जब कट्टरपन्थी शक्तिलाई राज्यको संरचनाभित्रैबाट पुनर्स्थापना गर्न राज्यका विद्यमान संस्थाहरूको प्रयोग हुन्छ तब के हुन्छ ?

दुईदेखि पाँच वर्षपछिको तेलअभिभको तस्बिर हेर्नुहोस्। क्याफेहरू अझै पनि खुला छन्। महिलाहरू अझै पनि सडकमा हिँड्छन्। चुनाव भइरहेको छ। नेसेटको बैठक अझै पनि बस्छ। सर्वोच्च अदालतले आफ्नो ढोका बन्द गरेको छैन। कुनै 'कु' भएको छैन। यद्यपि, केही गहिरो परिवर्तन भएको छ। धार्मिक जनताको सम्मानको रूपमा लैंगिक विभाजनका ठाउँहरू विस्तार भइरहेका छन्। धार्मिक विद्यालयले विज्ञान, गणित वा अंग्रेजी पढाउने दायित्वबाट उम्कँदा बढी पैसा प्राप्त गर्छन्। धार्मिक मागले सार्वजनिक जीवनमा बढी महत्त्व बोक्छन्।

यो परिवर्तन कुनै धर्मनिरपेक्ष राज्य वा समान राजनीतिक व्यवस्थामा भइरहेको होइन। इजरायलको स्थापना यहुदी राज्यका रूपमा भएको थियो जबकि त्यहाँ भइरहेको राजनीतिक प्रणालीभित्र प्यालेस्टिनीले कहिल्यै समानताको अनुभूति गर्न पाएका छैनन्। अर्कोतर्फ, विवाह र सम्बन्धविच्छेद, धर्मपरिवर्तन र यहुदी पहिचानको मान्यतालाई लामो समयदेखि धर्मले नै आकार दिँदै आएको छ। सार्वजनिक जीवन तथा भूमि र सार्वभौमिकतासम्बन्धी दाबीमा राज्यको 'यहुदी चरित्र'लाई अझ स्पष्ट रूपमा धार्मिक शब्दावलीमा परिभाषित गर्ने धार्मिक तथा राष्ट्रवादी शक्तिहरूको बढ्दो प्रभाव परिवर्तनको मुख्य पक्ष हो। त्यस्तो भविष्यको रूपरेखा अहिले नै देखिन थालिसकेको छ।

हालको नेसेट (इजरायली संसद्)मा युनाइटेड तोराह जुडाइज्म, रिलिजियस जियोनिज्म, ओत्ज्मा यहुदी र नोआमजस्ता धेरै हारेदी (धार्मिक-राष्ट्रवादी दलहरू)को प्रतिनिधित्व छ। उनीहरू एउटै गुट होइनन् र सबै विषयमा उनीहरूको सहमति पनि छैन। हारेदीहरू मुख्यतया धार्मिक शिक्षाको स्वतन्त्रता, सैन्य सेवामा छुट, बजेट र धार्मिक संस्थाामा केन्द्रित हुन्छन्। यता, 'रिलिजियस जियोनिज्म' र 'काहानिस्ट' दक्षिणपन्थी धारले भने धर्मलाई राष्ट्रवाद, बस्ती विस्तार, युद्ध र भूमिमाथिको नियन्त्रणसँग जोड्ने गर्छन्।

ती भिन्नताका बाबजुद गठबन्धनको राजनीतिमा उनीहरूको बढ्दो प्रभावले राज्यको नीति-निर्माणको केन्द्रमा धार्मिक मागको एक विस्तृत दायरालाई ल्याएको छ। यो धार्मिक झुकावले प्यालेस्टिनीका लागि भने उनीहरूले भोगिरहेको असमानता सिर्जना गरेको मात्र छैन, बरु यसले विद्यमान जातीय-राष्ट्रिय संरचनाभित्र धार्मिक विशेषाधिकारको अवधारणालाई भित्र्याएको छ। भूमि र सार्वभौमिकतासम्बन्धी राष्ट्रिय दाबीहरू जब 'यस भूमिमा यहुदीको नियन्त्रण हुनु भनेको ईश्वरीय वाचाको परिपूर्ति हो' भन्ने विश्वाससँग जोडिन्छन्, तब प्यालेस्टिनीहरूलाई केवल सुरक्षासम्बन्धी समस्याका रूपमा मात्र नभई, धार्मिक-राष्ट्रिय दृष्टिकोणले पनि अवरोधका रूपमा समेत हेर्न थालिन्छ।

नेगेभ क्षेत्रमा विद्यमान असमानता पहिले नै प्रस्ट देखिन्छ- गाउँ तथा घरहरू भत्काउने कार्य, बेदुइन समुदायको जबर्जस्ती विस्थापन र अरब बस्तीलाई यहुदी बस्तीसरह विस्तार हुने समान अवसर नदिने योजना इत्यादि। कब्जा गरिएको वेस्ट बैंकमा भने उक्त विद्यमान असमानता र धार्मिक-राष्ट्रवादी शक्तिबिचको अन्तरसम्बन्ध अझ बढी प्रस्ट छ। त्यहाँ बस्ती विस्तारसम्बन्धी नीति, बस्ती बसाउनेहरूको शक्ति र धार्मिक मान्यताले एक-अर्कालाई अझ बलियो बनाउँदै लगेका छन्। सुरक्षा नीतिका रूपमा रहेको 'कब्जा' र धार्मिक उद्धारको मान्यताका रूपमा रहेको 'बस्ती विस्तार' एउटै परियोजनामा मिसिएका छन्। यस्तो धार्मिक दृष्टिकोणले भूभागसम्बन्धी सम्झौतालाई वैधानिकता दिन अझ कठिन बनाउन सक्छ। जब जमिनमाथिको नियन्त्रणलाई ईश्वरीय वाचाको परिपूर्तिका रूपमा प्रस्तुत गरिन्छ, तब त्यहाँबाट पछि हट्ने कार्यलाई केवल राजनीतिक वा रणनीतिक निर्णयका रूपमा चित्रण गर्न सकिन्छ।

धार्मिक शक्तिले यहुदी-इजरायली समाजभित्र सार्वजनिक जीवनका आयामलाई पनि पुनर्परिभाषित गरिरहेको छ। लैंगिक पृथकीकरण यसको एउटा उदाहरण हो। यसको विस्तारलाई प्रायः व्यक्तिगत स्वतन्त्रतामाथिको बन्देजका रूपमा नभई धार्मिक स्वतन्त्रताको सम्मान वा व्यवस्थापनका रूपमा प्रस्तुत गरिन्छ। महिला र पुरुषलाई अलग्याउने कार्यलाई 'सांस्कृतिक समायोजन' मानिन्छ भने निश्चित स्थानमा महिलाहरूको पहुँच वा उपस्थिति सीमित पार्ने कार्यलाई 'धार्मिक आस्था राख्नेहरूको स्वतन्त्रताको रक्षा'का रूपमा व्याख्या गरिन्छ। यस्तो दृष्टिकोणले बहसको मूल विषयलाई नै मोडिदिन्छ। जब महिलालाई पछाडि बस्न भनिन्छ वा कुनै समारोह, संस्था वा शैक्षिक कार्यक्रममा उनीहरूको सहभागिता सीमित पारिन्छ, तब बहस धार्मिक समुदायका आवश्यकता सम्बोधन गर्न राज्य कतिसम्म अघि बढ्नुपर्छ भन्ने विषयमा केन्द्रित हुन्छ। यो विषय अदालत र समाज दुवैमा अझै पनि विवादको घेरामा छ।

लैंगिक पृथकीकरण सामान्य नियम बनेको छैन। तर, यी माग सीमान्तबाट कानुन, विश्वविद्यालय, सेना र सार्वजनिक संस्थाहरूमा सरेको तथ्यले शक्ति सन्तुलन पहिले नै परिवर्तन भइसकेको देखाउँछ। जुलाई २०२६ मा नेसेटले उच्च शिक्षामा लैंगिक पृथक् अध्ययनलाई उन्नत डिग्री कार्यक्रममा विस्तार गर्ने कानुन पारित गऱ्यो। शिक्षाले धार्मिक स्वायत्तता र साझा नागरिक दायित्वबिचको सन्तुलनका बारेमा समान प्रश्न उठाउँछ। राज्यले ठुलो हरेदी शिक्षा क्षेत्रलाई रकम जुटाउँछ जबकि ती विद्यालयहरूले आधारभूत विषय पढाउँछन् कि पढाउँदैनन भन्ने बहस जारी छ।

*अलजजिराबाट*

# इमरानलाई अस्पताल सार्ने फैसला, बढ्यो मेलमिलापको आशा

## पाकिस्तानको सर्वोच्च अदालतले जेलमा रहेका पूर्वप्रधानमन्त्री खानलाई कम्तीमा एक महिनाका लागि अस्पताल स्थानान्तरण गर्न अनुमति दिएको छ

पाकिस्तानको सर्वोच्च अदालतले देशका पूर्वप्रधानमन्त्री तथा विपक्षी दल 'पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई)'का संस्थापक नेता इमरान खानलाई रावलपिन्डीको अदियाला जेलबाट इस्लामाबादको सिफा अन्तर्राष्ट्रिय अस्पतालमा दुई दिनभित्र स्थानान्तरण गर्न आदेश दिएको छ। खानको पार्टीले महिनौँदेखि गरेको माग अन्ततः अदालतले स्वीकार गरेको हो।

खानका पक्षमा वकालत गरेका वकिलहरूमध्ये एक उजैर भण्डारीले बताएअनुसार मंगलबार तीनसदस्यीय इजलासले खानको उपचारको निरीक्षण गर्न एक मेडिकल बोर्ड गठन गर्न पनि आदेश दिएको छ। यसमा पूर्वप्रधानमन्त्री खानकी बहिनी डा. उज्मा खान र उनका व्यक्तिगत चिकित्सक डा. फैसल सुल्तान पनि समावेश हुनेछन्।



● आबिद हुसेन
हुसेन कराँचीमा बसेर राजनीति, विदेश नीति, सुरक्षा मुद्दा, मानव अधिकारदेखि संस्कृतिसम्मका मुद्दामा कलम चलाउँछन्।

'अदालतले खानको परिवारलाई अस्पतालमा भेट्न र विदेशमा बस्ने उनका छोराहरूसँग कुरा गर्न अनुमति दिनसमेत निर्देशन दिएको छ,' भण्डारीले भने। अब यस मुद्दामा अर्को सुनुवाइ सेप्टेम्बर १६ का लागि तय गरिएको छ। पछिल्लो आदेशअनुसार खान कम्तीमा त्यतिन्जेलसम्म अस्पतालमा भर्ना हुन सक्ने वकिलले मिडियालाई बताएका छन्।

अगस्ट २०२३ मा जेल परेदेखि नै खान र उनको पार्टीले उनी राजनीतिक प्रतिशोधको सिकार भएको दाबी गर्दै आएका छन्। उनलाई कैयौँ भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा दोषी ठहर गरिएको छ। तथापि, जेलमा अरूबाट अलग एक्लो राखिएको र स्वास्थ्य अवस्थालाई नियमित निगरानी गर्न नदिइएको कारण उनको शारीरिक अवस्था कमजोर भएको उनको परिवार सदस्य र पार्टीले आरोप लगाउँदै आएको छ।

अदियाला जेलका सुपरिटेन्डेन्टले सोमबार अदालतमा पेस गरेको प्रतिवेदनपछि सर्वोच्च अदालतको आदेश आएको हो। प्रतिवदेनमा ७३ वर्षीय खानको मुटुसम्बन्धी अगस्ट १० को परीक्षण विवरण उल्लेख थियो, जसमा उनमा रक्तचाप नियमित घटबढ भइरहेको र एन्जाइटी देखिएको उल्लेख छ। खानलाई जेलमा अलग राखिएको र परिवारिक भेटमा पनि बन्देज लगाइएकाले एन्जाइटी देखिएको परिवार स्रोतले जनाएको छ।

मंगलबारको सुनुवाइको क्रममा, अदालतले पाकिस्तानका महान्याधिवक्तालाई मेडिकल रिपोर्टमा केही जानकारी नरहेको उल्लेख गर्दै 'खानको नाडी र मुटुको अवस्था सामान्य नभएको' र 'उपचारमा लापरबाहीले उनका शरीरका महत्त्वपूर्ण अंगहरूमा पनि असर देखिन थालेको आरोप लगाएको छ।' उसो त यसअघि पनि खानको परिवारले उनलाई अस्पताल सार्नुपर्ने माग राखेको थियो। फेब्रुअरीदेखि यता मात्रै अदालतहरूले यस्तो स्थानान्तरण अनुरोध दुईपटक अस्वीकार गरिसकेको थियो।



केही विश्लेषकहरूले मंगलबारको फैसलालाई सरकार र पाकिस्तानको प्रमुख विपक्षी दलबिच मेलमिलापको संकेतका रूपमा हेरेका छन्। बलुचिस्तान प्रान्तमा सुरक्षा चुनौती बढ्दै गएको र आजाद जम्मू-कस्मिर(पाकिस्तान प्रशासित जम्मु-कस्मिर)मा विरोध प्रदर्शनहरू भइरहेको वेला राजधानीमा पिटिआईसँगको आन्दोलन सुरु भए सरकारलाई कठिन होला भनेर पनि त्यस्तो तयारी भएको हुन सक्छ।

पिटिआईका एक वरिष्ठ नेता जुल्फी बुखारीले मिडियासँग बोल्दै फैसलाले पार्टीको लामो समयदेखि भन्दै आएको 'खानलाई आदियाला जेलबाहिर स्वतन्त्र, विशेष उपचार आवश्यक रहेको' अडान पुष्टि भएको बताए। 'कारागार प्रणालीभित्र प्रदान गरिएको चिकित्सा हेरचाह उनको रोजाइको स्वतन्त्र विशेषज्ञहरूद्वारा गरिने गहन मूल्यांकनको विकल्प हुन सक्दैन,' बुखारीले भने। पिटिआईले खानलाई सिफा अन्तर्राष्ट्रिय अस्पतालमा स्थानान्तरण गर्न र उनका आफ्नै डाक्टरहरूको निगरानीमाउ प्रचार हुनुपर्ने पहिलेदेखि माग गरेको पनि बुखारीले बताए।

सरकारी अधिकारीहरूले भने कुनै कैदीलाई जेलबाट अस्पताल सार्न देशको कार्यकारीको निर्देशनभन्दा न्यायिक फैसला आवश्यक पर्ने बताउँदै आएका थिए। पाकिस्तानका प्रधानमन्त्री सेबाज सरिफका सल्लाहकार राणा सनाउल्लाहले अदालतको फैसलाअघि सोमबार सिनेटमा यस विषयमा बोल्दै खानले जेलभित्र 'उपलब्ध उत्तम चिकित्सा उपचार' पाइरहेका बताएका थिए। साथै, प्रधानमन्त्रीका सल्लाहकारले खानको अवस्था पिटिआईले भनेजस्तो चिन्ताजनक नभएको पनि बताएका थिए।

पछिल्लो फैसला जेलभित्र खानको पहुँचमा गरिएको कडाइको विषयमा पिटिआईले विरोध गरिरहेको समयमा आएको छ। पिटिआईले खानको अस्पताललाई स्थानान्तरणलाई सरकारसँग वार्ता पुनर्जीवित गर्ने सर्तको रूपमा प्रस्तुत गर्दै आएको छ। त्यस्तै, पिटिआई नेतृत्वले खानको उचित उपचारदेखि अन्य विभिन्न मुद्दामा सेप्टेम्बर २७ देखि देशव्यापी विरोध सुरु गर्ने घोषणा गरेको छ।

### पिटिआईको आगामी चाल

पछिल्लो फैसलापछि पिटिआईले आफ्ना समर्थकहरूलाई सिफा अन्तर्राष्ट्रिय अस्पतालबाहिर भेला नहुन आग्रह गरेको छ। खानको उपचारको क्रममा अस्पतालवरिपरि 'शान्तिपूर्ण वातावरण' प्रदान गरिदिन एक विज्ञप्ति जारी गर्दै पार्टीले सबै समर्थक तथा शुभचिन्तकलाई आह्वान गरेको छ। इमरान खानकी बहिनीहरूमध्ये एक अलिमा खानले मंगलबारको फैसलापछि अदालतबाहिर पत्रकारहरूसँग बोल्दै परिवारले बेन्चलाई मुद्दाको सार सार्वजनिक रूपमा छलफल नगर्ने आश्वासन दिएको पनि बताइन्। उनका अनुसार यो सुनुवाइसँग जोडिएको सर्त हो।

'एक समय यस्तो आएको थियो, जब हामी पूर्ण रूपमा निराश भएका थियौँ,' खानकी बहिनी अलिमाले भनिन्, 'तर त्यही अवस्थामा, भगवान्ले हाम्रा लागि न्यायको बाटो खोलिदिनुभएको छ।' मंगलबारको अदालतको आदेशपछि, पिटिआईका प्रवक्ता सेख वकास अकरमले सेप्टेम्बर २७ मार्चको पूर्वघोषित विरोधको तयारी 'जारी रहने' बताएका छन्। 'इमरानले हामीलाई न्याय र कानुनको शासनका लागि प्रयासमा लागि पर्न निर्देशन दिएका छन्। त्यो हाम्रो वृहत्तर लक्ष्य हो, र हामी विरोधको तयारी जारी राख्नेछौँ,' पार्टी प्रवक्ता अकरमले भने।

सरकारले अदालतको आदेश पालना गरेमा र सन् २०२४ को चुनावमा आफूहरूको 'मतादेश चोरिएको'बारे खुला वाचा गरे मात्र पार्टीले भावी कदमबारे पुनर्विचार गर्ने प्रवक्ता अकरमले बताए। 'यदि उनीहरूले त्यसो गरेनन् भने, हामीसँग हाम्रो ऱ्यालीलाई जारी राख्नुबाहेक अरू विकल्प रहँदैन,' अकरमले भने। उता खैबर पख्तुनख्वा प्रान्तका मुख्यमन्त्री तथा वरिष्ठ पिटिआई नेता सोहेल अफ्रिदीले सामाजिक सञ्जाल एक्समा लेख्दै अदालतको आदेशलाई 'न्यायमा आधारित, प्रशंसनीय निर्णय' भने। साथै, उनले पिटिआईले खानको स्वास्थ्यमा 'कुनै राजनीति नगर्ने' पनि बताए।

### सम्बन्ध सुधारको संकेत ?

केही विश्लेषकहरूले मंगलबारको फैसलालाई सरकार र पाकिस्तानको प्रमुख विपक्षी दलबिच मेलमिलापको संकेतका रूपमा हेरेका छन्। 'विगतमा, सम्झौताको बारेमा धेरै हल्ला भए, तर केही प्रतिफल भएन। तर, यसपटक, पिटिआईसँग सम्भावित सम्बन्ध सुधारका केही संकेतहरू देखिएका छन्,' लाहोरस्थित राजनीतिक विश्लेषक बेनजिर शाहले भनिन्, 'बलुचिस्तान प्रान्तमा सुरक्षा चुनौती बढ्दै गएको र आजाद जम्मू-कस्मिर(पाकिस्तान प्रशासित जम्मु-कस्मिर)मा विरोध प्रदर्शनहरू भइरहेको वेला, राजधानीमा पिटिआईसँगको आन्दोलन सुरु भए सरकारलाई कठिन होला भनेर पनि त्यस्तो तयारी भएको होला।'

क्षेत्रफलको हिसाबले पाकिस्तानको सबैभन्दा ठुलो र सबैभन्दा कम जनसंख्या भएको दक्षिण-पश्चिमी प्रान्त बलुचिस्तानमा यसै वर्ष सयौँ पृथकतावदी आक्रमण भए। पाकिस्तान-प्रशासित कस्मिरमा पनि अधिकारीहरूले चुनावी र आर्थिक सुधारको माग गर्दै नागरिक समाज गठबन्धनलाई प्रतिबन्ध लगाएपछि महिनौँदेखि अशान्ति देखिएको छ। गत महिना भएको क्षेत्रीय चुनावको वेला भएको हिंसाले दर्जनौँ मानिसहरूको ज्यान लियो।

तर, शाहले सम्बन्ध सुधारको संकेतमा बढी आशावादी नहुन चेतावनी दिँदै कुनै पनि मेलमिलाप खासमा इमरान खान आफैँमा निर्भर हुने बताए। 'उनी पिटिआईको मूल व्यक्तित्व बनेका छन्। पार्टीसँगको कुनै पनि सरकारको सम्झौताका लागि अन्ततः उनको स्वीकृति आवश्यक पर्नेछ,' उनले भनिन्, 'यदि उनलाई अस्पताल सारियो र अन्य पार्टी नेताहरूसँग बढी पहुँच दिइयो भने बल्ल त्यसपछि मात्र उनी विद्यमान राजनीतिक र सैन्य सेटअपमा संलग्न हुन तयार छन् कि छैनन् भन्ने स्पष्ट हुनेछ।'

*अलजजिराबाट*

# इजरायलले कतारसँग यसकारण चाहन्न वैमनस्यता

## सार्वजनिक रूपमा बढ्दो आपसी शत्रुताका बाबजुद दुवै देशलाई अझै पनि एक-अर्काको आवश्यकता छ

इजरायलमा सानो खाडी राज्य कतारसँगको सम्बन्ध कडा प्रतिस्पर्धात्मक चुनावी मौसमको केन्द्रविन्दुमा छ। अक्टोबरको चुनावमा बेन्जामिन नेतन्याहुलाई हटाउन खोजिरहेका इजरायली पूर्वप्रधानमन्त्री नाफ्ताली बेनेटले हालै कतारलाई शत्रु राज्य घोषित गर्ने वकालत गरेका छन्। उनले धेरै इजरायली 'इन्फ्ल्युएन्सर' र 'अनुसन्धान संस्था'ले दोहाबाट रकम लिने गरेको आरोपसमेत लगाएका छन्। यो बेनेटको नेतन्याहुलाई पछार्न खोज्ने राजनीतिक रणनीतिसँग मिल्छ।



● रब गाइस्ट पिनफोल्ड
पिनफोल्ड किङ्स कलेज लन्डनमा अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी प्राध्यापक हुन्।

तर, इजरायल र कतार निकटभविष्यमै पूर्ण रूपमा शत्रु बन्ने सम्भावना कम छ। एक दशकभन्दा बढी समयदेखि इजरायलले हमाससँग सम्पर्कको माध्यमका रूपमा दोहाको प्रयोग गर्दै आएको छ। ७ अक्टोबर २०२३ को आक्रमणले यो सम्बन्धलाई थप विवादास्पद बनाए पनि यसलाई पूर्ण रूपमा अन्त्य भने गरेन। यसैबिच, कतारले गाजा क्षेत्रको वर्तमान र भविष्यमा आफूलाई एक प्रमुख भूमिका निर्वाह गर्ने पक्षका रूपमा स्थापित गरेको छ। धरातलीयस्तरमा आफ्नो प्रभाव कायम राख्न कतारले इजरायलसँग कम्तीमा उच्च तहमा भए पनि सुमधुर सम्बन्ध बनाएर राख्नु आवश्यक छ। छोटकरीमा भन्नुपर्दा सार्वजनिक रूपमा बढ्दो आपसी शत्रुताका बाबजुद (हालै कतारी अधिकारीले पनि इजरायलको आलोचना बढाएका छन्) दुवै मुलुकलाई अझै पनि एकअर्काको आवश्यकता छ।



आज उनीहरूको सम्बन्धमा देखिएको शत्रुताले यसको एकदमै भिन्न विगतलाई ओझेलमा पारेको छ। सन् १९९० को दशकमा दोहा ठिक उल्टो कारणले गर्दा अरूभन्दा भिन्न देखिन्थ्यो, इजरायल अन्य कुनै पनि खाडी मुलुकको तुलनामा कतारसँग बढी नजिक थियो। सन् १९९५ मा सेख हमाद बिन खलिफा अल थानीले अमिरको (शासक)का रूपमा सत्ता सम्हालेको केही समयपछि नै कतारले इजरायललाई व्यापारिक कार्यालय खोल्ने अनुमति दियो। त्यसको एक वर्षपछि इजरायली प्रधानमन्त्री सिमोन पेरेसले कतारको भ्रमण गरे र इमिरसँग भेटवार्ता गरे। सन् २००० को दशकको सुरुतिर 'दोस्रो इन्तिफादा' (प्यालेस्टिनी विद्रोह) सुरु भएपछि उनीहरूको सम्बन्धमा असर पऱ्यो। तैपनि, सम्बन्ध कायम नै रह्यो। सन् २००८ सम्म आइपुग्दा पनि इजरायली विदेशमन्त्री जिपी लिभ्नीले दोहामा आयोजित एक सम्मेलनमा मुख्य सम्बोधन गरेकी थिइन्। यसलाई 'मध्यमार्गी अरब राष्ट्र'सँग सम्बन्ध स्थापना गर्ने प्रयासको एक हिस्साका रूपमा लिइएको थियो, जुन आजका मुख्य धाराका इजरायली राजनीतिज्ञले कतारबारे गर्ने टिप्पणीभन्दा निकै भिन्न कुरा हो।

त्यसपछिका घटनाक्रमले खुला सम्बन्ध विस्तारको प्रक्रियालाई अवरुद्ध पारे। पहिलो घटना सन् २००७ मा हमासद्वारा गाजापट्टीमाथि नियन्त्रण कायम गर्नु थियो। यसलाई अमेरिका र इजरायलले एउटा संकटको रूपमा हेरे। यसको विपरीत, कतारले गाजाको नयाँ यथार्थलाई इजरायली-प्यालेस्टिनी द्वन्द्वमा आफ्नो कूटनीतिक भूमिका र प्रभाव विस्तार गर्ने अवसरका रूपमा लियो। तदनुरूप, कतारले इजरायलसँगको सार्वजनिक संलग्नताबाट पछि हट्दै हमाससँग खुला रूपमा सम्बन्ध विकास गर्ने रणनीतिक परिवर्तन अपनायो। हमासको नियन्त्रणपछि गाजाको भ्रमण गर्ने सेख हमाद विश्वका पहिलो नेता बने। सन् २०१२ र २०१४ मा गाजामा भएका द्वन्द्वपछि दोहा गाजामा पुनर्निर्माण र मानवीय सहायताका लागि प्रमुख बाह्य आर्थिक स्रोत उपलब्ध गराउने पक्ष बन्यो। यसले कतारलाई इजरायल र गाजाबिच उत्पन्न हुने तनाव वा द्वन्द्वमा मध्यस्थता गर्ने इजिप्टको परम्परागत भूमिकालाई चुनौती दिने अवसर प्रदान गऱ्यो।

यद्यपि, इजरायलका धेरै दाबीको विपरीत कतारले गाजामा लगानी गरेको एक अर्ब डलरभन्दा बढी रकम सिधै हमासलाई दिइएको थिएन। कतारी अधिकारीले उक्त रकम गाजाका सर्वसाधारणको आवश्यकता पूरा गर्न खर्च गरिएको कुरा स्पष्ट पार्न विशेष जोड दिए। सुटकेसमा राखेर गाजा पठाइएको रकमको केही हिस्सा हमासले हिनामिना गरेको भन्ने आलोचनाको जवाफमा कतारले पछि रकम पठाउने विधि परिवर्तन गरी बैंकमार्फत रकम पठाउनुका साथै इन्धन र मानवीय सहायताजस्ता सामग्री सिधै उपलब्ध गराउने व्यवस्था गऱ्यो। अझ विवादित विषय त के थियो भने कतारले गाजाका निजामती कर्मचारीको तलबका लागि रकम उपलब्ध गरायो। पछि इजरायलले तीमध्ये धेरैजसो हमाससँग आबद्ध रहेको दाबी गऱ्यो। कतिपय टिप्पणीकारको तर्क छ कि यदि त्यो रकम हमासको सैन्य शाखामा नगएको भए पनि कतारी कोषले उक्त क्षेत्रको यथास्थिति कायम राखेर समूहलाई सत्तामा टिकाइराख्न मद्दत गऱ्यो। यसविपरीत कतारको तर्क भने मानवीय संकट टार्न र हमासलाई नभई गाजालाई सहयोग गर्न आफूले रकम उपलब्ध गराएको भन्ने थियो।

निर्विवाद कुरा के हो भने यी सबै कार्यमा इजरायल र संयुक्त राज्य अमेरिका दुवैको सहमति थियो। सन् २०१२ मा ओबामा प्रशासनको अनुरोधमा कतारले हमासको निर्वासनमा रहेको राजनीतिक नेतृत्वलाई आश्रय दिन मन्जुर गऱ्यो। यसको उद्देश्य अनौपचारिक संवादको माध्यम खोल्नु र उक्त समूहको दृष्टिकोणमा नरमपन ल्याउन सकिन्छ कि भनेर बुझ्नु थियो। साथै, आफूलाई 'आतंकवादको प्रायोजक'को बिल्ला नलाग्ने अमेरिकी सुनिश्चितता पाएपछि मात्र कतारले गाजालाई रकम उपलब्ध गराउन थालेको थियो। इजरायलले नाकाबन्दी गरेको उक्त क्षेत्रमा पैसा र सहायता पुऱ्याउनेलगायत काममा प्रत्यक्ष रूपमा सहजीकरण गरेको थियो। सन् २०२० को सुरुतिर नेतन्याहुले मोसादका निर्देशक योसी कोहेनलाई दोहा पठाएर कतारीलाई भुक्तानी जारी राख्न मनाएका थिए। त्यसपछि भुक्तानी रकम बढाइएको थियो।

आपसी स्वार्थको मेलले यो नयाँ परिपाटीलाई अघि बढाएको थियो। हमाससँगको सम्बन्ध वैचारिकभन्दा पनि कतारको त्यो बृहत् रणनीतिको हिस्सा थियो, जसअन्तर्गत उसले अन्य मुलुकले 'अस्वीकार्य' वा 'बहिष्कृत' ठान्ने पक्षहरूसँग सम्बन्ध विस्तार गर्थ्यो। यसले कतारलाई मध्यस्थकर्ता वा नरम प्रभाव पार्ने शक्तिका रूपमा एक विशिष्ट पहिचान दिलायो। यसले दोहालाई आफ्नो सानो आकारभन्दा धेरै ठुलो प्रभाव जमाउन र विश्वका संवेदनशील क्षेत्रमा हुने घटनाक्रमलाई आकार दिने भूमिका खेल्न सक्षम बनायो। इजरायलको दृष्टिकोणबाट हेर्दा हमासको कब्जापछि गाजालाई आर्थिक सहयोग गर्नुले दुइटा उद्देश्य पूरा गर्थ्यो, गाजापट्टीलाई वेस्ट बैंकबाट भौगोलिक र राजनीतिक रूपमा अलग राख्नु र यथास्थिति कायम राखी उक्त क्षेत्रलाई पूर्ण पतनबाट जोगाउनु।

यी दुवै प्रकारका धारणा अक्टोबर ७ मा चकनाचुर भए। हमासको नेतृत्वमा भएको आक्रमणले उक्त समूहलाई नियन्त्रणमा राख्न सकिन्छ भन्ने इजरायलको भ्रम तोडिदियो। यसले कतारको त्यो दाबीलाई पनि कमजोर बनायो कि हमाससँगको संलग्नताले उसलाई नरम बाटोतर्फ डोऱ्याउनेछ। साथै, यस आक्रमणले हमाससँगको सम्बन्धका कारण कतारलाई अभूतपूर्व छानबिन र आलोचनाको घेरामा ल्याइपुऱ्यायो। तर, त्यसपछिको युद्धले दोहाले किन सुरुमै त्यस्तो सम्बन्ध विकास गरेको थियो भन्ने कुरा प्रस्ट पाऱ्यो। हमास, इजरायल र संयुक्त राज्य अमेरिकासँगको कतारको विश्वसनीयताले उसलाई असाधारण कूटनीतिक भूमिका निर्वाह गर्न सक्षम बनायो, जसले अन्ततः दुईपटक युद्धविराम गराउन मद्दत गऱ्यो।

त्यसपछि 'कतारगेट' प्रकरण सार्वजनिक भयो। सन् २०२५ को सुरुतिर इजरायलका विभिन्न सञ्चारमाध्यमले एउटा सनसनीपूर्ण दाबी सार्वजनिक गरे, प्रधानमन्त्रीको कार्यालयमा कार्यरत रहँदा नेतन्याहुका केही सहयोगीले दोहाको छवि र स्वार्थ प्रवर्द्धन गर्न कतारबाट रकम लिएका थिए। कतारले कुनै पनि गलत काम गरेको कुरा अस्वीकार गऱ्यो, तर यस काण्डले नेतन्याहुका विरोधीलाई आलोचनाका विभिन्न विषयलाई जोड्ने मौका दियो, जस्तै- उनको लामो समयदेखि चलिरहेको भ्रष्टाचारसम्बन्धी मुद्दा, विदेशी सहयोगीसँगको उनको सम्बन्ध र इजरायलमा व्यापक रूपमा हमासको संरक्षक मानिने देशसँग उनको सरकारको कारोबार। यस धारणाअनुसार, नेतन्याहुको कथित संलग्नता भ्रष्टाचारको सीमा नाघेर देशद्रोहको स्तरसम्म पुगेको थियो। तेलअभिभमा 'बिबी (नेतान्याहु) र कतार इजरायलको विरुद्धमा' लेखिएका स्टिकर सर्वत्र देखिन थाले।

*फरेन अफेयर्सबाट*

## इतिहासमा आज
अगस्ट १९



**सन् १९९१** : सोभियत संघका महासचिव मिखाइल गोर्भाचेभविरुद्ध पार्टीका कट्टरपन्थीहरूले बढी उदार भएको आरोपमा 'कु' प्रयास गरे। दुई दिनसम्म पार्टी महासचिवलाई नजरबन्दमा राखेका 'कु' पक्षधर आमविरोधपछि पछाडि हट्न बाध्य भए। गोर्भाचेभ पुन सत्तामा फर्किए, तर यसले उनको शासन र सत्तारूढ कम्युनिस्ट पार्टी दुवैलाई कमजोर बनायो।

- **सन् १९१९** : अफगानिस्तानले संयुक्त अधिराज्यबाट स्वतन्त्रता प्राप्त गऱ्यो। यस देशको शासनमाथि सन् १८५९ देखि ब्रिटेनले विभिन्न रूपमा नियन्त्रण कायम गरेको थियो। अफगानिस्तानमा आफ्नो शासन सुदृढ पार्न धेरैपटक प्रयास गरे पनि अफगान जनताले ब्रिटिस नियन्त्रणको विरोध गरे र सन् १९१९ मा राजा अमानुल्लाहले अफगानिस्तानलाई बेलायतको अधीनबाट स्वतन्त्र भएको घोषणा गरेका थिए।
- **सन् १९४४** : फ्रेन्च प्रतिरोध फौजले फ्रान्स कब्जा गरिबसेका जर्मन फौजविरुद्ध मुख्य विद्रोह सुरु गरे। यही प्रतिरोधको कारण ६ दिनपछि जर्मन कमान्डर डिट्रिच भोन चोलटिज आत्मसमर्पण गर्न तयार भए।
- **सन् १९५७** : विश्वमा पहिलोपटक मानिस सवार हट-इयर बेलुन एक लाख फिटको उचाइमा पुग्यो।
- **सन् १९६४** : विश्वकै पहिलो 'जियोस्टेसनरी' भूउपग्रह प्रक्षेपण गरियो। 'सिनकोम ३' नामक उक्त सञ्चार उपग्रह फ्लोरिडाको केप क्यानाभेरलबाट प्रक्षेपण गरिएको थियो।
- **सन् १९९८** : संयुक्त राष्ट्रसंघको मध्यस्थतामा इरान र इराकबिच आठ वर्षदेखि जारी लडाइँ युद्धविराममा रोकियो। दुवै पक्ष संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव ५९८ अनुरूप युद्धपूर्वको सीमामा फर्किन तयार भयो। यसले पाँच लाखको ज्यान लिएको युद्ध अन्त्यको सुरुवात गऱ्यो।
- **सन् २००४** : विश्वचर्चित चर्च इन्जिन गुगलले न्यास्ड्याक स्टक बजारबाट सेयर बिक्री सुरु गऱ्यो।
- **सन् २०१०** : अमेरिकी सेनाले इराक युद्ध अन्त्य गर्ने हिसाबले सैन्य अभियानबाट आफ्ना फौज फिर्ता गर्ने अभियान यसै दिन सम्पन्न गऱ्यो। तथापि, करिब ५० हजार अमेरिकी फौज इराकी सेनालाई तालिम दिने उद्देश्यले त्यहीँ रह्यो।

# ट्रम्पले फेरि दिए ओमानमाथि बमबारी गर्ने धम्की






**वासिंटन डिसी**/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नै मित्र राष्ट्र ओमनलाई अमेरिका-इरानबिचको सम्झौतामा अवरोध पुऱ्याउने कुनै काम गरे बमबारी गर्ने चेतावनी दिएका छन्।

अमेरिका र इरानबिचको वार्ता प्रयास अवरुद्ध भएको समयमा ओमान 'स्ट्रेट अफ हर्मुज' जलमार्ग खोल्ने विषयमा तेहरानसँग अलग रूपमा वार्ता गरिरहेको छ। उता इरानले अमेरिकासँग भने सिधै कुरा नगर्ने बताएको छ।

सोमबार नै इरानी अधिकारीहरूले ओमानसँग हर्मुजको विषयमा जारी वार्ता निष्कर्षनजिक पुगेको बताएका थिए। उता सोमबार वासिंगटन र तेहरानबिचको ६० दिने समझदारी ज्ञापनपत्र (एमओयू)को समयावधि सकिएको छ। यो समय अवधि सकिएसँगै अब इरान र अमेरिकाबिच पुनः युद्ध सुरु हुने चिन्ता बढेको छ। इरानले वार्ता पुनः सुरु हुने कुरा अमेरिकी व्यवहारमा भर पर्ने बताएको छ।

ट्रम्पले ओमानलाई धम्की दिएको यो पहिलोपटक होइन। यसअघि पनि ट्रम्पले अमेरिकाको सहयोगी देश ओमानलाई आक्रमणम गर्ने चेतावनी दिएका थिए। तथापि, इतिहासमा कहिल्यै पनि ओमान र अमेरिकासँग प्रत्यक्ष द्वन्द्व भएको छैन।

विवादित स्ट्रेट अफ हर्मुजको केही भाग ओमनमा पनि पर्छ। ओमानले आफूलाई अमेरिका-इरान युद्धमा तटस्थ राख्ने प्रयास गरे पनि उच्च दबाब सामाना गरिरहेको छ।

# घट्यो सिमेन्ट निर्यात

## बिआइएस प्राप्ति तथा नवीकरणमा ढिलाइ हुँदा आव ०८२/८३ मा सिमेन्टको निर्यात १८ करोडले घट्यो

नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष **राजेशकुमार अग्रवाल** भन्छन्-



भारतले समयमै गुणस्तर चिह्न बिआइएस नवीकरण नगरिदिँदा नेपाली सिमेन्टको निर्यात प्रभावित भइरहेको छ। बिआइएस एक वर्षको मात्रै दिने व्यवस्था छ। त्यसमा पनि नवीकरण प्रक्रियामा नै ढिलाइ गरिदिन्छ। हाम्रो तानसेन सिमेन्टको बिआइएस पनि एक्स्पायर भएपछि दुई महिना निर्यात प्रभावित भयो, त्यसपछि अहिले निर्यात भइरहेको छ।

**कृष्ण रिजाल**/नयाँ पत्रिका

भारतीय गुणस्तरको झन्झटिलो प्रक्रियाले नेपालको सिमेन्ट निर्यात प्रभावित भएको छ। अधिक मूल्य अभिवृद्धि हुने मिसेन्टको निर्यातलाई सरकार र निजी क्षेत्रले उच्च प्राथमिकतामा राखेको भए पनि भारतीय गुणस्तर चिह्न (बिआइएस)को प्रक्रियागत झन्झटले पछिल्ला दुई वर्षयता सिमेन्टको निर्यात घट्न थालेको हो।

नेपालका सिमेन्टलगायत अधिकांश वस्तुले भारत निकासीका लागि भारतीय गुणस्तर (ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड-बिआइएस) चिह्न लिनुपर्छ। यो भनेको नेपालको नेपाल गुणस्तर चिह्न (एनएस)जस्तै हो। तर, बिआइएस चिह्न हरेक वर्ष नवीकरण गर्नुपर्ने र नवीकरण प्रक्रियाका कारण तीन महिनासम्म निर्यात प्रभावित हुने गरेको व्यवसायीहरू बताउँछन्। यसले गर्दा नेपालको सिमेन्ट निर्यातले अपेक्षाकृत गति लिन नसकेको उनीहरूको भनाइ छ।

भारतले समयमै भारतीय गुणस्तर चिह्न 'ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड' (बिआइएस) नवीकरण नगरिदिँदा नेपाली सिमेन्टको निर्यात प्रभावित भएको नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल बताउँछन्। 'बिआइएस एक वर्षको मात्रै दिन थालेको छ। नवीकरण प्रकृयामा नै ढिलाई गरिदिन्छ,' उनले भने, 'हाम्रो तानसेन सिमेन्टको बिआइएस पनि एक्स्पायर भएपछि दुई महिना निर्यात प्रभावित भयो, त्यसपछि अहिले निर्यात भइरहेको छ।'




पछिल्ला चार वर्षयता भाएका क्लिंकर र सिमेन्टको निर्यात (रुपैयाँमा)

| आर्थिक वर्ष | क्लिंकर | सिमेन्ट | कुल |
|---|---|---|---|
| ०७९/८० | ४२ करोड ३ लाख | ३५ करोड ९० लाख | ७७ करोड ९३ लाख |
| ०८०/८१ | १ अर्ब ८८ करोड | १ अर्ब ९७ करोड | ३ अर्ब ८५ करोड |
| ०८१/८२ | ६९ करोड ७४ लाख | २ अर्ब २२ करोड | २ अर्ब ९१ करोड ७४ लाख |
| ०८२/८३ | ७९ करोड ७९ लाख | २ अर्ब ४ करोड | २ अर्ब ८३ करोड ७९ लाख |

भारतले नेपाल गुणस्तर चिह्नलाई स्वीकार गर्दैन। त्यसैले हरेक नेपाली वस्तुले भारतीय गुणस्तर चिह्न लिनैपर्छ। गुणस्तर चिह्न दिनका लागि भारतले अधिकृतहरू तोकेर नेपाली उत्पादनको परीक्षणसमेत गर्ने गर्छ। गुणस्तर चिह्नको म्याद सकिएपछि उद्योगीहरूले पुनः एक वर्षको नवीकरणका लागि निवेदन दिनुपर्ने व्यवस्था छ। निवेदन दिएपछि भारतले प्रक्रियागत कारण देखाउँदै तीन महिनासम्म समय लिने गरेको छ। जसले गर्दा उक्त अवधिसम्म नेपाली उद्योगले निर्यात गर्न पाउँदैन। यसरी नवीकरण गर्न लाग्ने प्रक्रियागत झन्झटिलो कारणले उद्योगहरूले तीन महिनासम्म निर्यात गर्न नपाउने अवस्था सिर्जना भएको उद्योगीहरू बताउँछन्।




सरकारले नेपाली उत्पादनका लागि बिआइएस चिह्न दिने तथा त्यसको नवीकरणका गर्ने प्रक्रियालाई सरलीकृत गरिदिन भारतलाई पटक-पटक आग्रह गर्दै आएको छ। पछिल्ला दुई वर्षयता नेपाल-भारत वाणिज्य वार्तामा समेत यो विषय उठ्दै आएको छ। हरेक दुईपक्षीय वार्ता तथा कूटनीतिक भेटघाटमा भारतले बिआइएसलाई सहजीकरण गरिदिने प्रतिबद्धतासमेत गर्दै आएको छ। तर, कार्यान्वयन भने हुन नसकेको व्यवसायीहरू बताउँछन्।

आर्थिक वर्ष ०८२/८३ मा नेपालले कुल दुई अर्ब ८३ करोड ७९ लाख रुपैयाँबराबरको क्लिंकर तथा सिमेन्ट निर्यात गरेको छ। जुन अघिल्लो आव ०८१/८२ को तुलनामा सात करोड ९५ लाख रुपैयाँले कमी हो। आव आव ०८१/८२ मा दुई अर्ब ९१ करोड ७४ लाख रुपैयाँबराबरको सिमेन्ट तथा क्लिंकर निर्यात भएको थियो। जुन आव ०८०/८१ को तुलनामा ९३ करोड २६ लाखले कमी हो। नेपालबाट सर्वोत्तम, अर्घाखाँची, तानसेनलगायत उद्योगले सिमेन्ट निर्यात गर्दै आएका छन्। बिआइएस चिह्न लिन तथा नवीकरण गर्न सहज हुने भए अन्य उद्योगले पनि निर्यात गर्न सक्ने उद्योगीहरूले बताउँदै आएका छन्।

नेपाल र भारतबिचको गुणस्तरको मापदण्ड समान नहुँदासमेत समस्या भइरहेको अग्रवालले बताए। 'नेपालको गुणस्तर भारतको जस्तै बनाउनुपर्ने थियो, तर अन्य देशको हेरेर झन् कडा बनाइयो,' उनले भने, 'गुणस्तरको मापदण्ड भएपछि सोहीअनुसार निर्यातका लागि छुट्टै उत्पादन गर्नुपर्छ, लागत बढ्छ।'

### उच्च प्राथमिकता, सुस्त प्रगति

नेपालमा आर्थिक वर्ष ०७८/७९ देखि सिमेन्टको व्यावसायिक निर्यात सुरु भएको देखिन्छ। उक्त आवमा १२ लाख ९३ हजार रुपैयाँबराबरको १५ हजार एक सय ८९ टन सिमेन्ट निर्यात भएको विभागको तथ्यांक छ। सरकारले प्रोत्साहनसमेत उपलब्ध गराउने घोषणा गर्दै सिमेन्ट निर्यातलाई उच्च प्राथमिकतामा राखेको थियो। निजी क्षेत्रका ठुला उद्योगले पनि निकासीका लागि भारतीय गुणस्तरमा समेत सिमेन्टको उत्पादन गर्न, भारतमा आयातकर्ता खोज्न तथा बजारीकरण एवं प्रचारप्रसार गर्न सुरु गरे। आव ०७९/८० मा ७७ करोड ९३ लाखको सिमेन्ट निर्यात भएको थियो। आव ०८०/८१ मा तीन अर्ब ८५ करोड २८ लाखको सिमेन्ट तथा क्लिंकर निर्यात भएको विभागको तथ्यांक छ। तर, भारतले गुणस्तर चिह्न (बिआइएस)को बखडा झिकेर निर्यात अवरोध गरेपछि निर्यात ओरालो लागेको देखिन्छ। आव ०८०/८१ पछि भारतले बिआइएस दिन र त्यसको नवीकरण गर्न कडिकडाउ गर्दै आएको व्यवसायीहरू बताउँछन्।

### साढे पाँच लाख टन क्लिंकर निर्यात

आर्थिक वर्ष ०८२/८३ मा ७९ करोड ७९ लाख २६ हजार रुपैयाँबराबरका पाँच लाख ६१ हजार एक सय १२ टन क्लिंकर र दुई अर्ब तीन करोड ६१ लाख २९ हजार रुपैयाँबराबरका नौ लाख २३ हजार तीन सय ७६ टन सिमेन्ट निर्यात भएको भन्सार विभागको तथ्यांक छ। त्यसअघि आव ०८१/८२ मा ६९ करोड ७३ लाख ७८ हजार रुपैयाँबराबरका चार लाख ९० हजार दुई सय ७२ टन क्लिंकर र दुई अर्ब २१ करोड ९४ लाख १८ हजार रुपैयाँबराबरका तीन लाख ५६ हजार चार सय ७३ टन सिमेन्ट निर्यात भएको थियो।

# साउनमा ७० हजार श्रमिक गए वैदेशिक रोजगारीमा, धेरैको गन्तव्य युएई

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८३/८४ को पहिलो महिना साउनमा ७० हजार चार सय ४१ जनाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्। वैदेशिक रोजगार विभागका अनुसार साउनमा एक सय १४ देशमा रोजगारी गर्न जान युवाले श्रम स्वीकृति लिएका छन्। गत आव ०८२/८३ को पहिलो महिनामा ६८ हजार एक सय १० जनाले श्रम स्वीकृति लिएका थिए।

विभागका अनुसार श्रम स्वीकृति लिनेमध्ये ६० हजार चार सय ७२ पुरुष र नौ हजार नौ सय ६९ महिला रहेका छन्। त्यस्तै, २७ हजार सात सय ४८ ले पुनः श्रम स्वीकृति लिएका छन्। दोहोर्‍याएर वैदेशिक रोजगारमा जानेहरूले पुनः श्रम स्वीकृति लिनुपर्ने प्रावधान छ। साउनमा म्यानपावर कम्पनीमार्फत २९ हजार चार सय ४७ युवा वैदेशिक रोजगारीमा गएका छन्। त्यस्तै, व्यक्तिगत एजेन्टमार्फत १२ हजार चार सय ४२ युवा विभिन्न देश पुगेका छन्। व्यक्तिगत एजेन्टमार्फत धेरैजसो युरोपेली देश जाने श्रमिकको संख्या बढी हुने गरेको छ। त्यस्तै, कोरिया र इजरायलमा 'जिटुजी'मार्फत रोजगारीमा जानेको संख्या सात सय १२ रहेको छ।

| देश | संख्या |
|---|---|
| युएई | १८ हजार ७ सय ८४ |
| मलेसिया | १२ हजार ४ सय ९८ |
| कतार | १० हजार ३ सय ६० |
| साउदी अरेबिया | ८ हजार ६ सय १३ |
| कुवेत | ४ हजार ५ सय ६७ |
| रोमानिया | २ हजार ९ सय ८ |
| जापान | १ हजार २ सय ४४ |
| ओमान | १ हजार एक सय ७९ |
| पोर्चुगल | १ हजार एक सय ७९ |
| टर्की | १ हजार २१ |

*स्रोत : वैदेशिक रोजगार विभाग*

साउनमा सबैभन्दा धेरै १८ हजार सात सय ८४ युवा युएई पुगेका छन्। त्यस्तै, मलेसियामा १२ हजार चार सय ९८, कतारमा १० हजार तीन सय ६०, साउदी अरेबियामा आठ हजार ६ सय १३ र कुवेतमा चार हजार ६ सय १३ युवा श्रम स्वीकृति लिएर पुगेका छन्। रोमानियामा दुई हजार नौ सय आठ, जापानमा एक हजार दुई सय ४४, ओमान र पोर्चुगलमा समान एक हजार एक सय ७९ तथा टर्कीमा एक हजार २१ युवाले श्रम स्वीकृति लिएर पुगेका छन्।

### श्रम विभागमार्फत एक करोड ४० लाख जरिवाना असुली

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहतका कार्यालयले श्रमिकलाई तलब, सुविधा नदिने विभिन्न प्रतिष्ठानबाट एक करोड ४० लाख रुपैयाँ सम्बन्धित श्रमिकलाई दिलाएको जनाएको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयले जारी गरेको प्रेस नोटअनुसार साउनमा विभागले श्रमिकको अधिकार र पारिश्रमिक भुक्तानी नपाएको भन्ने निवेदनलाई प्राथमिकताका साथ फर्स्योट गरेको छ। त्यसै क्रममा विभिन्न प्रतिष्ठानबाट श्रमिकलाई तलब, सुविधालगायत भुक्तानी दिलाइएको हो। त्यस्तै, बालश्रमको अवस्थाबारे साउनमा देशैभरका तीन सय ७१ वटा प्रतिष्ठानमा निरीक्षण भएको र बालश्रम गराउने प्रतिष्ठान तथा व्यक्तिलाई दुई लाख २० हजार जरिवाना गरिएको मन्त्रालयले जनाएको छ। साउनमा श्रमिकका तर्फबाट तीन सयवटा व्यक्तिगत दाबी उजुरी र २६ वटा सामूहिक दाबी उजुरी दर्ता भएका थिए।


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय टिकापुर, कैलालीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०५/०३ गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय टिकापुर, कैलाली**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात २०८३/०६/१४ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय टिकापुर, कैलाली**मा दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी :** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सुदुर पश्चिम प्रदेश धनगढी कैलालीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०६/११ मा दर्ता भई प्रा.फ.र.नं. १३७५९ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय धनगढी, करदाता सेवा कार्यालय लम्कीबाट मिति २०७७/०६/१२ गतेमा करदाताको नाम रमेश बहादुर खत्री कारोबारको नाम रमेश कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१३७८९९५४ को प्रमाणपत्र प्राप्त **रमेश कृषि फर्म।**
**रजिष्ट्रड ठेगाना :** कैलाली जिल्ला जोशिपुर गाउपालीका वडा नं. ०५ सिमराना।

**प्रोप्राराइटर तथा जमानतकर्ता : रमेश बहादुर खत्री** (ना.प्र.नं. ३६४३२, जारी मिति २०६२/०८/०६ गते, जि.प्र.का. कैलाली)।
ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं. ५ (साविक बौनिया गा.बि.स. वडा नं. ४)।
बाबु : नृप बहादुर खत्री। बाजे : नर बहादुर खत्री।

**जमानतकर्ता : चन्द्रा रावल** (ना.प्र.नं.: ६९१०४१/२१७७४ जारी मिति २०६८/०५/२५ गते, जि.प्र.का. अछाम)।
स्थाई ठेगाना : अछाम जिल्ला मङ्गलसेन न.पा. वडा नं. १२ (साविक बान्नातोली गा.बि.स.वडा नं. ८।
हालको ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं. ५।
बाबु : लोक बहादुर रावल।
पति : रमेश बहादुर खत्री। ससुरा : नृप बहादुर खत्री।

**जमानतकर्ता : खण्टी देबी खत्री** (ना.प्र.नं.: ३९४३३, जारी मिति २०६२/०८/०६ गते, जि.प्र.का. अछाम)।
स्थाई ठेगाना : अछाम जिल्ला बान्नीगढी जयगढ गा.पा. वडा नं. ४ (साविक तिमिल्सैन गा.बि.स.वडा नं. ५।
हालको ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं. ५।
बाबु : कर्ण बहादुर रावल। पति : नृप बहादुर खत्री। ससुरा : नर बहादुर खत्री।

**२. ऋणी : रमेश बहादुर खत्री** (ना.प्र.नं. ३६४३२, जारी मिति २०६२/०८/०६ गते, जि.प्र.का. कैलाली)।
ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं. ५ (साविक बौनिया गा.बि.स. वडा नं. ४)।
बाबु : नृप बहादुर खत्री। बाजे : नर बहादुर खत्री।

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**
१. खण्टी देबी खत्रीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला सिमराना गा.वि.स. वडा नं. ६, नक्सा सिट नं., ६ स्थित कित्ता नं. ६६९, क्षेत्रफल ०-५-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......१
२. ऋणी रमेश कृषि फर्मको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...........१

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय टिकापुर, कैलाली**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय टिकापुर, कैलाली**मा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**


# पहिलो महिना पौने चार अर्बको विदेशी लगानी प्रतिबद्धता

**काठमाडौं**/ चालू आर्थिक वर्ष ०८३/८४ को साउन महिनामा तीन अर्ब ७७ करोड रुपैयाँबराबर प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको छ। उद्योग विभागका अनुसार साउनमा एक सय ९१ उद्योग तथा आयोजनामा लगानी सो रकमबराबरको प्रतिबद्धता आएको छ। गत आव ०८२/८३ को पहिलो महिनामा २४ अर्ब १० करोड ४९ लाखको प्रतिबद्धता आएको थियो।

चालू आवको साउनमा सूचना प्रविधि (आइटी) क्षेत्रमा एक सय २८ उद्योग दर्ता भएका छन् भने पर्यटनमा ३३ उद्योग दर्ता भएका छन्। यी क्षेत्रबाट एक अर्ब ६३ करोड ७८ लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। गत वर्ष नेपालबाट चीनमा राँगाको मासु निर्यात गर्ने कम्पनी प्रोसेस्ड कुक्ड बफेलो मिट फ्याक्ट्रीका लागि सबैभन्दा ठुलो लगानी प्रतिबद्धता आएको थियो। एउटै परियोजनामा २० अर्ब ४५ करोडको प्रतिबद्धता आएको थियो। चालू आव भने ठुलो लगानी प्रतिबद्धता एउटा उद्योगमा मात्र आएको छ। मध्यमस्तरीय उद्योग दईवटा र अन्य सानो लगानीका उद्योगमा लगानी प्रतिबद्धता आएको हो।

साउनमा कुल एक सय २८ उद्योग आइटीमा दर्ता भएका छन्। ५६ करोड ९८ लाख रुपैयाँ मात्र प्रतिबद्धता आएको छ। संख्यात्मक हिसाबमा पर्यटन दोस्रो स्थानमा छ। पर्यटनका ३३ उद्योग दर्ता भएका छन्। जसमा कुल एक अर्ब ६३ करोड ७८ लाख रुपैयाँबराबर प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको उद्योग विभागले जनाएको छ।

# सरकारी पोर्टलमा दर्ता गराएर मात्रै अनलाइन व्यापार गर्न निर्देशन

**काठमाडौं**/ वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सरकारी पोर्टलमा सूचीकृत भएर मात्रै मात्रै अनलाइन व्यापार गर्न निर्देशन जारी गरेको छ। विभागले मंगलबार एक सूचना प्रकाशित गर्दै विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ तथा विद्युतीय व्यापार (ई-कमर्स) निर्देशिका, २०८२ जारी भई कार्यान्वयनमा आइसकेको र सोहीअनुसार अनलाइन व्यापार गर्नुपर्ने जनाएको हो।

ऐनले विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, पर्यटन, मनोरञ्जन, यातायात, ढल, मर्मत-सम्भार, बैंकिङ, बिमा, कानुनी, लेखा परीक्षण, चिकित्सा वा इन्जिनियरिङ वा यस्तै प्रकृतिका अन्य सेवाहरू कम्प्युटर, मोबाइल वा यस्तै प्रकृतिका विद्युतीय उपकरणको प्रयोग गरी वेबसाइट, एप्लिकेसन, सफ्टवेयर, इन्टरनेट, इन्ट्रानेट, सामाजिक सञ्जालको मार्केटप्लेसलगायतका माध्यमबाट सूचना संकलन, सम्प्रेषण वा संग्रह गरी वस्तु वा सेवाको कारोबार गर्ने प्रयोजनका लागि बनाइएको प्रणाली प्रयोग गरी व्यवसाय गर्ने प्रणाली ई-कमर्स भएको व्याख्या गरेको छ। तर, केही व्यक्तिले सामाजिक सञ्जालमा विज्ञापन राखेर मात्रै अनलाइन कारोबार गर्ने र उपभोक्ता ठगिने जोखिम रहने भएकाले आधिकारिक विद्युतीय पलटफर्म बनाएर सरकारी पोर्टलमा सूचीकृत भई अनलाइन व्यापार गर्नुपर्ने विभागको भनाइ छ।

यस्ता वेबसाइटहरू विभागमा अनिवार्य रूपले सूचीकृत हुनुपर्ने व्यवस्थासमेत पालना गर्न निर्देशन जारी भएको छ। विभागमा सूचीकृत नभई वा गैरकानुनी विद्युतीय प्लाटफर्मबाट व्यवसाय सञ्चालन गरेको पाइएमा विद्युतीय व्यापार ऐन, ०८१ अनुसार कारबाही हुने पनि विभागले जनाएको छ।

# सिँचाइका राष्ट्रिय गौरवका आयोजना पाँच वर्षभित्र सक्ने लक्ष्य

नयाँ पत्रिका

सरकारले राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको कार्यान्वयनमा नयाँ गति दिने गरी समयसीमा पुनरवलोकन गर्दै पाँच वर्षभित्र सबै आयोजना सम्पन्न गर्ने लक्ष्य अघि सारेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मंगलबार समयसीमा पुनरवलोकन गरी स्पष्ट कार्ययोजनाका साथ अघि बढ्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन्।

गौरवका आयोजनालाई निर्धारित समयभित्र सम्पन्न गर्न नतिजामुखी अनुगमन, अन्तरनिकाय समन्वय र जिम्मेवारी स्पष्ट गर्ने प्रणाली विकास गरिने मन्त्री श्रेष्ठले बताए। भेरी-बबई बहुउद्देश्यीय, बबई र सिक्टा सिँचाइ आयोजनालाई भने आगामी तीन सुक्खा मौसमभित्र सम्पन्न गर्ने गरी काम अघि बढाउन उनले निर्देशन दिए। सिँचाइ आयोजनालाई कृषि उत्पादन र औद्योगिक विकाससँग जोडेर आर्थिक वृद्धिको आधार बनाउने नीति मन्त्रालयले अघि सारेको छ।

मन्त्रालयका योजना महाशाखा प्रमुख तथा सहसचिव मोहनकुमार शाक्यका अनुसार राष्ट्रिय गौरवका ६ वटा सिँचाइ तथा जलस्रोत आयोजनामध्ये अधिकांशलाई आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने गरी कार्ययोजना तयार गरिएको छ। मन्त्रालयले राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन 'सेतु' (सिँचाइ कार्यान्वयन तथा अनुगमन इकाइ) स्थापना गर्ने भएको छ। आयोजनास्थल र मन्त्रालयबिच समन्वयको पुलका रूपमा काम गर्ने उक्त इकाइले आयोजनाको प्रगति, समस्या र समाधानका विषयमा नियमित अनुगमन गर्नेछ।

प्रमुख निर्माणस्थलमा सिसिटिभी जडान गरी मन्त्रालयबाटै प्रत्यक्ष दृश्य हेर्न सकिने व्यवस्था मिलाइनेछ। आयोजनाको भौतिक तथा वित्तीय प्रगति, ठेक्का प्याकेज, जग्गा प्राप्ति, वन स्वीकृति र भुक्तानीलगायत विवरणलाई एकीकृत ड्यासबोर्डमा राखिनेछ। प्रगति निर्धारित सीमाभन्दा तल गएमा तत्काल समीक्षा गर्ने पूर्वसूचना प्रणालीसमेत विकास गरिने मन्त्रालयले जनाएको छ।



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री **विराजभक्त श्रेष्ठ** भन्छन्-



लामो समयदेखि राज्यले गरेको लगानीको प्रतिफल अब किसानको खेतसम्म पुऱ्याउने वेला आएको छ। सिँचाइ आयोजनालाई कृषि उत्पादन र औद्योगिक विकाससँग जोडेर आर्थिक वृद्धिको आधार बनाउने नीति अघि सारेका छौँ।

## कुन आयोजनाको प्रगति कति ?

सुनकोशी-मरिण डाइभर्सन आयोजनाको लागत अनुमान ६१ अर्ब ६५ करोड रुपैयाँ रहेकोमा हालसम्म करिब १७ अर्ब रुपैयाँ खर्च भएको छ। आयोजनाको वित्तीय प्रगति २७.३ र भौतिक प्रगति ३२ प्रतिशत छ। हालै करिब २४ अर्ब रुपैयाँको ठेक्का पुनः बोलपत्रमा गएको छ। आयोजनाबाट करिब एक लाख २२ हजार हेक्टर कमान्ड क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ।

त्यस्तै, भेरी-बबई बहुउद्देश्यीय आयोजनाको लागत करिब ३३ अर्ब २० करोड रुपैयाँ छ। हालसम्म १९ अर्ब ३० करोड रुपैयाँ खर्च भइसकेको छ। वित्तीय प्रगति ५८.६ र भौतिक प्रगति ६६.४ प्रतिशत पुगेको छ। निर्माणको गति बढाएर दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

सिक्टा सिँचाइ आयोजनाबाट ४२ हजार सात सय हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेकामा हाल करिब २५ हजार हेक्टरमा सुविधा पुगेको छ। करिब ५२ अर्ब ८९ करोड रुपैयाँ लागत रहेको आयोजनाको वित्तीय प्रगति ४४ र भौतिक प्रगति ५१ प्रतिशत छ। 'डिस्पर्सिभ स्वाइल'का कारण देखिएको प्राविधिक समस्या समाधान गरी पाँच वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य छ।

यसैगरी, रानी जमरा-कुलरिया सिँचाइ आयोजनाबाट ३८ हजार तीन सय हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ। हाल १३ हजार दुई सय हेक्टरमा सिँचाइ पुगेको छ भने ४.७ मेगावाट विद्युत्समेत उत्पादन भइरहेको छ। करिब ३० अर्ब रुपैयाँ लागतको आयोजनाको वित्तीय प्रगति ७३ र भौतिक प्रगति ७५ प्रतिशत छ। साथै, विश्व बैंकको सहयोगमा थप १३७ मिलियन डलरबराबरको नहर विस्तार गरी १८ हजार हेक्टर सिञ्चित क्षेत्र विकासको कार्य आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने गरी अगाडि बढेको छ।

बबई सिँचाइ आयोजनाबाट ३६ हजार हेक्टरमा सिँचाइ पुऱ्याउने लक्ष्य रहेकामा हाल २८ हजार आठ सय हेक्टरमा सुविधा पुगेको छ। २६ अर्ब ६९ करोड रुपैयाँ लागत रहेको आयोजनामा १८ अर्ब २१ करोड रुपैयाँ खर्च भइसकेको छ। वित्तीय प्रगति ६८.२३ र भौतिक प्रगति ८१.९७ प्रतिशत पुगेको छ। आर्थिक वर्ष ०८५/८६ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

महाकाली सिँचाइ आयोजनाबाट ३३ हजार पाँच सय हेक्टरमा सिँचाइ पुऱ्याउने लक्ष्य रहे पनि हाल करिब पाँच हजार एक सय ५५ हेक्टरमा मात्र सुविधा पुगेको छ। करिब ३७ अर्ब रुपैयाँ लागत अनुमान रहेको आयोजनामा हालसम्म १० अर्ब ७४ करोड रुपैयाँ खर्च भएको छ। वित्तीय प्रगति ३०.६८ र भौतिक प्रगति करिब ३१ प्रतिशत छ। जग्गा प्राप्ति तथा महाकाली सन्धिअनुसार भारतबाट प्राप्त हुने पानीको अनिश्चितता प्रमुख चुनौती रहेको छ। आयोजना आर्थिक वर्ष ०९१/९२ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

## आइएमई लाइफको नवौं वार्षिकोत्सव

# आविष्कार केन्द्रसँग बेबी वार्मर वितरण सम्झौता

नयाँ पत्रिका

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड स्थापनाको १०औं वर्षमा प्रवेश गरेको छ। सोही अवसरमा कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका विविध कार्यक्रम गरी वार्षिकोत्सव मनाएको छ। कम्पनीका अनुसार केन्द्रीय कार्यालयमा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ। साथै, देशभरका आफ्ना शाखा कार्यालयमार्फत पनि रक्तदान, वृक्षारोपण, खाद्यान्न वितरणलगायत बिमा सचेतना कार्यक्रम सञ्चालन गरिएको बताइएको छ।




सोही क्रममा कम्पनीले राष्ट्रिय आविष्कार केन्द्रसँग न्यायो नानी बेबी वार्मर वितरणका लागि सम्झौता गरेको छ। सम्झौताअनुसार केन्द्रले आइएमई लाइफको आर्थिक सहयोगमा स्वदेशमै न्यानो नानी (बेबी वार्मर) उपकरण निर्माण गर्नेछ। ती उपकरण विभिन्न स्वास्थ्य संस्थामा वितरण गरिने जनाइएको छ। न्यानो नानी समय नपुगी जन्मने वा कम तौल भएर जन्मने नवजात शिशुलाई आवश्यक तापक्रम उपलब्ध गराई तिनको ज्यान जोगाउन प्रयोग गरिने चिकित्सकीय उपकरण हो। यो विशेषगरी दुर्गम तथा स्वास्थ्य सुविधाबाट टाढा रहेका क्षेत्रहरूमा उपयोगी सावित हुने विश्वास लिइएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) पवन खड्काले यस सम्झौताले दुवै संस्थाबिचको दीर्घकालीन साझेदारीको जग बसाल्नुका साथै नवजात शिशु स्वास्थ्य क्षेत्रमा प्रविधिमैत्री समाधान पुऱ्याउने कम्पनीको प्रतिबद्धतालाई थप संस्थागत रूप दिएको बताए।

यस्तै, कम्पनीका उपप्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले यस्ता सामाजिक कार्यले समाजका विभिन्न वर्ग र क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याउनुका साथै जीवन बिमाको महत्त्वबारे सर्वसाधारणमा जनचेतना अभिवृद्धि गराउने बताए।

## माछापुच्छ्रे बैंकको डिसिइओमा पाँडे



**काठमाडौं**/ माछापुच्छ्रे बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ)मा कल्याणविक्रम पाँडे नियुक्त भएका छन्। उनले २९ साउनदेखि नै पदभार ग्रहण गरिसकेका छन्। नवनियुक्त डिसिइओ पाँडेसित बैंकिङ क्षेत्रमा करिब २५ वर्षभन्दा बढीको कार्यानुभव छ। यसअघि उनले ग्लोबल आइएमई बैंक, साबिकको जनता बैंक, लक्ष्मी बैंक तथा कुमारी बैंकलगायतका संस्थामा विभिन्न महत्त्वपूर्ण जिम्मेवारीमा रही काम गरिसकेका छन्।

## मञ्जुश्री फाइनान्स र अल्फा केयरबिच सहकार्य



**काठमाडौं**/ सर्वसाधारणका लागि गुणस्तरीय स्वास्थ्य सेवा थप सहज र पहुँचयोग्य बनाउन मञ्जुश्री फाइनान्स र अल्फा केयर डायग्नोस्टिक सेन्टरले सहकार्य गर्ने भएका छन्। यसलाई कार्यान्वयनमा लैजान दुवै पक्षबिच समझदारी जुटेको छ। स्वास्थ्य सेवा र वित्तीय क्षेत्रका दुई संस्थाबिच भएको यस सहकार्यले सेवाग्राहीलाई आवश्यक स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउनुका साथै स्वास्थ्यसम्बन्धी नयाँ तथा प्रभावकारी योजना अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। आगामी दिनमा संयुक्त पहलमार्फत स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पार्ने कार्यक्रम तथा समाधान अघि बढाउने लक्ष्यसमेत राखिएको बताइएको छ।

## एनसेल र बिवाइडीबिच साझेदारी

**काठमाडौं**/ एनसेलले कनेक्टेड भेइकल सर्भिस उपलब्ध गराउन नेपालका लागि बिवाइडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इन्कसँग साझेदारी गरेको छ। यो साझेदारीसँगै अब नेपालमा बिक्री हुने बिवाइडीका प्रत्येक सवारीसाधनमा एनसेलको इन्टरनेट अफ थिंग्स (आइओटी) सिमजडित हुनेछन्। यसबाट ग्राहकले अझ सहज र डिजिटल्ली कनेक्टेड ड्राइभिङ अनुभव प्राप्त गर्न सक्नेछन्।




यस सहकार्यले नेपालमा आइओटी नवप्रवर्तनको क्षेत्रमा एनसेलको अग्रणी स्थानलाई थप सुदृढ बनाएको कम्पनीको भनाइ छ। आइओटी सिमजडित भएपछि गाडीमा अन्य कुनै उपकरणको प्रयोगविनै इन-भेइकल इन्टरनेट कनेक्टिभिटीको सेवा उपलब्ध हुने बताइएको छ, जसले बिवाइडी एप इकोसिस्टम र कनेक्टेड इन्फोटेनमेन्ट सुविधालाई सपोर्ट गर्छ।

प्रयोगकर्ताले फोन कनेक्ट नगरी वा वाइफाई हटस्पटमा निर्भर नभई सवारीसाधनको सिस्टमबाटै युट्युब, स्पोटिफाई, काराओकेलगायतका अनलाइन सेवा र डिजिटल मनोरञ्जन लिन सक्नेछन्। आइओटी सिममार्फत एनसेलको देशैभर फैलिएको नेटवर्क कभरेजको लाभ ग्राहकले उठाउन सक्नेछन्। ग्राहकले आफ्नो फोनमा एनसेल नेटवर्क चलाउँदाजस्तै प्रयोगकर्ताको अनुभव कभरेज, स्थान र सवारीसाधन कन्फ्युग्रेसनअनुसार फरक हुन सक्ने बताइएको छ।

यो साझेदारीबाट बिवाइडीका नयाँ ग्राहक मात्र नभई विगतदेखि नै बिवाइडी सवारीसाधन भएकाले पनि फाइदा लिन सक्नेछन्। उनीहरूले नेपालभरका १३ स्थानमा रहेका बिवाइडी आधिकारिक सर्भिस सेन्टरमा गएर आफ्नो हालको सवारीसाधनमा एनसेल आइओटी सिम जडान गर्नुपर्नेछ। भिटी प्लान, भ्यालिडिटी र शुल्क विवरण सवारीसाधन वा सेवा प्याकेजमा निर्भर गर्ने बताइएको छ।

## सात संस्थामा महालक्ष्मी विकासका ग्राहकलाई छुट




**काठमाडौं**/ महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकले विभिन्न सातवटा संघ-संस्थामा छुट पाउने भएका छन्। बैंकले स्वास्थ्य, होटेल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी ग्राहकलाई छुट दिलाउन सम्झौता गरेको हो।

सम्झौताअनुसार कुरिनटार, चितवनस्थित मनकामना हिलक्रेस्ट होटेलमा १२.५, ठमेलस्थित छायादेवी कम्प्लेसमा १५ र लाजिम्पाटस्थित एल्लो हात्तीमा १० प्रतिशतसम्म छुट पाउनेछन्। त्यसैगरी, बुद्धनगरस्थित अल्फा केयर डाइग्नोस्टिक सेन्टरमा २०, कलंकीस्थित दृष्टि आई केयरमा २० प्रतिशत तथा दरबारमार्गमा रहेको ओरिएन्ट क्याफेमा र मकवानपुरको हेटौंडामा रहेको होटेल स्मारकमा १५ प्रतिशत छुट दिइने सम्झौता गरिएको छ।

उक्त छुट प्राप्त गर्ने ग्राहकले महालक्ष्मी विकास बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्नुपर्ने बताइएको छ।

## मुक्तिनाथ विकास र वरपिपल रिसोर्टबिच छुट सम्झौता



**काठमाडौं**/ मुक्तिनाथ विकास बैंकका ग्राहकले पोखरास्थित 'वरपिपल रिसोर्ट'मा विशेष छुट प्राप्त गर्ने भएका छन्। ग्राहकलाई छुट दिलाउन बैंक र रिसोर्ट पक्षबिच सम्झौता भएको हो। सम्झौताअनुसार बैंकका ग्राहकले उक्त रिसोर्टमा खान, बस्न तथा स्पा सेवामा १० देखि २० प्रतिशतसम्म विशेष छुट प्राप्त गर्न सक्नेछन्। त्यसैगरी, ६ जनाभन्दा बढीको समूहमा बुकिङ गर्दा एकजनाका लागि बस्ने सुविधासहित ब्रेकफास्ट, लन्च, डिनर निःशुल्क उपलब्ध हुने बताइएको छ। उक्त छुट तथा सुविधा प्राप्त गर्न बैंकका ग्राहकले बैंकको मान्य डेबिट कार्ड-प्रिभिलेज कार्ड पेस गर्नुपर्नेछ वा मुक्तिनाथ विकास बैंकको मोबाइल बैंकिङमार्फत भुक्तानी गर्नुपर्नेछ। बैंकले आधारदरमा शून्य प्रतिशत प्रिमियममा समेत लगानी गर्न सकिने अटोलोन सञ्चालनमा ल्याएको छ।


## हिमालयन बैंक लिमिटेडको ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना !

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र धनि बैंकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

### तपसिल

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| **शाखा कार्यालय: चावहील शाखा, काठमाण्डौ** | |
| १. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. ३१००४९/०७९/०८० कायम भई मिति २०७९/१२/१६ मा दर्ता भएको **बि.एस. मोबाइल हब प्रा.लि. (ऋणी)**<br>संचालक तथा व्यक्तिगत जमानी दिने: **बासु सुवेदी र दिप बहादुर थापा**<br>व्यक्तिगत जमानी दिने: **चन्द्र माया थापा** | १. नर बहादुर थापाको बुहारी मेघनाथ बरालको छोरी खड्ग बहादुर थापाको पत्नी सर्लाही जिल्ला कर्मैया गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित बागमती न.पा. वडा नं. ११) बस्ने **चन्द्र माया थापाको** नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला कर्मैया गा.वि.स. वडा नं. ९/ह (हाल परिवर्तित बागमती न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४३१ को क्षेत्रफल ०-०-१३-० (विघा) आवासीय जग्गा समेत ।<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |
| २. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १६१८१४/०७३/०७४ कायम भई मिति २०७३/१०/२ मा दर्ता भएको **धर्मराज मिडिया ग्रुप प्रा.लि. (ऋणी)**<br>संचालक तथा व्यक्तिगत जमानी दिने: **विवेक कुमार ठाकुर** | यस हिमालयन बैंक लि. धनी र धर्मराज मिडिया ग्रुप प्रा.लि. ऋणी कायम भई दर्ता भएको बागमती प्रदेश-०१-०२५ च २१२४ च्यासीस नं. MAT632108LPPK7234 इन्जीन नं. REVTRN12FPYK56755 को Tata Altroz XM (Model-2021) निजी कार । |
| **शाखा कार्यालय: बाइपास रोड शाखा, वीरगञ्ज, पर्सा** | |
| १. वाणिज्य कार्यालय, वीरगञ्ज पर्सामा प्रा.फ.र.नं. ३३२५४/०७१/७२ कायम भई मिति २०७२/०२/२६ मा दर्ता भएको **न्यू गणपति ट्रेर्डस (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **विन्दालाल सहनी**<br>व्यक्तिगत जमानी दिने: **चन्देश्वर सहनी, हिरामन सहनी मलाह, उमावती देवी मलाइन र सुमिन्त्रा देवी** | १. जगदिश सहनी मलाहको नाति हिरामल सहनी मलाहको छोरा बारा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित फेटा गा.पा. वडा नं.५) बस्ने विन्दालाल सहनीको नाममा दर्ता कायम रहेको:<br>क) बारा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित फेटा गा.पा. वडा नं.५) स्थित कित्ता नं. ७७० र ७७३ को क्षेत्रफल क्रमश: ०-१-८-० र ०-३-०-० (विघा) जग्गा समेत ।<br>ख) बारा जिल्ला रघुनाथपुर गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित फेटा गा.पा. वडा नं.५) स्थित कित्ता नं. ९९८ को क्षेत्रफल ०-०-१९-० (विघा) जग्गा समेत ।<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |
| २. धेनुख साह कानुको नाति तारा चन साह कानुको छोरा बारा जिल्ला फेटा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित फेटा गा.पा. वडा नं.३) बस्ने **सत्रुधन साह कानु (ऋणी)**<br>व्यक्तिगत जमानी दिने:<br>**तारा चन साह कानु, पुजा देवी कनुइन र परभाउती देवी कनुइन** | धेनुख साह कानुको बुहारी जनक साह कानुको छोरी तारा चन साह कानुको पत्नी बारा जिल्ला फेटा गा.वि.स. वडा नं २ (हाल परिवर्तित फेटा गा.पा. वडा नं.३) बस्ने परभाउती देवी कनुइनको नाममा दर्ता कायम रहेको बारा जिल्ला फेटा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित फेटा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८१, ९८२ र १०४७ को क्षेत्रफल क्रमश: ०-२-०-०, ०-४-१५-० र ०-२-६-० (विघा) जग्गा समेत । |
| **शाखा कार्यालय: दुहवी शाखा, सुनसरी** | |
| घरेलु तथा साना उद्योग कार्यालय, इटहरी सुनसरीमा प्रा.फ.र.नं. ८५३८/०७७/०७८ कायम भई मिति २०७७/०६/०७ मा दर्ता भएको **हरि जेनरल स्टोर (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **चन्दन कुमार देव**<br>व्यक्तिगत जमानी दिने: **सरिता देवी देव** | १. दानालाल पोदारको नाति नुनु पौदारको छोरा सुनसरी जिल्ला हरिनगरा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित हरिनगरा न.पा. वडा नं. २) बस्ने **चन्दन कुमार देवको** नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला हरिनगरा गा.वि.स. वडा नं. २ख (हाल परिवर्तित हरिनगरा न.पा. वडा नं. २) स्थित कित्ता नं. ५४२ को क्षेत्रफल ०-०-१९.२५-० (विघा) जग्गा समेत ।<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**



NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०८३/०५/०३)**

यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | तपशिल | बोलपत्र खोलिने मिति |
|---|---|---|
| २०८३/०५/०९ | | २०८३/०५/१० दिउँसो ३ बजे |

| क.सं | ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : आइबोस ग्लोवल लाइफ इन्टरनेशनल प्रा.लि. (बैंक जमानत कर्जा),** दर्ता नं.: २२४६११/०७६/०७७, दर्ता मिति : २०७६/०५/३०, दर्ता कार्यालय : कम्पनी रजिष्टार, ठेगाना : का.म.न.पा. ७, काठमाडौं<br>**ऋण प्रवाह गर्ने शाखा : चावहिल**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सरीता गुनी -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३५३०१/७०७, मिति २०६३/१०/२३ मा जि.प्र.का.चितवनबाट जारी भएको),<br>बाबु : शिव राज गुनी, बाजे : चेतनाथ गुनी<br>**२. हेमन्त बहादुर पाल-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ५५४१, मिति २०४०/११/२४ मा जि.प्र.का.बाराबाट जारी भएको)<br>बाबु : रन बहादुर पाल, बाजे : बहादुर पाल<br>**३. श्री बल्लभ नेपाल-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १४४२३९, मिति २०६२/०३/०५ मा जि.प्र.का.सिन्धुपाल्चोकबाट जारी भएको),<br>बाबु : रुद्र लोचन नेपाल, बाजे : ब्रह्मनाथ नेपाल<br>**४. दिनेश दाहाल-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ११५९/०४४, मिति २०५७/१०/०२ मा जि.प्र.का.चितवनबाट जारी भएको)<br>बाबु : नारायण प्रसाद दाहाल, बाजे : कूल प्रसाद दाहाल<br>**५. गुणराज सापकोटा-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३०१०३८/१७१६९७, मिति २०६५/०५/०३ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको),<br>बाबु : हुमनाथ सापकोटा, बाजे : जगनाथ सापकोटा<br>**६.संगिता गुनी-शेयरधनी/जमानीकता** (ना.प्र.नं.३५१००१/१०२७, मिति २०६९/१२/१२ मा जि.प्र.का.चितवनबाट जारी भएको)<br>बाबु : कृष्ण प्रसाद दंगाल, बाजे : हेम नारायण दंगाल | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : SAIC Motor<br>सवारी मोडेल : MG GS 1.5T 7TST AT 2WD COM<br>निर्माण वर्ष : 2018<br>ईन्जिन नं. : 15E4E2DSH9200594<br>च्यासिस नं. : LSJA24U94JS013157<br>सवारी दर्ता नं. : प्रदेश ३ ०१ ०२३ च ३३३४<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय चावहिल काठमाडौं/सम्बन्धीत यातायात नजिकको शाखा |
| २. | **ऋणी : माता चुनदेवी कन्स्ट्रक्सन प्रा.लि. (विविध कर्जा),** दर्ता नं. : १६५४७५/०७३/०७४, ठेगाना : ललितपुर उ.म.न.पा.२८ ललितपुर,<br>**ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. किरण प्रसाद अधिकारी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ५३२/२०७३७, मिति २०५८/०६/०७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको),<br>बाबु : केशव प्रसाद अधिकारी, बाजे : विष्णु प्रसाद अधिकारी<br>**२. किशोर अधिकारी-जमानीकर्ता** (ना.प्र.नं. ३३५०५ मिति २०६०/०८/०२ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको)<br>बाबु : केशव प्रसाद अधिकारी, बाजे : विष्णु प्रसाद अधिकारी<br>**३. केशव प्रसाद अधिकारी-जमानीकर्ता** (ना.प्र.नं. ११३/४१४३, मिति २०४४/१०/०१ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>बाबु : विष्णु प्रसाद अधिकारी, बाजे : खडानन्द अधिकारी<br>**४. देवकी कुमारी अधिकारी-जमानीकर्ता** (ना.प्र.नं. ६३६/६६१९, मिति २०४४/१०/२२ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको)<br>पति : केशव प्रसाद अधिकारी, ससुरा : विष्णु प्रसाद अधिकारी<br>**५. संचिता लुईटेल-जमानीकर्ता** (ना.प्र.नं. २१८७/२२१२३, मिति २०६३/०८/२० मा जि.प्र.का. बाराबाट जारी भएको)<br>पति : किरण प्रसाद अधिकारी, ससुरा : केशव प्रसाद अधिकारी | १.केशव प्रसाद अधिकारीको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं.४(ट) स्थित कि.नं. २८८(०-०-१२-३ विगाहा), कि.नं. २९२(०-५-०-० विगाहा), कि.नं. २९३(०-३-१६-१ विगाहा), कि.नं. १६६(०-०-२-० विगाहा) तथा ऐ.ऐ. वडा नं. ४(ठ) स्थित कि.नं. ९६१(०-५-०-१ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२.संचिता लुइटेलको नाममा बारा जिल्ला मालपोत कार्यालय सिमारा बारामा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ४१९(०-३-२-० विगाहा) र कि.नं. १५०५(०-१-५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सिन्धुलीमाढी/निजगढ/सम्बन्धीत मालपोत नजिकको शाखा |
| ३. | **ऋणीहरु : क) अर्किडस् मोटोकर्प प्रा.लि.(विविध कर्जा),** दर्ता.न : १६११५०/०७३/०७४, दर्ता मिति : २०७३/०९/१८, दर्ता कार्यालय : कम्पनी रजिष्टार , ठेगाना : का.म.न.पा. ३३, काठमाडौं<br>**ख) अर्किडस् मोटर्स प्रा.लि.(विविध कर्जा),** दर्ता.न : २६०५२९/०७७/०७८, दर्ता मिति : २०७७/१२/१६, दर्ता कार्यालय : कम्पनी रजिष्टार, ठेगाना : का.म.न.पा. ३०, काठमाडौं<br>**ग) अर्किडस् अनलाईन प्रा.लि.(विविध कर्जा),** दर्ता.न : २१८५४३/७५/०७६, दर्ता मिति : २०७६/०३/२२, दर्ता कार्यालय : कम्पनी रजिष्टार, ठेगाना : का.म.न.पा. ३०, काठमाडौं<br>**घ) रितिक अटो विविध कर्जा),** प्रा.फ.र.न : २३९१७/०६२/०६३, दर्ता मिति : २०६२/१०/०६, दर्ता कार्यालय : घरेलु तथा साना उद्योग ठेगाना : मलंगवा ३, सर्लाही<br>**ङ) रितिक इन्टरप्राईजेज प्रा.लि. (विविध कर्जा),** दर्ता.न : ११२०३५/६९/०७०, दर्ता मिति : २०७०/०१/१७, दर्ता कार्यालय : कम्पनी रजिष्टार, ठेगाना : मलंगवा ९, सर्लाही<br>**च) स्नेहा मोटो कर्प प्रा.लि. (विविध कर्जा),** दर्ता.न : १६१४८७/०७३/०७४, दर्ता मिति : २०७३/०९/२४, दर्ता कार्यालय : कम्पनी रजिष्टार, ठेगाना : का.म.न.पा. ३३, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : न्यूरोड**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. मुकेश कुमार साह-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ५९१५२५०४, मिति २०५१/०४/१६ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको),<br>बाबु : रामसागर साह सोनार, बाजे : गोपाल साह सोनार<br>**२. आरती शर्राफ-जमानीकर्ता** (ना.प्र.नं.२४२५/२४३८, मिति २०५६/१०/०२ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>पति : मुकेश कुमार साह, ससुरा : रामसागर साह सोनार | १. आरती सर्राफको नाममा रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ५१७ (०-१-६ विगाहा), कि.नं. ३८७६(०-०-१० विगाहा), कि.नं. २१८८(०-०-३ विगाहा), कि.नं. २२३२(०-१-१० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. मुकेश कुमार साहको रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ५५३१ (०-०-१२.७५ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. मुकेश कुमार साहको नाममा सर्लाही जिल्ला मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, मलंगवा गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १८७३(०-२-१७-० विगाहा), कि.नं. ३०६(०-१-१८-० विगाहा), कि.नं.२०९०(०-१-०-० विगाहा), कि.नं.२०९१(०-१-९-० विगाहा), कि.नं. २० ९३(०-२-०-० विगाहा) तथा ऐ.ऐ. मलंगवा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ६०७(०-२-५-० विगाहा), कि.नं. १८१(०-१-७-० विगाहा), कि.नं. ६०५ (०-२-०-० विगाहा), कि.नं. १६६(०-२-०-० विगाहा), कि.नं. ६०६ (०-२-४-० विगाहा), कि.नं.१६५(०-१-०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>४. अर्किड्स ग्रुप प्रा.लि.को नाममा काभ्रेपलाञ्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, खोपासी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ३०१(६-१-१-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>५. आरती शर्राफको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ९९(२९.३० व.मि.), कि.नं. १००(२७.३० व.मि.), कि.नं. ७५३(२२.०० व.मि.), कि.नं. ७५६(२३.८५ व.मि.), कि.नं. ७५८(२.०० व.मि.), कि.नं. ७६०(३१.८० व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय चन्द्रपुर, रौतहट/न्यूरोड, काठमाडौं/हरिवन, सर्लाही/चावहिल, काठमाडौं/बनेपा काभ्रेपलाञ्चोक/सम्बन्धीत मालपोत नजिकको शाखा |

### धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

**नोट :**

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। सो सूचना प्राप्त भएपश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी बापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकममध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूजींगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।

घ) कुनै अड्डा, अदालत वा संबैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बुधबार ३ भदौ ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# स्वर्ण पदकको लक्ष्यसहित एसियाडको तयारीमा कराँते



सन् २०२३ मा चीनको हाङझाउमा रजत जितेको कराँते टोलीले २०औँ संस्करणमा एक कदम अगाडि बढ्दै स्वर्ण पदकका लागि दाबेदारी गर्ने

जापानमा हुने २०औँ संस्करणको एसियाडका लागि तयारीमा रहेको नेपाली कराँते टिम । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

चीनको हाङझाउ एसियन खेलकुद (एसियाड) प्रतियोगितामा कराँतेले नेपाललाई ऐतिहासिक रजतपदक दिलाएको थियो। दोस्रो अन्तर्राष्ट्रिय प्रतियोगितामै एरिकाले नेपाललाई रजत दिलाएकी थिइन् । एसियाडको इतिहासमा नेपालले २६ वर्षपछि दोस्रोपटक व्यक्तिगत विधामा रजत जितेको थियो । सन् १९९८ मा बैंकक एसियाडमा तेक्वान्दोकी सविता राजभण्डारीले रजत हात पारेकी थिइन् । त्यसपछि एरिकाले राजभण्डारीकै रेकर्ड बराबरी गर्न सफल भइन् ।

तीन वर्षपछि नेपालको कराँते टोलीको लक्ष्य फरक छ । कम्तीमा एक कदमअगाडि जानुपर्छ भन्ने विश्वासका साथ खेलाडीहरू प्रशिक्षण गरिरहेका छन् । प्रशिक्षक कुशल श्रेष्ठ पनि जापानको आइची र नागोयामा हुने २०औँ संस्करणको एसियाडमा नेपाल स्वर्णपदकका साथ फर्किने विश्वास गर्छन् । 'हाम्रो लक्ष्य यसपटक फरक छ । गत संस्करणभन्दा भिन्नै छ । हामी कम्तीमा हाङझाउ एसियाडको तुलनामा एक स्थानमाथि रहँदै पदक भित्र्याउने योजनामा छौँ,' घुमाउरो रूपमा श्रेष्ठले भने, 'यो भनेको नेपालले रजत नभएर स्वर्णपदकका लागि जापानमा दाबेदारी दिनेछ ।'

उनको यस महत्त्वाकांक्षी सपनामा सबैभन्दा ठुलो आशा नै एरिका हुन् । तीन वर्षअघिकी एरिका र वर्तमान एरिकाबिच धेरै परिवर्तन भएको श्रेष्ठ मान्छन् । उनी भन्छन्, 'हाङझाउ एसियाड एरिकाको केवल दोस्रो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो । त्यसैमा उसले नेपाललाई रजत दिलाइन् । यसबिचमा एरिकाले धेरै अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा भाग मात्र लिइनन्, नेपाललाई ऐतिहासिक पदक पनि दिलाइन् ।'

विश्व च्याम्पियनसिपमा समेत ऐतिहासिक पदक जितेकी एरिकाले २०औँ एसियाडमा इतिहास रच्ने प्रशिक्षक श्रेष्ठको भनाइ छ । 'हामीहरूले स्वर्ण पदकको आशा गरेका खेलाडीमध्ये एरिका अगाडि पर्छिन् । थुप्रै अन्तर्राष्ट्रिय खेलको अनुभवका कारण पनि यस्तो आशा गरिएको हो,' श्रेष्ठले भने, 'यद्यपि, अन्य खेलाडीबाट पनि पदकको आशा छ । यसमध्ये सानुमाया थिङबाट पनि पदक जित्ने सम्भावना औधि छ ।' विश्व कराँते च्याम्पियनसिपको पछिल्लो संस्करणमा सुनमायाले छनोट चरण पार गरी स्थान बनाएकी थिइन् । एरिकाकै हाराहारीमै सुनमायाले पनि अन्तर्राष्ट्रिय एक्सपोजर पाएकी छिन् ।

### लगातार प्रशिक्षणमा खेलाडी

● **कुशल श्रेष्ठ,** प्रशिक्षक, कराँते

हामी लगातार तीन वर्षदेखि प्रशिक्षणमा छौँ । यस किसिमको प्रशिक्षणले खेलाडीहरूको क्षमता निकै वृद्धि भएको छ । खेलाडीहरूले बिहान आठ बजेदेखि साढे १० बजेसम्म प्रशिक्षण गरिरहेका छन् । त्यसपछि दिउँसो ३:३० देखि साँझ ६ बजेसम्म फेरि अभ्यासमै व्यस्त हुन्छन् । यस किसिमको प्रशिक्षणका आधारमै नेपालले यसपटक कराँतेमा स्वर्णका लागि दावेदारी दिने छ । इजिप्टमा थप वैदेसिक प्रशिक्षण गर्न अवसर पाउँदा थप राम्रो हुने छ ।

### हाङझाउपछि नियमित प्रशिक्षण

तत्कालीन राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले हाङझाउ एसियाडपछि मिसन २०२६ घोषणा गरेका थिए । घिसिङको मिसनअनुसार २०औँ एसियाडमा नेपालले दोहोरो अंकमा पदक जित्ने लक्ष्य हो । यसै योजना साकार पार्न घिसिङले पदकका सम्भावना बोकेका खेलका खेलाडीलाई राष्ट्रिय टिम तयारीमा समावेश गर्दै प्रशिक्षण सुरु गरेका थिए । यसैअन्तर्गत कराँते शीर्ष स्थानमा रह्यो । कराँतेले लगातार तीन वर्षदेखि नियमित प्रशिक्षण गरिरहेको छ । केही विशेष परिस्थितिबाहेक कराँतेको प्रशिक्षण एक दिन पनि नरोकिएको प्रशिक्षक श्रेष्ठले बताए ।

'हामी लगातार तीन वर्षदेखि प्रशिक्षणमा छौँ । यस किसिमको प्रशिक्षणले खेलाडीहरूको क्षमता निकै वृद्धि भएको छ,' उनले भने, 'खेलाडीहरूले बिहान आठ बजेदेखि साढे १० बजेसम्म प्रशिक्षण गर्छन् । त्यसपछि दिउँसो ३:३० देखि साँझ ६ बजेसम्म प्रशिक्षणमा व्यस्त हुन्छन् ।' यसै प्रशिक्षणका आधारमै नेपालले यसपटक कराँतेमा स्वर्णका लागि भिड्ने श्रेष्ठले बताए । 'अवश्य पनि हाम्रो फाइट स्वर्णका लागि हो ।'

योपटक श्रेष्ठलाई सहयोगकीका रूपमा कातामा मन्डेकाजी श्रेष्ठले साथ दिइरहेका छन् । उनी काताका मुख्य प्रशिक्षकका रूपमा रहेका छन् । १३औँ दक्षिण एसियाली खेलकुदमा कराँतेमा दोहोरो स्वर्ण जितेका मन्डेकाजीले लामो समयको निरन्तर अभ्यास र प्राविधिक निपुणताले गर्दा यसपटक नेपालले ऐतिहासिक जित निकाल्ने बताए । कराँतेबाट सात स्पर्धामा आठ खेलाडीहरूले प्रतिस्पर्धा गर्ने छन् । कुमुते (फाइट)तर्फ पुरुषमा ५० केजीमुनि राकेश मानन्धर, ५५ केजीमुनि मीनबहादुर तामाङ र ८४ केजीमाथि तेन्जिङ शेर्पा भिड्नेछन् । महिलातर्फ ६८ केजीमुनि निरूपा दोङ तामाङ र ६८ केजीमाथि एरिकाले आफ्नो चुनौती प्रस्तुत गर्नेछन् । कातातर्फ सानुमाया थिङले व्यक्तिगत र टिम दुवै विधामा भाग लिनेछिन् । एलिसा रासकोटी मगर र मेघा लिम्बूले टिम कातामा आफ्नो कौशल देखाउनेछन् । एसियाडमा नेपालले पहिलोपटक महिला टिम कातामा सहभागिता जनाउन लागेको हो ।

### इजिप्टमा वैदेशिक प्रशिक्षण सम्भावना

नेपाली कराँते टोलीले जापान प्रस्थान गर्नुअघि इजिप्टमा वैदेशिक प्रशिक्षण गर्ने सम्भावना रहेको छ । इजिप्टमा पछिल्लो समयमा विश्व च्याम्पियन खेलाडी भएकाले उनीहरूसँग अभ्यास गर्न पाउँदा नेपाली खेलाडीहरूले थप एक्सपोजर पाउने प्रशिक्षक कुशलले बताए । 'एसियाड सुरु हुनुअगाडि हामी इजिप्ट जान सक्छौँ । त्यहाँ पछिल्लो समयमा विश्वस्तरीय खेलाडी छन् । उनीहरूसँगको प्रतिस्पर्धा महत्त्वपूर्ण हुन सक्छ,' उनले भने । यदि इजिप्ट जान सकिएन भने नेपाली टोली २०औँ एसियाड सुरु हुनु १० वा १५ दिनअघि जापान जानेछन् । 'वैदेशिक प्रशिक्षण सम्भवतः भएन भने हामी कम्तीमा १५ दिनअघि जापान गएर प्रशिक्षण गर्छौं,' कुशलले भने ।

### एसियाडमा ३१ वर्षको यात्रा

सन् १९९४ मा जापानको हिरोसिमामा नेपालले पहिलोपटक एसियाडमा कराँतेमा प्रतिस्पर्धा गरेको थियो । अहिलेसम्म नेपाली कराँतेको ३१ वर्षे यात्रा भएको देखिन्छ । सीताकुमारी राईले नेपाललाई कराँतेमा पहिलो कांस्य दिलाइन् । सन् १९९८ मा सम्बरबहादुर गोलेले कांस्य जिते । त्यसपछि नेपालले कराँतेमा कांस्य जित्न १६ वर्ष लगायो । सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको एसियाडमा विमला तामाङले अन्तिम समयमा नेपाललाई पदकविहीन जोगाउँदै कांस्य जितेकी थिइन् । त्यसपछि सन् २०२३ को हाङझाउमा एरिकाले ऐतिहासिक रजत पदक जितिन् ।

# अख्तरको कम्पनीलाई इटालीमा हुने टी-१० फ्रेन्चाइज आयोजनाको अधिकार



नेपालका पूर्वक्रिकेट आमिर अख्तरआबद्ध एपेक्सले इटालीका ६ सहरमा आयोजना हुने टी-१० लिगको सबै व्यवस्थापकको जिम्मेवारी सम्हाल्ने

**नयाँ पत्रिका**

नेपालका पूर्वक्रिकेटर आमिर अख्तरको कम्पनी एपेक्स टी-१० ले इटालीमा हुने इटालियन टी-१० फ्रेन्चाइज लिगको आयोजना अधिकार पाएको छ । इटालियन क्रिकेटको इतिहासमै पहिलोपटक सहरमा केन्द्रित टी-१० फ्रेन्चाइज क्रिकेट लिग हुनलागेको हो । इटालिया टी-१० मा एपेक्स टी-१० मुख्य लगानीकर्ता र प्रवर्द्धकको रूपमा रहेको जनाइएको छ । बेलायतमा एपेक्सको मुख्य कार्यालय रहेको छ । अख्तरले यसअघि नेपालमा एभरेस्ट प्रिमियर लिग (इपिएल) सञ्चालन गरेका थिए ।

अख्तर अध्यक्ष रहेको एपेक्स टी-१० को सिइओमा नाद साहिद रहेका छन् । एपेक्सले इटालीमा आयोजना हुने फ्रेन्चाइज लिगको मुख्य व्यवस्थापकीय र लगानीकर्ताको भूमिकामा रहनेछ । यस सम्बन्धमा इटाली क्रिकेट महासंघसँगको रणनीतिक सहकार्यमा ऐतिहासिक सम्झौता भएको छ । इटालिया टी-१० क्रिकेटको सबैभन्दा छिटो र रोमाञ्चक मानिने १० ओभरको फर्म्याटमा खेलिनेछ । यस लिगमा इटालीका ६ वटा प्रतिष्ठित सहरहरूका टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

सहभागी हुने सहर रोम, मिलान, फ्लोरेन्स, नेपल्स, भेनिस र बोलोग्ना रहेका छन् । प्रतियोतिगा आगामी ३० अक्टोबरदेखि ७ नोभेम्बरसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । यस लिगका लागि ३० राष्ट्रका ब्रोडकास्ट कम्पनीहरूले इच्छुक देखाएको आयोजकले जनाएको छ । प्रतियोगिताको आधिकारिक मिति सार्वजनिक भएको छैन । एपेक्सका अनुसार मिति घोषणाको कार्य तीव्र पारिएको छ । यो लिगले इटालीको कला, संस्कृति र क्रिकेटको रोमाञ्चकलाई एकैठाउँमा जोड्ने विश्वास गरिएको छ ।

आइसिसीबाट मान्यताप्राप्त अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले टी-२० लिगलाई मान्यता प्रदान दिएको छ । यससँगै यो प्रतियोगिता आइसिसीको आधिकारिक प्रतियोगिताका रूपमा रहनेछ । एक शताब्दीपछि ओलम्पिक खेलकुद प्रतियोगितामा क्रिकेट खेल समावेश भएको सन्दर्भमा इटालीले पनि आफ्ना क्रिकेटरलाई छोटो फर्म्याटमा अभ्यस्त बनाउन टी-२० आयोजना गर्न लागेको जनाइएको छ । 'सन् २०२८ को लस एन्जलस ओलम्पिक खेलकुद प्रतियोगितामा टी-२० फर्म्याट ढाँचाअनुसार क्रिकेट खेल हुनेछ ।

ओलम्पिकमा क्रिकेट फर्कनु आफैँमा गौरव हो,' इटालियन क्रिकेट महासंघले जनाएको छ, 'टी-१० फर्म्याटमा खेलाडीहरू आक्रामक रूपमा खेल्नेछन् । जसले आगामी दिनमा इटालीको क्रिकेट विकासमा सहयोग पुग्ने विश्वास छ ।' इटालिया टी-१० फ्रेन्चाइज लिगलाई बेलायतको पनि सहयोग रहनेछ । दुई राष्ट्रबिचको सहकार्यमा इटालीमा एक नयाँ अध्याय थपिने जनाइएको छ । 'इटालियन तथा बेलायतको क्रिकेटबिच सहकार्य भएको छ, यसले दुई देशबिचको सम्बन्ध सुधार हुनुका साथै क्रिकेट विकासमा समेत टेवा पुग्ने अपेक्षा छ,' महासंघले भनेको छ, 'हामीलाई आशा छ । यो लिगले इटालीको क्रिकेट संस्कृति विकास हुनेछ ।'

### खेलाडीले फरक अनुभव पाउने

एपेक्सका सिइओ नदिम इटाली टी-१० का प्रमुख कार्यकारी अफिसरसमेत हुन् । उनकै परिकल्पनामा यो लिग सुरु हुनलागेको हो । नदिमसँग २० वर्ष पहिलो श्रेणी क्रिकेट खेलेको अनुभव छ । उनले करिअरमा इसेक्स तथा सुरेयध क्लबबाट प्रतिस्पर्धा गरेका थिए । करिअरमा एकपटक उनले इंग्ल्यान्डको 'ए' टोलीबाट खेल्ने अवसर पाए । इटालीको क्रिकेट विकासमा लामो समयदेखि काम गर्दै आइरहेका नदिमले टी-२० लिगमा आबद्ध हुने खेलाडीहरूले फरक अनुभव प्राप्त गर्ने बताए । 'मलाई आशा छ यस लिगमा प्रतिस्पर्धा गर्न आउने खेलाडीहरूले अन्य फ्रेन्चाइज लिगको तुलनामा फरक अनुभूति गर्न पाउनेछन्,' उनले भने । यसैगरी, अख्तरले आफ्नो करिअरमा अनुभव टी-१० बाँड्ने जनाए । 'इटालीको क्रिकेट विकासमा सहयोग पुऱ्याउने लक्ष्य राखेको छु,' अख्तरले भने ।

## खेल | संक्षेप

### विश्व सिरिजमा दावाले भाग लिने



**काठमाडौं**/ नेपाली अल्ट्रा र ट्रेल रनर दावा तामाङले फ्रान्समा हुने युएमटिबी विश्व सिरिज (फाइनल)मा प्रतिस्पर्धा गर्ने भएका छन् । आगामी २८ अगस्टमा हुने सिरिजको सय किलोमिटर दूरीमा प्रतिस्पर्धा गर्न दावा मंगलबार नै फ्रान्स प्रस्थान गरेका छन् । गत वर्ष अस्ट्रेलियामा भएको कोस्की १०० अल्ट्रा/ट्रेल कोसियुस्को (युटिएमबी)मा गरेको प्रदर्शनका आधारमा दावा फ्रान्सको सिरिजका लागि छनोट भएका हुन् । अस्ट्रेलियामा भएको दौडको सय किलोमिटर दूरी दावाले १४ घण्टा ९ मिनेट २९ सेकेन्डमा पूरा गरेका थिए । एक्सटेप नेपालका निर्देशक गणेशमान श्रेष्ठले जावलाखेलस्थित एक्सटेपको आउटलेटमा दावालाई मंगलबारै बिदाइ गरे । दावाले आफ्नो उत्कृष्ट समयमा सुधार गर्ने लक्ष्य रहेको बताए ।

### एनएसएसएफ र कराँतेबिच सम्झौता

**काठमाडौं**/ नेपाल विद्यालय खेलकुदमा महासंघ (एनएसएसएफ) र नेपाल कराँते महासंघबिच सम्झौता भएको छ । कराँते महासंघका अध्यक्ष युवराज लामा र एनएसएसएफका अध्यक्ष विनोद श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरे । यस सहकार्यले विद्यालयस्तरमा कराँतेको प्रवर्द्धन, विकास र विस्तार गर्दै एनएसएसएफ तथा अन्तर्राष्ट्रिय स्कुल स्पोर्टस् फेडेरेसन (आइएसएफ)का प्रतियोगितामा यसको सहभागितालाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको एनएसएसएफका महासचिव राजकुमार कार्कीले जनाएका छन् । विद्यालय खेलाडीहरूका लागि ग्रासरुट विकास, नियमित प्रतियोगिता, प्रतिभा पहिचान, समान अवसर र अन्तर्राष्ट्रिय अनुभवमार्फत अनुशासित, आत्मविश्वासी र भविष्यका च्याम्पियन खेलाडी उत्पादनमा जोड दिइने महासचिव कार्कीले बताए ।

### पिएसए स्याटेलाइट स्क्वास हुने

**काठमाडौं**/ नेपाल स्क्वास ऱ्याकेट्स संघको आयोजनामा पिएसए नेपाल स्याटेलाइट स्क्वास प्रतियोगिता ६ भदौदेखि हुने भएको छ । नेपालमा पहिलोपटक हुनलागेको वरीयता प्रतियोगिता चार दिनसम्म ललितपुरको सातदोबाटोमा हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष ध्रुवबहादुर गुरुङले जानकारी दिए । प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, श्रीलंका, मलेसिया र बेलायतबाट १६ पुरुष खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । नेपालबाट अरहान्तकेशर सिंह, दीपक थापा, पासाङ ब्लोन, सरोज तामाङ, राकेश परियार र नयनबहादुर मगरले चुनौती पेस गर्नेछन् । प्रतियोगिताको कुल पुरस्कार राशि एक हजार अमेरिकी डलर रहेको छ । विजेताले चार सय, उपविजेताले दुई सय तथा सेमिफाइनलमा पुग्ने दुई खेलाडीले जनही सय अमेरिकी डलर प्राप्त गर्ने प्रतियोगिताका निर्देशक रूपकदास ताम्राकारले बताए ।

### एसियाड खेलाडीलाई प्रोत्साहन

**काठमाडौं**/ जापानमा हुने २०औँ एसियाली खेलकुदको बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न संस्थाले गिफ्ट ह्याम्पर प्रदान गरेका छन् । डिडिसीले उत्पादित सामग्रीको प्याकेज र ट्राभलिङ टिसर्ट तथा एक्सटेप नेपाल, ब्रान्ड हाउस, कल मोबिलिटी, अल्भिन मोबाइल सेन्टर, ग्याग नेपाल र रकले गिफ्ट ह्याम्पर प्रदान गरे । कलाकार निश्चल बस्नेत र सन्दीप क्षेत्री पनि खेलाडी बसेको होटेल रोयल बुटिकमै पुगी उनीहरूको हौसला बढाएका थिए ।

# इटाली र युगान्डा प्लेअफमा



**एजेन्सी**/ आइसिसी च्यालेन्ज लिग 'बी'बाट इटाली र युगान्डा शीर्ष दुईमा रहँदै प्लेअफमा स्थान बनाएका छन् । तान्जेनियामा चलिरहेको च्यालेन्ज लिग 'बी'को अन्तिम संस्करणमा इटालीले सोमबार हङकङलाई ६ विकेटले हराउँदै प्लेअफमा स्थान पक्का गरेको हो । इटालीले १४ खेलमा ११ जित र एक हार सामना गरी २४ अंक बटुल्यो । दोस्रो स्थानमा रहेको युगान्डा १४ खेलमा १० जित र दुई हारसहित २२ अंकका साथ दोस्रो स्थानमा रहँदै प्लेअफमा स्थान पक्का गऱ्यो । २० अंकका साथ तेस्रो स्थानमा रहेको हङकङ प्लेअफ दौडबाट बाहिरियो ।

# अभ्यास खेलमा नेपाल ११६ रनले विजयी

**नयाँ पत्रिका**

मलेसियामा हुने एसिसी प्रिमियर कपको तयारीमा रहेको नेपाली टोलीले भारतमा कर्नाटकलाई पहिलो अभ्यास खेल ११६ रनले हराएको छ । अभ्यास खेलको मंगलबार नेपालले पहिले ब्याटिङ गर्दै ४५ ओभरमा सबै विकेट गुमाएर १८८ रनको मध्यम योगफल खडा गरेको थियो । प्रत्युत्तरमा घरेलु टोली कर्नाटक २८ ओभरमा केवल ७२ रनमै समेटियो । नेपालको जितमा करण केसी, ललित राजवंशी, शेर मल्ल र बसिर अहमदले समान दुई विकेट लिएका थिए ।

कर्नाटकका लागि शरथ श्रीनिवासले सर्वाधिक ३२ रन बनाए । उनले ६५ बलमा तीन चौका प्रहार गरे । रेवन्थ बैरीले १० रन र सन्तोष सिंहले नौ रन जोडे । नेपालका बलरले उत्कृष्ट प्रदर्शन गरेका थिए । करणले पाँच ओभरमा नौ रन खर्चेर दुई विकेट लिए । नेपालका लागि थप एक विकेट कप्तान सन्दीप लामिछानेले लिएका हुन् ।

नेपालको पहिलो ब्याटिङमा आसिफ सेखले सर्वाधिक ४९ रन बनाए । उनले ७० बलमा दुई चौका र एक छक्का प्रहार गरे । ओपनर देव खनालले ४३ बलमा पाँच चौकाको सहयोगमा २७ रन जोडे । ईशान पाण्डेले ४९ बलमा तीन चौकासहित ३४ रनको योगदान दिए । यसैगरी, सन्दीप जोराले २७ रन र बसिर अहमदले १९ रन बनाए । पूर्वकप्तान रोहित पौडेल भने आठ बलमा चार रन र कप्तान सन्दीपले सा बलमा दुई रन बनाए । यसअघि नेपालको सुरु फितलो भएको थियो । अर्जुन कुमाल डकआउट भए । कर्नाटकका लागि कीर्ति एमले आठ ओभरमा २० रन खर्चेर पाँच विकेट लिए ।

# इन्फान्टिनोको आलोचना गर्दा सिइओ बर्खास्त

एजेन्सी

फिफा अध्यक्ष जियानी इन्फान्टिनोको विवादास्पद निजी कम्पनीलाई विश्वकपको सेयर प्रदान गर्ने योजनाविरुद्ध आलोचना गरेका फिफाकै सिइओ केभिन लामौर बर्खास्तीमा परेका छन् । तीन साताअघि इन्फान्टिनोले विश्वकप फुटबल प्रतियोगिताको २१ प्रतिशत सेयर निजी कम्पनीलाई दिने घोषणा गरेका थिए । युइएफएमा लामो समय काम गरेर दुई वर्षअघि मात्र फिफामा आएका केभिनले इन्फान्टिनोको योजनाप्रति कडा आपत्ति जनाएका थिए ।

उनले अध्यक्ष इन्फान्टिनोले आफूलाई फिफाको मालिक ठान्ने गरेको भन्दै आलोचना गरेका थिए । विश्व फुटबलकै सर्वोच्च निकाय फिफाले मंगलबार केभिनलाई बर्खास्ती गरेको जनाएको छ ।

फिफाका महासचिव म्याथियास ग्राफस्ट्रोमले कर्मचारीलाई इमेल पठाउँदै केभिनले संस्था छाडेको जानकारी दिए । फिफाले सिइओको दुई वर्ष कार्यकालका लागि धन्यवाद दिँदै केभिनको भविष्यका लागि शुभकामना दिएको छ ।

यद्यपि, उनलाई हटाउनुको कारणबारे फिफाले थप केही बोलेको छैन । फिफाका महासचिव माटियास ग्राफस्ट्रोमले कर्मचारी तथा फिफा काउन्सिलका सदस्यलाई पठाएको सन्देशमा संस्था र केभिनले आपसी सहमतिमा अलग हुने निर्णय गरेको उल्लेख गरेका छन् । तीन साताअघि केभिनले एक व्यक्तिको परियोजनाले फिफाको प्रशासन र आर्थिक पक्ष ध्वस्त हुन सक्ने बताएका थिए । एफएफईमार्फत विश्वकपसहित फिफाका सबै प्रतियोगिताको व्यावसायिक तथा टिकट बिक्री अधिकार व्यवस्थापन गर्ने र कम्पनीको २१ प्रतिशत हिस्सा निजी लगानीकर्तालाई बिक्री गर्ने योजना अघि सारिएको थियो ।

युरोपेली फुटबल महासंघ (युइएफए), उत्तर तथा मध्य अमेरिकी फुटबल महासंघ (कनकाकाफ) र एसियाली फुटबल महासंघ (एएफसी)ले इन्फान्टिनोको योजनाको चर्को विरोध गरेका थिए । त्यसपछि इन्फान्टिनोले आफ्नो योजना तत्काल स्थगित गरे । यद्यपि, इन्फान्टिनोलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समर्थन गर्दै आइरहेका छन् । ट्रम्पले इन्फान्टिनोलाई फिफाका कुशल अध्यक्षका रूपमा बयान गरेका छन् । 'फिफा अध्यक्षको योजनाले विश्व फुटबल अहिलेको भन्दा माथि उठनेछ,' ट्रम्पले भनेका थिए, 'उनीविना फिफा अगाडि बढ्न गाह्रो छ ।'

युइएफएमा लामो समय काम गरेर दुई वर्षअघि सिइओ बनेका केभिनले अध्यक्ष इन्फान्टिनोले आफूलाई फिफाको मालिक ठान्ने गरेको भन्दै आलोचना गरेका थिए



### इन्फान्टिनो एक्लै हिँडिरहेको आरोप

बर्खास्तमा परेका सिइओ केभिनले वर्तमान समयमा आफ्नै अध्यक्ष इन्फान्टिनो एक्लै हिँडिरहेको आरोप लगाएका छन् । फुटबल विकासभन्दा पनि व्यक्तिगत स्वार्थको पछाडि इन्फान्टिनो लागेको केभिनको भनाइ छ । 'फिफाको प्रशासनमा कार्यरत सयौँ कर्मचारी फुटबलको सेवामा समर्पित छन् ।

अध्यक्षले सबैलाई एकताबद्ध गर्नुपर्नेमा अहिले त्यसको ठिक विपरीत अवस्था देखिएको छ,' केभिनले भने, 'सहकर्मीप्रतिको सम्मान हुनुपर्छ, तर यसका विपरीत काम भइरहेको छ ।' केभिनले फुटबल हितविपरीत हुने कार्यमा आफू संलग्न नहुने प्रस्ट पारेका छन् । 'हामी सबै विश्व फुटबलको विकासमा लागेका छौँ । यसको विपरीत जाने व्यक्तिविरुद्ध आवाज उठाउँछौँ । यसले मेरो जागिर गए पनि त्यसलाई स्वीकार गरिनेछ ।'

### निर्वाचनको दबाब झेल्दै अध्यक्ष

आगामी मार्चमा फिफाको निर्वाचन हुँदै छ । त्यसमा इन्फान्टिनो पुनः एकपटक अध्यक्षमा उठ्ने योजना बनाएका छन् । अघिल्लो निर्वाचनमा उनलाई युरोप तथा उत्तर अमेरिकाले साथ दिएका थिए । यसपटक उनीहरूले इन्फान्टिनोलाई साथ नदिने घोषणा गरेका छन् । युइएफए र कनकाकाफले आगामी मार्चमा हुने फिफा अध्यक्षको निर्वाचनमा इन्फान्टिनोलाई दिँदै आएको समर्थनसमेत फिर्ता लिएका छन् ।

इन्फान्टिनो चौथोपटक फिफा अध्यक्ष बन्ने तयारीमा छन् । उनलाई अफ्रिका, दक्षिण अमेरिका र ओसियानाका फुटबल महासंघले उनको उम्मेदवारीलाई समर्थन गरेका छन् । मेक्सिकोसहित कनकाकाफका केही सदस्य राष्ट्रले भने आफ्नै महासंघको निर्णयविपरीत इन्फान्टिनोलाई समर्थन गरेका छन् । बेलायतका फुटबल संघहरू पनि इन्फान्टिनोको समर्थनबाट पछि हटेका छन् । इंग्ल्यान्ड, वेल्स, उत्तरी आयरल्यान्ड र आयरल्यान्डले पनि समर्थन फिर्ता लिइसकेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com